# साहित्यकार शारदा दुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यांश परिपूर्तिका लागि
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
पार्वती सापकोटा

क्याम्पस क्र.सं. : १९/०६३
त्रि.वि.दर्ता नं. ६-१-१९-२९५-९९

नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६७

# साहित्यकार शारदा दुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यांश परिपूर्तिका लागि
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधनिर्देशक**
दीननाथ शर्मा पण्डित
उपप्राध्यापक


**शोधार्थी**
पार्वती सापकोटा

क्याम्पस क्र.सं. : १९/०६३
त्रि.वि.दर्ता नं. ६-१-१९-२९५-९९

नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

२०६७

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग
भरतपुर, चितवन

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभाग, भरतपुर, चितवनकी छात्रा पार्वती सापकोटाले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको **साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कनसमिति

| नाम | हस्ताक्षर |
|---|---|
| डा. नारायणप्रसाद खनाल<br>प्राध्यापक एवम् विभागीय प्रमुख | ________________ |
| दीननाथ शर्मा पण्डित<br>उपप्राध्यापक एवम् शोधनिर्देशक | ________________ |
| भागवतशरण न्यौपाने<br>सहप्राध्यापक एवम् बाह्यविशेषज्ञ | ________________ |

मिति : २०६७/   /

# शोधनिर्देशकको मन्तव्य

नेपाली विभाग स्नातकोत्तर (एम.ए.) तह दोस्रो वर्षकी छात्रा सुश्री पार्वती सापकोटाले **'साहित्यकार शारदा ढुङ्गानाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन'** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । म उहाँको यस शोधकार्यसँग पूर्णतया सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कन लागि सिफारिस गर्दछु ।

मिति : २०६७/१/२०

(दीननाथ शर्मा पण्डित)
उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत **साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मैले परमादरणीय गुरु उपप्राध्यापक दीननाथ शर्मा पण्डितज्यूको निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अति नै व्यस्तताको समयमा पनि आफ्ना व्यस्ततालाई समायोजन गर्दै उचित समय र सुझाव प्रदान गर्नु भएकोमा उहाँप्रति कृतज्ञताज्ञापन गर्न चाहन्छु । समय अमूल्य छ भन्दै समयमै शोधपत्र तयार गर्न स्नेहयुक्त निर्देशन गर्नुभएकोमा निर्देशकज्यूप्रति फेरि पनि अत्यन्त कृतज्ञ छु । यस शोधप्रस्ताव स्वीकृत गरी शोधपत्र लेख्ने सु-अवसर प्रदान गर्नुभएकोमा विभागीय प्रमुख प्रा.डा.नारायणप्रसाद खनालप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस शोधपत्र तयार गर्ने क्रममा आवश्यक सरसल्लाह र उचित मार्गनिर्देश गर्नुहुने गुरु उपप्राध्यापक धनेश्वर भट्टराईज्यूप्रति आभार प्रकट गर्न चाहन्छु । शोधपत्र तयार गर्नेक्रममा आवश्यक सरसल्लाह सुझाव दिनुहुने नेपाली विभागका सम्पूर्ण आदरणीय गुरुजनप्रति म कृतज्ञ छु ।

शोधपत्र तयारीकै सिलसिलामा विभिन्न पुस्तकहरू एवम् शोधपत्रहरू उपलब्ध गराई सहयोग गर्ने वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनका पुस्तकालयका कर्मचारीप्रति आभार प्रकट गर्दछु । त्यस्तै वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनको पुस्तकालय एवम् प्रशासनका कर्मचारी क्रमश: विजयराज पण्डित एवम् शिव पोखरेलप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

अत्यन्त हार्दिकताकासाथ साहित्यकार शारदा ढुङ्गानाका बारे जानकारी तथा आवश्यक सामग्रीहरू समयमै उपलब्ध गराइदिएर सहयोग गर्नुहुने साहित्यकार रामहरि अधिकारी र लीला अधिकारीप्रति म कृतज्ञ छु । साथै झर्को नमानी साहित्यकार शारदा ढुङ्गानाका बारे बताइदिनुहुने उहाँको परिवारप्रति र अन्य साहित्यकार, समालोचकहरूप्रति म आभारी छु ।

आजसम्म मेरो अध्ययन अनुसन्धानका लागि अनुकूल वातावरण सिर्जना गरी उचित समायोजन गर्नुहुने मेरा मातापिता पूर्णकली-नरहरि सापकोटा, हजुरआमा हरिकला सापकोटा, दाइभाउजु नन्दलाल-देवी सापकोटाप्रति म धन्यवाद दिन चाहन्छु । शोधपत्रकै तयारीमा मलाई सहयोग गर्ने मेरा दिदीहरू लक्ष्मी कँडेल, सीता कँडेल, कमला अर्याल एवम् बहिनी विष्णुमाया

सापकोटा र भाइहरू गोपाल, केशव, मिलन सापकोटालाई पनि धन्यवाद दिन चाहन्छु । शोधपत्र तयार गर्ने क्रममा आवश्यक सहयोग र सल्लाह-सुझाउ दिने मेरा आत्मीय साथी रीता पौडेल र सीतादेवी पौडेलप्रति हृदयदेखि नै कृतज्ञताज्ञापन गर्दछु । साथै शोधपत्र तयार गर्दा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण साहित्यकार, सङ्घ-संस्था एवम् समालोचकहरूप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस शोधपत्रलाई शुद्धसँग समयमै टङ्कण गरिदिनुहुने ‘सी’ कम्युनिकेशनका टङ्कणकर्ता राजेन्द्र ढकाललाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

मिति : २०६७/१/२०

...............................

पार्वती सापकोटा

क्याम्पस क्र.सं. : १९/०६३/०६५

त्रि.वि.दर्ता नं. ६-१-१९-२९५-९९

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

२०६७

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका शब्दहरूको सार सङ्क्षेपीकृत रूप यसप्रकार छन् :

| | |
|---|---|
| उपप्रा. | उपप्राध्यापक |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नि. | निर्देशक |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| पृ. | पृष्ठ |
| भ.न.पा. | भरतपुर नगरपालिका |
| मा.वि. | माध्यमिक विद्यालय |
| ले. | लेखक |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| से.मि. | सेन्टिमिटर |
| संस्क. | संस्करण |

(क) आवरणपृष्ठ
(ख) शोधपत्रको स्वीकृतिपत्र
(ग) शोधनिर्देशकको मन्तव्य
(घ) कृतज्ञताज्ञापन
(ङ) सङ्क्षेपीकृत शब्दसूची

# विषयसूची

## परिच्छेद : एक

## शोधपरिचय

| | शीर्षक | पृष्ठ |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधप्रयोजन | १ |
| १.३ | शोधपरिचय | १ |
| १.४ | समस्याकथन | १ |
| १.५ | शोधकार्यको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | शोधकार्यको औचित्य र महत्त्व | ४ |
| १.८ | शोधकार्यको क्षेत्र र सीमा | ५ |
| १.९ | सामग्रीसङ्कलन र शोधविधि | ५ |
| १.९.१ | सामग्रीसङ्कलनको पद्धति | ५ |
| | १.९.१.१ पुस्तकालयीय अध्ययन पद्धति | ५ |
| | १.९.१.२ क्षेत्रीय पद्धति | ६ |
| १.९.२ | शोधविधि र सैद्धान्तिक ढाँचा | ६ |
| १.१० | शोधपत्रको रूपरेखा | ६ |

# परिच्छेद : दुई

# साहित्यकार शारदा ढुङ्गानाको जीवनीको अध्ययन


| | शीर्षक | पृष्ठ |
|---|---|---|
| २.१ | पृष्ठभूमि | ८ |
| २.२ | वंश परम्परा, जन्म र नामाकरण | ९ |
| २.२.१ | वाल्यकाल र शिक्षा-दीक्षा | १० |
| २.२.२ | वैवाहिक तथा पारिवारिक स्थिति | १२ |
| २.२.३ | आर्थिक अवस्था र पेसा | १३ |
| २.३ | सेवा | १४ |
| २.४ | साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश | १५ |
| | २.४.१ साहित्यिक क्षेत्रमा भएका कार्यहरू | १५ |
| | २.४.२ सामाजिक क्षेत्रमा भएका कार्यहरू | १६ |
| २.५ | रूचि | १७ |
| २.६ | स्मरणीय घटना | १७ |
| | २.६.१ सुखद घटना | १७ |
| | २.६.२. दुःखद घटना | १८ |
| २.७ | भ्रमण | १८ |
| २.८ | सम्मान तथा पुरस्कार | १९ |
| २.९ | प्रेरणाको स्रोत | १९ |
| २.१० | चिन्तन, विचार र दर्शन | १९ |
| २.११ | निष्कर्ष | २१ |

# परिच्छेद : तीन

# साहित्यकार शारदा ढुङ्गानाको व्यक्तित्वको अध्ययन


| | शीर्षक | पृष्ठ |
|---|---|---|
| ३.१ | पृष्ठभूमि | २३ |
| ३.२ | बाह्य व्यक्तित्व | २४ |
| ३.३ | आन्तरिक व्यक्तित्व | २५ |
| ३.३.१ | साहित्यिक व्यक्तित्व | २५ |
| | ३.३.१.१ उपन्यासकार व्यक्तित्व | २६ |
| | ३.३.१.२ कवि व्यक्तित्व | २७ |
| ३.३.२ | साहित्येतर व्यक्तित्व | २७ |
| | ३.३.२.१ सामाजिक व्यक्तित्व | २८ |
| | ३.३.२.२ शिक्षक व्यक्तित्व | २८ |
| | ३.३.२.३ प्रशासनिक व्यक्तित्व | २९ |
| ३.३.३ | जीवनी व्यक्तित्व र साहित्येलेखनका बीच अन्त: सम्बन्ध | २९ |
| ३.४ | निष्कर्ष | ३० |


# परिच्छेद : चार

# साहित्यकार शारदा ढुङ्गानाको कृतित्वको अध्ययन


| | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | पृष्ठभूमि | ३१ |
| ४.२. | नेपाली साहित्यमा शारदा ढुङ्गानाको आगमन, साहित्यिक यात्रा र विधागत योगदान | ३१ |
| ४.२.१ | लेखन कार्यको आरम्भ | ३१ |
| ४.२.२ | साहित्यिक यात्रा र प्रवृत्ति | ३२ |
| | ४.२.२.१ पूर्वाद्ध चरण : (वि.सं. २०३२-२०६१) | ३२ |
| | ४.२.२.२ उत्तरार्ध चरण : (वि.सं. २०६२- हालसम्म) | ३३ |
| ४.३ | उपन्यासको सैद्धान्तिक परिचय | ३६ |

४.३.१ उपन्यासको परिभाषा ३६

४.३.२ उपन्यासका तत्त्वहरू ३६

४.३.२.१ कथानक ३७

४.३.२.२ पात्रविधान ३७

४.३.२.३ परिवेश ३८

४.३.२.४ कथोपकथन/संवाद ३८

४.३.२.५ उद्देश्य ३९

४.३.२.६ दृष्टिबिन्दु ३९

४.३.२.७ भाषाशैली ३९

४.३.३ **'अन्तिम द्वन्द्व'** उपन्यास (२०६२) को अध्ययन ४०

४.३.३.१ कथानक ४०

४.३.३.२ पात्रविधान ४१

४.३.३.३ परिवेश ४४

४.३.३.४ कथोपकथन/संवाद ४४

४.३.३.५ उद्देश्य ४५

४.३.३.६ दृष्टिबिन्दु ४६

४.३.३.७ भाषाशैली ४६

४.३.३.८ संरचना ४७

४.३.३.९ निष्कर्ष ४७

४.४ **'अचानो परेको जीवन'** उपन्यास (२०६३) को अध्ययन ४८

४.४.१ कथानक ४८

४.४.२ पात्रविधान ४९

४.४.३ परिवेश ५१

४.४.४ कथोपकथन/संवाद ५१

४.४.५ उद्देश्य ५२

४.४.६ दृष्टिबिन्दु ५३

४.४.७ भाषाशैली ५३

४.४.८ संरचना ५३

४.४.९ निष्कर्ष ५४

४.५ **'प्रश्न-चिह्न'** उपन्यास (२०६५) को अध्ययन ५४

४.५.१ कथानक ५४

४.५.२ पात्रविधान ५५

४.५.३ परिवेश ५७

४.५.४ कथोपकथन/संवाद ५८

४.५.४ उद्देश्य ५८

४.५.६ दृष्टिबिन्दु ५९

४.५.७ भाषाशैली ५९

४.५.८ संरचना ५९

४.५.९ निष्कर्ष ६०

४.६ खण्डकाव्यको सैद्धान्तिक परिचय ६१

४.६.१ खण्डकाव्यको परिभाषा ६१

४.६.२ खण्डकाव्यका तत्त्वहरूका आधारमा **वसुन्धरा स्मृतिकाव्य**को अध्ययन ६२

४.६.२.१ कथावस्तु ६२

४.६.२.२ पात्र वा चरित्र ६३

४.६.२.३ वातावरण ६४

४.६.२.४ जीवन-दृष्टि/उद्देश्य ६४

४.६.२.५ भाषाशैली ६५

४.६.२.६ बिम्ब-प्रतीक ६५

४.६.२.७ अलङ्कार र रस ६६

४.६.२.८ लय र छन्द ६८

४.६.३ **वसुन्धरा स्मृतिकाव्य** र यसको संरचना ६९

४.६.४ निष्कर्ष ७०

## परिच्छेद : पाँच

## उपसंहार


| | | |
|---|---|---|
| ५.१. | परिचय | ७१ |
| ५.२ | परिच्छेद : एकको निष्कर्ष | ७१ |
| ५.३ | परिच्छेद : दुईको निष्कर्ष | ७१ |
| ५.४ | परिच्छेद : तीनको निष्कर्ष | ७१ |
| ५.५ | परिच्छेद : चारको निष्कर्ष | ७२ |
| ५.६ | समग्र निष्कर्ष एवम् उपसंहार | ७२ |


## सन्दर्भसामग्रीसूची


| | | |
|---|---|---|
| (क) | पुस्तकसूची | ७६ |
| (ख) | सन्दर्भग्रन्थसूची | ७८ |


## परिशिष्ट


| | | | |
|---|---|---|---|
| परिशिष्ट : एक | - | अन्तर्वार्वाका प्रश्नावलीनमुनाहरू | |
| | (क) | विशिष्ट व्यक्तिहरूसँगको अन्तर्वार्ता प्रश्नावली | ७९ |
| | (ख) | विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोत विवरण | ८० |
| परिशिष्ट : दुई | - | शोधनायिकाको फोटो | ८१ |

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : दुई

# साहित्यकार शारदा ढुङ्गानाको जीवनीको अध्ययन

# परिच्छेद : तीन

# साहित्यकार शारदा ढुङ्गानाको व्यक्तित्वको अध्ययन

# परिच्छेद : चार

# साहित्यकार शारदा ढुङ्गानाको कृतित्वको अध्ययन

# परिच्छेद : पाँच

# उपसंहार

# परिशिष्ट

# सन्दर्भसामग्रीसूची

# परिच्छेद : एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक पाठ्यांश परिपूर्तिका निम्ति दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ शोधपरिचय

वि.सं. २०२२ मा कास्की, पोखरामा जन्मेकी शारदा ढुङ्गानाले साहित्यका कविता, खण्डकाव्य, उपन्यास, कथाजस्ता विधा-उपविधामा कलम चलाएकी छिन् । उनले हालसम्म क्रमश: **अन्तिम द्वन्द्व** (उपन्यास, २०६२), **अचानो परेको जीवन** (उपन्यास, २०६३), **प्रश्न-चिह्न** (उपन्यास, २०६५), **बसुन्धरा स्मृतिकाव्य** (खण्डकाव्य, २०६६) गरी जम्मा चारओटा पुस्तकाकार कृतिहरू प्रकाशित गरेकी छन् । उपर्युक्त कृतिहरूका आधारमा हेर्दा शारदा ढुङ्गाना साहित्यका क्षेत्रमा एक उदीयमान नारी साहित्यकारका रूपमा क्रियाशील देखिन्छन् । उनका कृतिहरूका साथै उनको जीवनी र व्यक्तित्व आफैमा एक अनुसन्धेय विषय रहेको छ तापनि हालसम्म यसतर्फ कसैको दृष्टि नपुगेकाले यो शोधकार्य गर्न **साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** विषयक शीर्षक चयन गरिएको हो ।

## १.४ समस्याकथन

**साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** र विश्लेषण नै यस शोधपत्रको मूल विषय रहेको छ । तथापि प्रस्तुत शोधपत्रका आधारभूत एवम् खास समस्याहरू यसप्रकार छन् :

क. साहित्यकार शारदा ढुङ्गानाको जीवनी र व्यक्तित्व कस्तो रहेको छ ?

ख. उनका साहित्यिक कृतिहरूमा के-कस्ता विचार र दृष्टिकोणहरू प्रस्तुत भएका छन् ?

ग. उनको साहित्ययात्रामा उनका रचनाहरूको मुख्य प्रवृत्ति के रहेको छ ?

घ. नेपाली साहित्यको उन्नति र प्रगतिमा उनको योगदान कस्तो रहेको छ ?

यिनै विभिन्न समस्याहरूको अध्ययन र विश्लेषणतर्फ यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.५ शोधकार्यको उद्देश्य

साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, साहित्यिक रेखाङ्कन र उनका प्रकाशित कृतिहरूको अध्ययन तथा विश्लेषण गरी नेपाली साहित्यको क्षेत्रमा उनको स्थान निर्धारण गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ । यसका खास उद्देश्यहरू यसप्रकार रहेका छन् :

क. साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्वको पहिचान गर्नु,

ख. उनका साहित्यिक कृतिहरूमा पाइने विचार र दृष्टिकोणलाई हेर्नु,

ग. उनका साहित्यिक कृतिहरूमा पाइने मुख्य प्रवृत्ति पत्ता लगाउनु,

घ. नेपाली साहित्यको उत्थानमा यिनको योगदानको विश्लेषण गर्दै मूल्याङ्कनका साथ निष्कर्षमा पुग्नु ।

यिनै उद्देश्यहरूको परिपूर्तिका लागि यो शोधकार्य गरिएको हो ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकार शारदा ढुङ्गाना अनुसन्धेय साहित्यिक व्यक्तित्व हुन् । उनका बारेमा निकै थोरै लेखक समीक्षकहरूले सम्बन्धित पुस्तकहरूमा नै फाट्टफुट्ट रूपमा चर्चा-परिचर्चा गरेका छन् । यसैले हालसम्म ढुङ्गानालगायत उनका कृतिहरूका बारेमा उनकै पुस्तकहरूमा भएगरेका र अन्य टीका-टिप्पणीका विवरणहरूलाई कालक्रमिक रूपमा यसरी प्रस्तुत गरिएको छ :

प्रभा भट्टराईले शारदा ढुङ्गानाद्वारा प्रकाशित **अन्तिम द्वन्द्व** (उपन्यास, २०६२), पृ. २ को *अन्तिम द्वन्द्वका बारेमा केही कुरा* शीर्षकलेखमा बलियाहरूको तारिफ गर्ने त धेरै हुन्छन् तर निर्धाको पक्षमा वकालत गर्नेहरू ज्यादै कम पाइन्छन्, निर्धाको माया गर्ने र उनीहरूको आवाजलाई मुखरित गर्नेहरू मध्येकी एक हुन्, उपन्यासकार ढुङ्गाना र त्यसको साक्ष्य हो भन्दै लेखनी अझै खारिँदै निरन्तर चलिरहोस् भन्ने शुभकामना व्यक्त गरेकी छिन् ।

गीता केशरीले शारदा ढुङ्गानाद्वारा प्रकाशित **अन्तिम द्वन्द्व** (उपन्यास, २०६२), पृ. ५ को *अन्तिम द्वन्द्वको प्राप्तिहीन अन्त्य* शीर्षकलेखमा उपन्यासकार ढुङ्गानाबाट गाउँमा लुकेका

नारीहरूको दु:ख र पीडाहरूको प्रस्तुति यसरी नै आउँदा दिनमा पनि व्यक्त भइरहने छ भनी अपेक्षा गर्दै उहाँको सफलताको लागि शुभकामना व्यक्त गरेकी छिन् ।

नारी साहित्य प्रतिष्ठानले शारदा ढुङ्गानाद्वारा प्रकाशित **अचानो परेको जीवन** (उपन्यास, २०६३), पृ. 'ङ' को *प्रकाशकीय* शीर्षकलेखमा एउटै मार्ग पहिल्याएका अघिल्ला दुई उपन्यास विषयवस्तु फरक भए पनि एउटै धाराबाट अगाडि बढेका कुरालाई अहिलेको शताब्दी र पाठकको चाहना अनि मागलाई पनि हृदयङ्गम गरेर आगामी कृतिहरू आउनसके उपन्यासकारको अझ सफलता देखिन्छ भन्दै पुन: उपन्यासकार ढुङ्गानाले एकैसाथ दुईओटा उपन्यास नेपाली साहित्यमन्दिरलाई सुम्पनु एकैचोटी दुईओटा इँट थप्नु हो भनी उनको यो आगमन प्रशंसनीय छ भन्ने धारणा व्यक्त गरिएको छ ।

गीता केशरीले शारदा ढुङ्गानाद्वारा प्रकाशित **अचानो परेको जीवन** (उपन्यास, २०६३), पृ. 'ट' को *अचानो परेको जीवनलाई नियाल्दा* शीर्षकलेखमा उपन्यासकारले गाउँले समाजको राम्रो ऐना देखाइदिनुभएको छ र आफ्नो लेखनमा गाउँले बोलीचालीका भाषा प्रयोग गरी अरु रोचक जनजीवनलाई साहित्यिक जीवनमा आफ्नो परिचय लिएर प्रवेश गराई नारी जीवनको ऐतिहासिक भूमिका सिर्जना गरिदिनुभएकोमा स्रष्टा शारदा ढुङ्गाना बधाईको पात्र हुनुहुन्छ भन्दै उनले समाजको जुन पाटो समातेर उपन्यास लेखनयात्रामा प्रवेश गरेकी छिन्, त्यसले निरन्तरता पाइरहोस् भन्ने शुभेच्छा राख्दै उनको सफलताको कामना गरेकी छिन् ।

गीता केशरीले शारदा ढुङ्गानाद्वारा प्रकाशित **प्रश्न-चिह्न** (उपन्यास, २०६५), *प्रश्नचिन्ह किन ?* शीर्षकलेखमा शारदा ढुङ्गानाको नारी जीवनमा चेतनामूलक सुधार ल्याउने हो भने यस्तै नारी समस्याहरूको सङ्कलन हुनु आवश्यक छ र उनको लेखनको प्रशंसा गर्नैपर्छ र उनका भविष्यमा आउने कृतिहरूले पनि यस्तै गरी साहित्यको प्रयोगबाट सामाजिक सेवाको लागि ध्यानाकर्षित गर्ने विषयहरूलाई औँल्याउने छन् भनी उल्लेख गरकी छिन् ।

अच्युतरमण अधिकारीले शारदा ढुङ्गानाद्वारा प्रकाशित **प्रश्न-चिह्न** (उपन्यास, २०६५/३/१०), *शारदाको प्रश्नचिन्हमाथि* शीर्षकलेखमा प्रस्तुतिको सरलतामा यथार्थको सजीवता उपन्यासमा देखिएकामा लेखनक्षमता र जीवनको एक कथा छोटो उपन्यासमा प्रस्तुत गरी प्रश्नचिन्हमा प्रश्नै खडा गरेकोमा धन्यवाद दिँदै लेखन कला बढोस् भन्ने कामना गरेका छन् ।

गीता कार्कीले शारदा ढुङ्गानाद्वारा प्रकाशित **प्रश्न-चिह्न** (उपन्यास, २०६५), *जवाफविहीन प्रश्नचिन्ह* शीर्षकलेखमा नारीको सिङ्गो संवेदना र अन्यायको चित्र कोर्ने प्रस्तुत उपन्यासको प्रकाशन अभिभारा काँध थाप्न पाएकोमा नारी साहित्य प्रतिष्ठान उपन्यासकारप्रति आभारी छ भन्दै उनका कलमहरूले आगामी दिनहरूमा अझ सुन्दरसुन्दर उपन्यासका बाटिकाहरू निर्माण गरून् भन्ने शुभेच्छा प्रकट गरेकी छिन् ।

गोविन्दराज विनोदीले शारदा ढुङ्गानाद्वारा प्रकाशित **वसुन्धरा स्मृतिकाव्य** (खण्डकाव्य, २०६६/९/१), पृ. 'क' को *आदर्श सासूप्रति आदर्श बुहारीको श्रद्धा र सम्मान* शीर्षकलेखमा प्रस्तुतकाव्य नेपाली काव्य परम्परामा नौलो रूपमा देखापरेको छ भन्दै काव्यमा याथार्थिक भावना र जीवन्त अनुभूति पोख्दै यति राम्रो काव्यसिर्जना गरेकोमा उहाँको सिर्जनाको नैरन्तर्य, समग्र साहित्यिक समुन्नति र लोकख्यातिका लागि शुभकामना व्यक्त गरेका छन् ।

रामहरि शर्माले शारदा ढुङ्गानाद्वारा प्रकाशित **वसुन्धरा स्मृतिकाव्य** (खण्डकाव्य, २०६६/बुद्ध पूर्णिमा), पृ. 'ङ' को *वसुन्धरा स्मृतिकाव्यलाई शब्दपुष्प* शीर्षकलेखमा एउटा स्रष्टा निरन्तर सिर्जनामा जुट्दा सिर्जित रचनाले उसको चिनारीलाई नै बदलिदिन्छ भन्दै नारी स्रष्टा शारदा ढुङ्गाना वसुन्धरा स्मृतिकाव्यमा आएर गीति तथा मात्रिक छन्दमा प्रस्तुत हुनुलाई निश्चय पनि बहुआयामिक प्रतिभा मान्नु पर्दछ र उहाँको यो सिर्जनशील लगन पाठकहरूका सामु अत्यन्त ऊर्जाशील तथा प्रेरणादायी छ भन्ने उल्लेख गरेका छन् ।

माथि उल्लेखित विवरणबाट शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा उनका बारेमा लेखिएका, उनका कृतिभित्र रहेका भूमिका, शुभकामना र प्रकाशकीयबाहेक विस्तृत रूपले अध्ययन-अनुसन्धान भएको छैन । त्यसैले यस शोधपत्रमा शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको हो ।

## १.७ शोधको औचित्य र महत्त्व

नेपाली साहित्यको उन्नति र प्रगतिमा अनवरत रूपमा क्रियाशील स्रष्टाको समग्र अध्ययन गर्नु निश्चय पनि कम महत्त्वपूर्ण कार्य होइन । शारदा ढुङ्गानाका महत्त्वपूर्ण साहित्यसृजनाहरूलाई मौलाउने मौका दिनुका साथै उनको साहित्यिक योगदानलाई पाठकसामु पुऱ्याई सृजनारत स्रष्टाको प्रतिभा अझै मौलाओस् भनी खोजीनीती गर्नका लागि पनि यो अध्ययन-अनुसन्धान स्वतः औचित्यपूर्ण ठहर्छ । साहित्यकार शारदा ढुङ्गानाको जीवनी र व्यक्तित्वका विविध पाटाहरूको उल्लेख गर्दै उनका

प्रकाशित पुस्तकाकार कृतिहरूको विधागत अध्ययन गरी नेपाली साहित्यमा उनको योगदानलाई निरूपण गर्नुमा नै यस शोधपत्रको औचित्य र महत्त्व रहेको छ ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत **साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शोधपत्र स्रष्टा र सिर्जनाको विश्लेषण र मूल्याङ्कनसँग सम्बन्धित रहेको छ । उनको जीवनका प्रमुख घटनाक्रमका प्रसङ्गहरूलाई प्रस्तुत शोधपत्रको जीवनी पक्षमा समेटिएको छ भने उनका व्यक्तित्वका विविध पाटाहरूलाई व्यक्तित्वपक्षमा र उनीबाट सृजित रचनाहरूलाई कृतित्वपक्षमा समेटिएको छ । उनका हालसम्म प्रकाशित चारओटा पुस्तकाकार कृतिहरूमध्ये आख्यानमूल्यका दायराभित्र पर्ने तीनओटा कृतिहरू क्रमशः **अन्तिम द्वन्द्व** (उपन्यास, २०६२), **अचानो परेको जीवन** (उपन्यास, २०६३), र **प्रश्न-चिह्न** (उपन्यास, २०६५) लाई आख्यानविश्लेषणका स्थापित विभिन्न तत्त्वहरूका आधारमा सामान्य रूपले अध्ययन गर्नुका साथै उनको **वसुन्धरा स्मृतिकाव्य** (खण्डकाव्य, २०६६), कृतिलाई काव्यविश्लेषणका स्थापित विभिन्न तत्त्वहरूका आधारमा सामान्य रूपले अध्ययन गर्नु यस शोधपत्रको मुख्य क्षेत्र रहेको छ । उनका प्रकाशोन्मुख र अप्रकाशित पुस्तकाकार कृतिहरूका साथै विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर लेख/रचनाहरूलाई सामग्रीका रूपमा नलिनु यस शोधपत्रको सीमा रहेको छ ।

## १.९ सामग्रीसङ्कलन र शोधविधि

यस शीर्षकअन्तर्गत सामग्रीसङ्कलन र शोधविधिलाई भिन्दाभिन्दै शीर्षकमा राखेर अध्ययन गरिएको छ ।

### १.९.१ सामग्रीसङ्कलनको पद्धति

**साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**का लागि पनि सामग्रीसङ्कलन गर्दा यसप्रकारको विधि अपनाइएको छ ।

#### १.९.१.१ पुस्तकालयीय अध्ययन पद्धति

यसअन्तर्गत शोधनायिकाका पुस्तकाकारका रूपमा प्रकाशित पुस्तकहरूको पूर्वीय पाश्चात्य सैद्धान्तिक आधारमा अध्ययन गरिएको छ ।

### १.९.१.२ क्षेत्रीय पद्धति

यस शोधकार्यको प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने समयमा शोधनायिकासँग लिइएको अन्तर्वार्ता र शोधनायिकाका परिवारजन, नातागोताहरू, इष्टमित्रहरू, चिरपरिचित मित्रहरू, समकालीन तथा उत्तरवर्ती साहित्यकारहरूसँग प्रत्यक्ष/अप्रत्यक्ष सम्पर्क गरी प्रश्नावलीका आधारमा सामग्रीसङ्कलन गरिएको हो । जीवनी र व्यक्तित्वको क्रममा शोधनायिकासँग लिइएको मौखिक जानकारीलाई पनि सामग्रीको स्रोत मानिएको छ ।

### १.९.२ शोधविधि र सैद्धान्तिक ढाँचा

**साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** गर्नेक्रममा जीवनी र व्यक्तित्वसम्बन्धी अध्ययनकार्यमा ऐतिहासिक विधि अँगालिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि आवश्यकतानुसार वर्णनात्मक, विवरणात्मक, परिचयात्मक तथा व्याख्यात्मक विधि अपनाइएको छ । जीवनीपरक समालोचना वा मापदण्डका आधारमा जीवनीको अध्ययन र कृतित्वको सहकारिताबाट निर्मित उनको व्यक्तित्वका विभिन्न आयामहरू तथा कृतिविश्लेषणका निम्ति समालोचनाका मानक सिद्धान्तलाई अँगालिएको छ । जीवनीखण्डमा स्वयम् शोधनायिकाको अन्तर्वार्ता र भेटघाटलाई मूलाधार मानिएको छ भने व्यक्तित्वखण्डमा शोधनायिकाको कृतित्वलाई मूलाधार मानिएको छ । यसै क्रममा कृतिविश्लेषणका निम्ति उपन्यास र खण्डकाव्यका तत्त्वलाई आधार मानिएको छ र यसैअनुसार उपन्यासलाई सारवस्तु, कथानक, पात्र, शीर्षक, परिवेश, काल, द्वन्द्वविधान, भाषाशैली, दृष्टिबिन्दु संवादलाई मूलाधार र काव्यलाई शीर्षक, संरचना, विषयवस्तु, भावविधान, भाषाशैली, लयविधान, दृष्टिबिन्दु, छन्द, रस, अलङ्कार-बिम्ब र प्रतीकलाई मूलाधार मानेर विश्लेषण गरिएको हो ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको आन्तरिक संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूप दिनका लागि शोधपत्रलाई निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ ।

**परिच्छेद : एक – शोधपरिचय**

**परिच्छेद : दुई – साहित्यकार शारदा ढुङ्गानाको जीवनीको अध्ययन**

**परिच्छेद : तीन – साहित्यकार शारदा ढुङ्गानाको व्यक्तित्वको अध्ययन**

**परिच्छेद : चार – साहित्यकार शारदा ढुङ्गानाको कृतित्वको अध्ययन**

**परिच्छेद : पाँच – उपसंहार**

यसरी प्रस्तुत शोधपत्रलाई सर्वप्रथम पाँच परिच्छेद र आवश्यकतानुसार प्रत्येक परिच्छेदलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । **साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** नामक शोधपत्रको परिच्छेद एक शोधपरिचयका रूपमा रहेको छ । परिच्छेद दुईमा साहित्यकार शारदा ढुङ्गानाको जीवनीलाई विभिन्न शीर्षक उपशीर्षकअन्तर्गत पृष्ठभूमि, वंशपरम्परा, जन्म र नामकरण, बाल्यकाल र शिक्षा-दीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, सेवा, साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश, साहित्यिक क्षेत्रमा भएका कार्य, सामाजिक क्षेत्रमा भएका कार्य, रूचि, अविस्मरणीय घटना, सुखद घटना, दुःखद घटना, भ्रमण, सम्मान तथा पुरस्कार, प्रेरणाको स्रोत, चिन्तन, विचार र दर्शन, निष्कर्ष आदिमा विभाजन गरी जीवनीका विभिन्न आयामहरूको अध्ययन गरिएको छ । परिच्छेद तीनमा शारदा ढुङ्गानाको व्यक्तित्वलाई विभिन्न तरिकाले चिनाइएको छ । परिच्छेद चारमा नेपाली साहित्यकासमा साहित्यकार शारदा ढुङ्गानाको आगमन एवम् उनको साहित्यिक यात्रा, उनका साहित्यिक प्रवृत्तिहरूको विविध कोणबाट विवेचना र मूल्याङ्कन गरी उनका समग्र पुस्तकाकार कृतिहरूको विश्लेषण गरिएको छ । परिच्छेद पाँच उपसंहारका रूपमा रहेको छ । यसमा साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचनाका साथै निष्कर्षसहित उनका प्रवृत्तिहरूको मूल्याङ्कन गरिएको छ ।

शोधपत्रको अन्तमा सन्दर्भग्रन्थसूची र परिशिष्ट रहेको छ । यसअन्तर्गत शोधकार्यको क्रममा शोधार्थीबाट शोधनायक र विशिष्ट व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ताको प्रश्नावलीनमूना, विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानीको स्रोतविवरण प्रस्तुत गरिएको छ । यसरी आन्तरिक र बाह्यसंरचना तथा आदिभाग, मध्यभाग र अन्त्यभाग निर्माणद्वारा सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको हो ।

# परिच्छेद : दुई

# साहित्यकार शारदा ढुङ्गानाको जीवनीको अध्ययन

## २.१ पृष्ठभूमि

कुनै देश वा जातिको गूण वा स्थायी विषयहरूको मनोरञ्जक ढङ्गले विवेचना गरिएको कुनै भाषाका ग्रन्थ, लेख आदिको समूह वा वाङ्मयलाई साहित्य भनिन्छ ।[१] हितको भावना भएको भन्ने अर्थ बुझाउने साहित्य शब्दको निर्माण 'सहित' शब्दमा (ब्यञ/यत्) प्रत्यय लगाई आदिवृद्धि गरेर गरिन्छ ।[२] साहित्य शब्दको अर्थ पाश्चात्य चिन्तकहरूले भाषाको माध्यमले जीवनको अभिव्यक्ति, प्रकृतिको अनुकरण, कल्पनाको अभिव्यक्ति, जीवनको आलोचना आत्मा र व्यक्तित्वबाट पलायन हुनुपर्नेजस्ता विविध प्रकारका आ-आफ्नै विचारहरूद्वारा व्यक्त गरेका छन् ।[३] हुनत साहित्यसृजन र साहित्यपठनको मूल प्रयोजन आनन्द प्राप्ति नै हो, यसका अतिरिक्त साहित्य शिक्षामुखी, सन्देशमुखी र जीवनमुखीसमेत हुनुपर्छ । पूर्वीय साहित्यकारहरूमा भरतदेखि लिएर जगन्नाथ र पाश्चात्य साहित्यकारहरूमा होमरदेखि लिएर टल्सटायसम्म अध्ययन गर्दा काव्यको मुख्य प्रयोजन मानसिक आनन्द र गौण प्रयोजन सत्शिक्षा हो भन्ने देखिन्छ ।

साहित्यका शाश्वत मूल्य र मान्यतालाई हृदयङ्गम गरी पूर्वीय र पाश्चात्य धेरै साहित्यकारले साहित्यिक फाँटमा थुप्रै साहित्यिक सृजनाहरू सृजेका छन् । यसै सिलसिलामा नेपाली साहित्य पनि दिनानुदिन विकासको गतिमा अघि बढिरहेको छ र नेपाली स्रष्टाहरू यस क्षेत्रमा आइरहेका छन् । वास्तवमा स्रष्टाले अनुभूत गरेका धारणा, विचार, भावनाभूति समाजसामु सम्प्रेषण गर्ने सशक्त माध्यम साहित्य हो र यही साहित्यलाई सृजना गर्ने व्यक्तित्वहरू नै साहित्यकार हुन् । यसैले तिनै साहित्यकारहरूको योगदान र मूल्याङ्कनको उचित कदर गर्ने र तिनको उपदेयतालाई समाजसामु प्रकाश पार्नु कर्तव्य पनि हो । यही परिप्रेक्ष्यमा रही साहित्यकारको वैयक्तिक जीवनी, व्यक्तित्व र कृतित्वलाई समेटेर उसको योगदानलाई प्रस्तुत गर्नका लागि विस्तृत अध्ययन अनुसन्धान र विश्लेषण शोधकार्यमा गरिन्छ । नेपाली साहित्यको इतिहासमा शारदा ढुङ्गाना सातौँ दशककी उपन्यासकार हुन् । यिनै शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित विविध पक्षहरूको व्यवस्थित अध्ययन यस शोधपत्रमा गरिएको छ ।

---

[१] बालचन्द्र शर्मा (सम्पा.), **नेपाली शब्दकोश,** द्वितीय संस्क., (काठमाडौँ : सृष्टि प्रकाशन चावहिल, २०५७), पृ. १०७४ ।

[२] विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र,** (काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०५७), पृ. २५ ।

[३] केशवप्रसाद उपाध्याय, **साहित्य-प्रकाश,** छैटौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. ११-१४ ।

कुनै पनि व्यक्तिको जीवन जिउने क्रममा आफ्ना जीवनमा घटेका घटनाहरूको शृङ्खलित रूप नै त्यस व्यक्तिको जीवनी हो । बाँचुञ्जेल गरेका कामको बयान नै जीवनी हो ।[४] कुनै पनि व्यक्तिको जीवनका उतार-चढावका विभिन्न घुम्ती मोडहरूमा घटित घटनाहरू नै उसको व्यक्तित्वको विकासक्रममा सहयोगी भएर आएका हुन्छन् । जीवनका आरोह र अवरोहहरू व्यक्तित्वको निर्माण, उत्थान र पतनमा व्यक्तिको जीवनका घटनाहरू पूरक भएर आएका हुन्छन् । जीवनमा घटेका अनेक घटनाहरूले कुनै पनि व्यक्तिको व्यक्तित्वनिर्माणमा ठूलो भूमिका खेलेका हुन्छन् । जीवनयात्रा पारगर्ने क्रममा कसैको जीवन सार्थक हुन्छ भने कसैको जीवन निरर्थक पनि हुन्छ । यसको मूल्याङ्कन पद्धति आ-आफ्नै भए पनि व्यक्तिले समाजमा कत्तिको सहयोग गर्नसक्यो भन्ने तथ्यलाई मुख्य आधार बनाई उसको जीवन सार्थक र निरर्थकको सीमारेखा रेखाङ्कन गर्ने गरिन्छ । सार्थक जीवन नै विशिष्ट र उच्च जीवन हुन्छ र सबैको चासो, चिन्तन, अनुकरणीय र श्रद्धेय पनि हुन्छ । यस क्षेत्रमा लागेका व्यक्तिहरूको भौतिक समाप्तिपछि पनि उनीहरू सधैँका निम्ति स्मरणीय र प्रेरणाको स्रोत बन्दछन् । जीवनमा समाजका विविध क्षेत्रमा रचनात्मक र लोकोपकारी कार्य गरी सार्थक जीवन व्यतीत गर्न सकिन्छ । यिनै विविध क्षेत्रमध्ये साहित्य क्षेत्रलाई आत्मसात् गरी सार्थक जीवनयापन गर्ने अनेकौं व्यक्तिहरूमध्ये शारदा ढुङ्गाना पनि एक हुन् ।

नियालेर हेर्ने हो भने साहित्यिक व्यक्तिहरूको जीवनीका विभिन्न पाटाहरू भावी पिंढीका लागि मार्गदर्शक नै हुन्छन् । यिनै मार्गलाई अनुकरण गरी पछिल्ला पुस्ताहरूलाई रचनात्मक क्रियाकलाप गर्न प्रोत्साहन गरिरहेको हुन्छ यसैक्रममा काठमाडौं निवासी नारी स्रष्टा साहित्यकार शारदा ढुङ्गाना हुन् । कुनै खास व्यक्तिको व्यक्तिगत जीवनका आन्तरिक बाह्य चरित्रको चित्रण गर्नु नै जीवनीको मुख्य अभिप्राय भएकाले यसै विषयकेन्द्रित रहेर साहित्यकार शारदा ढुङ्गानाको व्यक्तिगत जीवनका विभिन्न उतार-चढावहरूलाई छनोट गरी महत्त्वपूर्ण पक्षका बारेमा प्रस्तुत शोधपत्रमा चर्चा गरिएको छ ।

## २.२ वंशपरम्परा, जन्म र नामकरण

शारदा ढुङ्गानाका माइतीका पुर्खाहरू सर्वप्रथम पश्चिम नेपाल अन्तर्गत रोल्पा जिल्लाको 'राखु' भन्ने ठाउँबाट आएका हुन् । बसाइँसराइको क्रममा बाग्लुङ्गको 'पागा' र स्याङ्जाको आरुखर्क गा.वि.स. मा बसेका यिनका माइतीका पुर्खाहरू स्याङ्जाको फेदीखोला गा.वि.स. कुडुले गाउँमा बसोबास गरेका हुन् । वि.सं. २०३७ सालमा जग्गा किनेर तत्कालीन नारायणपुर गा.वि.स. अहिलेको भ.न.पा. १३ कल्याणपुरमा बसेको भए पनि वर्तमानको बसोबास भरतपुर दूरसञ्चार रोड

---

[४] रामचन्द्र ढुङ्गाना (सम्पा.), **सङ्क्षिप्त नेपाली कोश,** पाँचौ संस्क., (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. १८५ ।

भन्ने ठाउँमा रहेको छ ।[५] "सुष्ठु वेदः अधीयते इति सुवेदी' अर्थात् जसले वेद राम्रोसँग पढ्न सक्छ भन्ने अर्थमा शारदाको माइतीको थर सुवेदी रहन गएको हो ।[६] भारद्वाज गोत्र र सुवेदी थर नै शारदाको माइतीतर्फको वंशपरम्परा रहेको पाइन्छ ।[७]

शारदा ढुङ्गानाको जन्म वि.सं. २०२२ साल आश्विन २ गते कास्की, पोखरामा भएको हो । बुबा मुरलीधर सुवेदीका दुई श्रीमती जेठी रुक्मिणी सुवेदी र कान्छी दुर्गा सुवेदीमध्ये रुक्मिणीका चार छोरी र दुर्गाका दुई छोरी, एक छोरामध्ये यिनी दुवैतर्फबाट प्रथम सन्तान हुन् । जन्मकुण्डलीको नाम भोजकुमारी भए पनि गाउँघरमा बोलाउनको लागि उनका बुबा मुरलीधरले शारदा राखिदिएका हुन् । शारदा सरस्वतीको नाम भएकोले यो नाम राखिदिएमा धेरै पढेर ज्ञानी हुन्छन् भन्ने मनसायले राखिएको हो । यही शारदा नामबाट नै उनी गाउँघर हुँदै साहित्यमा पनि सुपरिचित छिन् । यी विभिन्न नाम रहे तापनि खासगरी नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित आधिकारिक नाम चाहिँ शारदा नै हो ।[८]

शारदा ढुङ्गानाका श्रीमान्का पुर्खाहरू नेपालको लमजुङ्ग जिल्लाको 'स्याक्लुङ' भन्ने ठाउँबाट बसाइँसराइको क्रममा लमजुङ्गकै दुराडाँडा हुँदै चितवन जिल्लाको शरदपुर-९ भन्ने ठाउँमा छन् भने शारदाको परिवार चाहिँ हाल काठमाडौंको वनस्थलीमा स्थायी बसोबास गरी बसेको जानकारी पाइन्छ ।[९] कौशिक गोत्र र ढुङ्गाना थर नै शारदाका श्रीमान् विष्णुप्रसाद ढुङ्गानाको वंशपरम्परा रहेको पाइन्छ ।[१०]

### २.२.१ बाल्यकाल र शिक्षा-दीक्षा

आमा रुक्मिणी सुवेदी र बुबा मुरलीधर सुवेदीको कोखबाट आमापक्षबाट चार सन्तान र बुबापक्षबाट सात सन्तानमध्ये दुवैपक्षको जेष्ठ सन्तानको रूपमा जन्मेकी ढुङ्गानाको बाल्यकाल आफ्ना बुबाआमाको माया-ममता र लालन-पोषणका साथै सुखदुःख भोग्दै मायालु वातावरणमा बितेको जानकारी प्राप्त हुन्छ । यिनको जन्म मिसन अस्पताल पोखरामा भएको थाहा हुन्छ ।[११] यिनको बाल्यकाल स्याङ्जाको फेदीखोला गा.वि.स. कुडुले गाउँमा र आफ्नो बुबाको जागिरको सरुवासँगसँगै

---

[५] शोधनायिकाको बुबाबाट प्राप्त जानकारी ।
[६] ऐजन ।
[७] ऐजन ।
[८] शोधनायिकाबाट प्राप्त जानकारी ।
[९] शोधनायिकाको जेठाजु बाबुराम ढुङ्गानाबाट प्राप्त मौखिक जानकारी ।
[१०] शोधनायिकाबाट प्राप्त जानकारी ।
[११] शोधनायिकाको आमा र बुबाबाट प्राप्त जानकारी ।

यिनी पनि भैरहवा, भरतपुर, जनकपुर, दाङ हुँदै पुनः भरतपुरमै बाल्यकाल व्यतीत भएको जानकारी प्राप्त हुन्छ ।[१२]

बाल्यकालका सुमधुर निश्छल रमणीय क्षणका साथै दुःखद दिनहरू काट्दै जाने क्रममा स्याङ्जाको फेदीखोला गा.वि.स. कुडुले गाउँको प्राकृतिकतासँग उनको आत्मीय सम्बन्ध गाँसिएको पाइन्छ । शारदा ढुङ्गानाका बुबा सरकारी कर्मचारी भएका र उनको डेरा वरपर अन्य कर्मचारीहरूले शारदाको रेखदेखसमेत गर्ने गरेको पाइन्छ ।[१३] शारदा र उनकी बहिनी सुधालाई पढाउने भन्दै उनका बुबाले साथमा हिंडाइरहने हुँदा बाल्यकालमा कृषिकार्य र वस्तुभाउसँग उनी अपरिचित रहेको पाइन्छ ।[१४] स्याङ्जा छोडेर बुबाको साथमा भैरहवातिर लागेकी शारदा बुबाको जागिर र आफ्नो पढाइकै सिलसिलामा नै नेपालका धेरै स्थलहरूमा पुगेको थाहा हुन्छ ।

बाल्यकालमा साथीहरूसँग शारदाले टालाटुली बटुली, गट्टा, घ्वाई, दुलहा-दुलही, पसल थाप्ने र भाडाकुटीजस्ता खेलहरूमा विशेष रुचिका साथ खेलेको पाइन्छ ।[१५] बाल्यकालमा बिताएका दिनसँगै अचम्मको घटना पनि घटेको पाइन्छ । शारदाकी कान्छा हजुरबाकी छोरी, शारदाकी फुपूदिदी पर्नेको बिहेमा दुलही भएकी फुपू बेसरी रुँदा डोलीबाट खसेको र जन्तीले पुनः डोलीमा राखेको देख्दा शारदाको मनमा पनि दुलही बन्ने रहर जागेछ । दुलही भएकी फुपूलेझैं राम्रा-राम्रा कपडा, गहना, नयाँ चप्पल लगाएर डोली चढ्ने रहरमा बरु मलाई डोलीमा राखिदिनु म जान्छु भन्दै आमालाई पिरोलेको कुरा अवगत हुन आउँछ ।[१६] यही बिहेको समयमा नै शारदाका बुबाले सानीआमा बिहे गरी पैंतीस दिन कटाउन कतै लुकाइराखेको प्रसङ्ग यिनै फुपूका जन्तीमध्येबाट खुल्न आउँछ ।[१७] यिनी बाल्यावस्थामा घरबाट तन्ना चोरेर बारीमा लगेर बारीका कान्लामा डोलो बनाएर माथिल्लो सुर्कोबाट तल्लो सुर्कोमा धकेलीबाजी खेल्ने गरेको पाइन्छ ।[१८] बहिनीहरूको सधैं धराले गर्नुपर्ने तर मेलापातामा कहिल्यै गर्नु नपरेको जानकारी पाइन्छ ।[१९] सानैदेखि स्वाभिमानी तर अलिकति झोडी स्वभाव भए पनि खालीहात बस्नै नसक्ने परिश्रमी र लगनशील अनि केटाकेटीको राम्रोसँग हेरचाह गर्ने बानी रहेको पाइन्छ ।[२०]

---

[१२] शोधनायिकाबाट प्राप्त जानकारी ।
[१३] शोधनायिकाको आमा-बुबाबाट प्राप्त जानकारी ।
[१४] शोधनायिकाबाट प्राप्त जानकारी ।
[१५] ऐजन ।
[१६] ऐजन ।
[१७] शोधनायिकाको आमाबाट प्राप्त जानकारी ।
[१८] शोधनायिकाबाट प्राप्त जानकारी ।
[१९] ऐजन ।
[२०] शोधनायिकाको सानीआमाबाट प्राप्त जानकारी ।

तीनवर्षको उमेरदेखि आफ्ना आमाबुबाबाट अक्षरारम्भ भएको र पाँच वर्षको उमेरदेखि कुडुले प्रा.वि. स्याङ्जा गएर पढ्न लागेको पाइन्छ । त्यसपछि दुई वर्षसम्म पढ्न अनुकूल नमिल्दा नपढीकनै बसेर फेरि दुई वर्षपछि शारदा आफ्ना बुबा र सानीआमाका साथलागेर पढ्न हिडेको थाहा हुन्छ ।[२१] त्यतिखेर सात वर्षकी शारदालाई विद्यालय भर्ना गराउन भनेर बुबाले भैरहवा पब्लिक विद्यालय भैरहवामा फेरि कक्षा एकमा नै भर्ना गरिदिनुभएको जानकारी स्वयम् शारदाबाट मिल्छ ।[२२]

विद्यालयीय शिक्षा ग्रहण गर्दै जाने क्रममा कुडुले प्रा.वि. स्याङ्जाबाट अक्षरारम्भ, भैरहवा पब्लिक विद्यालयबाट मा.वि. शिक्षा र उच्च शिक्षाका लागि वि.सं. २०४० सालमा वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनमा प्रवीणता प्रमाणपत्र तह उर्त्तीण गरिन् र यो तह उर्त्तीण गरेपछि व्यक्तिगत परीक्षार्थीको रूपमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक तह उर्त्तीण गरी स्नातकोत्तर तहको शिक्षार्जनका लागि काठमाडौं प्रवेश गरेर त्रिचन्द्र क्याम्पसबाट नेपाली विषयमा स्नातकोत्तर तह पास गरेकी हुन् ।[२३] स्नातकोत्तर तहमा पून: अर्थशास्त्र विषय लिएर त्रिचन्द्र क्याम्पस काठमाडौंबाट अध्ययन पूरा गरेर पनि यसतर्फ आधिकारिक प्रमाणपत्र भने हासिल गर्न सकेको देखिँदैन ।[२४] त्यस्तै वर्तमानमा भने शारदा ढुङ्गाना नेपाली विषयमा एम.फिल.गर्दैछिन् ।[२५]

यसरी बुबा मुरलीधर र आमा रुक्मिणीका प्रथम सन्तानका रूपमा जन्मिएकी शारदा ढुङ्गानाको बाल्यकाल स्याङ्जा, पोखरा, भैरहवा, चितवन, जनकपुरको सेरोफेरोमा संगीसाथीहरूसँग हासखेल गरी बितेको पाइन्छ । तीन वर्षको उमेरमा आमाबाबुबाटै अक्षरारम्भ भए पनि विद्यालयीय शिक्षार्जनको आरम्भ स्याङ्जाको कुडुलेस्थित कुडुले प्रा.वि.बाट भएको पाइन्छ । मध्यम स्तरको पढाइ भएकी शारदाले उच्च शिक्षाको तहमा एम.फिल.सम्मको तहमा अध्ययरत रहेको देखिन्छ ।

## २.२.२ वैवाहिक तथा पारिवारिक स्थिति

लमजुङ जिल्लाको दुराडाँडाबाट चितवनको शरदपुरमा बसाइँसरेका ब्रह्मलाल र वसुन्धरा ढुङ्गानाका माइला छोरा विष्णुप्रसाद ढुङ्गानासँग वि.सं. २०४०/०१/३० मा शारदाको विवाह भएको हो ।[२६] त्यस समयमा यिनी अठार वर्षकी थिइन् । हाल ढुङ्गानाका दुई छोरा मात्र छन् । जेठा छोरा आशिष ढुङ्गाना विज्ञान सङ्कायअन्तर्गत स्नातकोत्तर तहको अध्ययन सकेर हाल वीर अस्पताल

[२१] शोधनायिकाबाट प्राप्त जानकारी ।

[२२] ऐजन ।

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] ऐजन ।

[२६] शोधनायिकाको श्रीमान्बाट प्राप्त जानकारी ।

काठमाडौंमा जागिरे छन् ।[२७] कान्छा छोरा आलोक ढुङ्गाना प्राविधिक शिक्षातर्फको स्नातक तह सकेर अहिले अध्ययनकै सिलसिलामा क्यानडामा रहेका छन् ।[२८] यी दुवै छोराहरू अविवाहित छन् । हाल एकहत्तर वर्षीया वृद्धआमा रुक्मिणी शारदासँगै रहेको जानकारी पाइन्छ ।

शारदाको विवाहपश्चात्को घरतर्फको संयुक्त परिवार हेर्दा वि.सं. २०४८/५/१८ मा बयानब्बे वर्षका ससुरा ब्रत्मप्रसाद ढुङ्गाना र वि.सं. २०५० मा सासुको मृत्यु भएको जानकारी प्राप्त हुन्छ ।[२९] शारदाका एक जेठाजु : जेठानी - बाबुराम ढुङ्गाना : सीता ढुङ्गाना, एक देवर : देउरानी - ईश्वरीप्रसाद ढुङ्गाना : अब्ज ढुङ्गाना रहेको जानकारी प्राप्त हुन्छ ।[३०] बाबुरामको परिवार चितवन-९, शरदपुर र ईश्वरीप्रसादको परिवार काठमाडौंमा रहेको छ । शारदाका चारओटी नन्द अमाजूमध्ये जेठी सर्वदा बराल चितवनको गणेशगञ्जमा, माइली शोभा भट्टराई काठमाडौं स्वयम्भूमा, साइली तिर्था कोइराला मुकुन्दुर नवलपरासीमा, कान्छी लीला अधिकारी मुकुन्दपुर नवलपरासीमा रहेको थाहा हुन्छ ।[३१] जेठाजुका छोराछोरी अशोक, अमित, तारा, गीता, समेतको संयुक्त परिवारमा शारदाले पन्ध्र वर्ष बिताएको जानकारी प्राप्त हुन्छ ।

शारदाको वैवाहिक जीवनकै सन्दर्भमा रहेर कुरा गर्दा शारदाका श्रीमान्सँग पूर्व देखभेट नभएको तर शारदाका नन्दहरू र शारदा एउटै विद्यालयमा अध्ययन गरेको हुँदा सामान्य चिनाजानी भए पनि मागी विवाह भएको जानकारी प्राप्त हुन्छ ।[३२]

### २.२.३ आर्थिक अवस्था र पेसा

निम्नमध्यमवर्गीय किसान परिवारमा जन्मेकी शारदा ढुङ्गानाको पुर्ख्यौली पेसा खेतीपाती भए पनि यिनका बुबा मुरलीधर भने कृषि पेसामा खासै संलग्न नरहेको जानकारी पाइन्छ ।[३३] पुर्ख्यौली पेसा खेती किसान र घरगृहस्थी भए पनि यिनका बुबा सरकारी जागिरे भएकाले घरायसी कामकाजमा आमालाई केही सघाए पनि धेरैजसो बुबासँगै पढ्न हिडेकाले यिनले खेती किसान कार्य खासै गर्नु नपरेको जानकारी पाइन्छ ।[३४]शारदाको पुर्ख्यौली पारिवारिक स्थिति  जेजस्तो भए पनि

---

[२७] शोधनायिकाको जेठाछोरा आशिषबाट प्राप्त जानकारी ।

[२८] ऐजन ।

[२९] शोधनायिकाको कान्छी नन्दबाट प्राप्त जानकारी ।

[३०] शोधनायिकाको श्रीमान्बाट प्राप्त जानकारी ।

[३१] शोधनायिकाको साइली नन्दबाट प्राप्त जानकारी ।

[३२] शोधनायिकाबाट प्राप्त जानकारी ।

[३३] ऐजन ।

[३४] ऐजन ।

शारदाको वर्तमानको आर्थिक अवस्था मध्यमवर्गीय रहेको जानकारी प्राप्त हुन्छ ।[३५] सामाजिक हैसियतअनुसार खर्चमा कटौती गर्नुपर्छ, घाँटी हेरी हाड निल्नुपर्छ भन्ने शारदाको परिवार बाहिरबाट झट्ट हेर्दा जति सक्षम देखिन्छ भित्री रूपमा हेर्दा पनि त्यत्तिकै सक्षम रहेको छ । दुई छोरामध्ये जेठो छोरा वीर अस्पतालमा कार्यरत छन् । कान्छो छोरा वि.सं २०६६ देखि क्यानडामा अध्ययनरत छन् । तसर्थ कान्छो छोराबाट आर्थिक सहायता प्राप्त हुने समय नभए पनि जेठो छोराबाट आर्थिक सहयोग हुन थालेको छ ।[३६] यता श्रीमान् विष्णुप्रसाद पनि लमजुङको मध्यमर्स्याङ्दी जलविद्युतमा जागिरे भएकाले यी सबैको सामूहिक प्रयासबाट वर्तमानमा मध्यमवर्गीय स्तरमा रहेको शारदाको परिवारको आयस्रोत भविष्यमा दरिलो हुने विश्वास गर्न सकिन्छ ।

## २.३ सेवा

पहिलो पटक वि.सं. २०५० सालदेखि वि.सं. २०५३ सालसम्म तीन वर्षको अवधिमा स-साना बालबच्चाहरूको रेखदेख गर्ने र पढाउने जिम्मेवारी लिएर काठमाडौंको बालाजुमा डे केयर संस्थाको व्यवस्थापक भएर शारदाले निजी सेवाबाट पेसा आरम्भ गरेको थाहा हुन्छ । दोस्रो पटक वि.सं. २०५३ देखि वि.सं. २०५६ सम्मको तीन वर्षको अवधिमा विष्णुमती आवासीय मा.वि.मा नेपाली शिक्षिका भएर शिक्षण कार्य गराएको पाइन्छ । तेस्रो पटक वि.सं. २०५७ देखि वि.सं. २०५८ सम्मको एक वर्षको अवधिमा लिटिल बुद्धज एकेडेमी काठमाडौंमा मा.वि.को आंशिक नेपाली शिक्षिका भएर अध्ययन गराएको पाइन्छ । चौंथो पटक वि.सं. २०५८ देखि वि.सं २०६१ सम्मको तीन वर्षको अवधिमा एक्टिभ एकेडेमी विद्यालयमा अध्यापन कार्य गरेको पाइन्छ । तर पेसाका सिलसिलामा शारदाको स्थायित्व भने कम देखिन्छ । डे केयर सेवा नचलेर छोड्नु परेको र अरु सबै शिक्षिका बनेका सेवाहरूमा कतै निजी विद्यालयका व्यवहार मन नपरेर त कतै आफ्नो उचित सम्मान र उचित तलबको अभावका कारण छोड्नु परेको जानकारी स्वयम् शोधनायिकाबाट थाहा हुन्छ ।[३७]

निजी पेसाका अतिरिक्त शारदाले सरकारी जागिर पनि खानुपर्छ भन्ने ध्येय राखी लोकसेवा आयोगमा चार पटकसम्म कहिले लिखितमा त कहिले मौखिक परीक्षामा असफल भएको तर पनि मनोबल नघटेको र असफल हुनुमा आफ्नो घरायसी व्यस्तताले गर्दा पूर्ण तयारी हुन नसकेको जानकारी हुन आउँछ ।[३८]

---

[३५] शोधनायिकाबाट प्राप्त जानकारी ।

[३६] शोधनायिका लगायत उनका परिवारजनबाट प्राप्त जानकारी ।

[३७] शोधनायिकाबाट प्राप्त जानकारी ।

[३८] ऐजन ।

यसरी हेर्दा कतै निजी सेवामा व्यवस्थापकको जिम्मेवारी सम्हाल्दै त कतै निजी विद्यालयमा र सरकारी विद्यालयहरूमा शिक्षण कार्यसमेत गरी वर्तमानमा घरगृहस्थी सम्हाल्दै अध्ययन जारी राखेकोले आफ्नो व्यक्तित्वलाई अझ तिखार्न वा परिपक्व पार्नमा सहायता मिलेको देखिन्छ ।

## २.४ साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश

शारदा ढुङ्गाना आफू चार/पाँच कक्षामा पढ्दाखेरीबाट नै अनौपचारिक रूपमा साहित्य सृजनकार्यमा लागेकी हुन् । प्रथमपटक **'पिंजडामा हामी'** र **'गरिबको छोरो'** कविता पत्रिकामा छपाएको तर पत्रिकाको नाम र समय स्मरणमा नआएको जानकारी पाइन्छ ।[३९] त्यसपछि शारदाका चारओटा पुस्तकाकार कृति प्रकाशित भएका छन् ।

साहित्यिक व्यक्तित्व अतिरिक्त शारदा समाजसेवाको भावबाट प्रेरित समाज सहयोगी व्यक्तित्व पनि हुन् । आफ्नो जीवनलाई व्यक्तिगत स्वार्थपूर्तिमा मात्र खर्चिनुभन्दा सामाजिक भलाई, हित र कल्याणमा पनि समर्पित हुनुपर्छ भन्ने शारदाको अभिमत रहेको छ । समाजका प्रत्येक व्यक्ति सामाजिक भावले प्रेरित भई आ-आफ्नो क्षमता र योग्यताले भ्याएसम्म समाज सेवामार्फत् राष्ट्रोन्नतिमा दत्तचित्त हुनुपर्दछ तबमात्र समृद्ध र उन्नत राष्ट्रको परिकल्पनाले साकार रूप लिन जान्छ भन्ने राष्ट्रवादी सोंच छ ।[४०] यिनै उदार र उदात्त भावबाट प्रेरित भई शारदाले छिटफुट रूपमा आफू शिक्षिका हुँदा जाडोयाममा स्वीटर नलगाई आउने विद्यार्थीलाई स्वीटर र किताब कापी किन्न नसकेका विद्यार्थीलाई किताब कापी किनिदिएको र मन्दिरहरू स्थापना, स्कूलहरू स्थापना हुँदा सहयोग गरेकी छिन् । मुख्य कुरा भ.न.पा. ९, शरदपुरमा ब्रह्म वसुन्धरा स्मृति प्रतिष्ठान खोलेर शिक्षा, स्वास्थ्य, साहित्य र समाजकल्याण कला र कृतिहरू विमोचन गरी सहयोग गर्ने लक्ष्य राख्दै पारिवारिक प्रतिष्ठानको स्थापना गरेकी छिन् । तर यसले पूर्ण रूप लिइनसकेको जानकारी प्राप्त भएको छ ।[४१] काठमाडौंको बूढानिलकण्ठको 'विपश्वना साधना केन्द्र' मा वर्षेनि सहयोग गर्दै आएको जानकारी प्राप्त भएको छ ।[४२] यसरी साहित्यिक, सामाजिक र शैक्षिक सङ्घसंस्थामा आबद्ध भई समाजसेवाका विभिन्न क्षेत्रमा सक्रियताकासाथ क्रियाशील हुँदै शारदाले योगदान पुऱ्याइरहेको देखिन्छ ।

### २.४.१ साहित्यिक क्षेत्रमा भएका कार्यहरू

शारदा ढुङ्गानाको साहित्यिक क्षेत्रमा भएको योगदान महत्त्वपूर्ण छ । सामाजिक र साहित्यिक गरी कार्यक्षेत्र विभिन्न भए तापनि सबै क्षेत्रलाई समानान्तर रूपमा शारदाले अगाडि बढाइरहेकी छन् । आफ्नै पारिवारिक पृष्ठभूमिको दृश्यावलोकन र व्यवहारको भोगाइ पश्चात् मनमा पैदा भएका

---

[३९] शोधनायिकाबाट प्राप्त जानकारी ।

[४०] ऐजन ।

[४१] रामहरि अधिकारी, लीला अधिकारी र बाबुराम ढुङ्गानाबाट प्राप्त जानकारी ।

[४२] शोधनायिकाबाट प्राप्त जानकारी ।

अनुभूतिबाट यिनी साहित्यसृजन कार्यमा लागेको थाहा हुन्छ ।[४३] यसको परिणामस्वरूप शारदाका निम्नलिखित चारओटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् :-

क) **अन्तिम द्वन्द्व** (उपन्यास, २०६२)

ख) **अचानो परेको जीवन** (उपन्यास, २०६३)

ग) **प्रश्न-चिह्न** (उपन्यास, २०६५)

घ) **वसुन्धरा स्मृतिकाव्य** (खण्डकाव्य, २०६६)

मूलतः यी कृतिहरूलाई वर्गीकरण गर्दा काव्य र उपन्यास विधाका कृति रहेको पाइन्छ । त्यसैगरी **'दुखेका दिन'** उपन्यास र **'तल्लो धरातल'** कथासङ्ग्रहचाहिँ कारणवश प्रकाशन हुन नसकेको पाइन्छ ।[४४]

यसका अतिरिक्त माओवादी द्वन्द्वकालमा महिलावर्गले भोगेका समस्या, सामाजिक विसङ्गति, विकृति, गरिबी, वैदेशिक रोजगार, अन्धविश्वास, सामाजिक रूढीजस्ता विषयवस्तु समेटेर लेखिएका शारदाका फुटकर रचनाहरू भएका कारण उनको लेखनकार्यले नैरन्तर्यता प्राप्त गरेको देखिन्छ । त्यसो त नारी साहित्य प्रतिष्ठानको सदस्य र ब्रह्म वसुन्धरा स्मृति प्रतिष्ठानको संस्थापक सदस्य भई साहित्यिक सङ्घसंस्था मार्फत् पनि साहित्योत्थानमा यिनले प्रशस्त मद्दत पुऱ्याइरहेको देखिन्छ ।[४५] यसप्रकार साहित्यका विविध विधामा गरी चारओटा कृति प्रकाशनका साथ विभिन्न साहित्यिक सङ्घसंस्थामा समेत क्रियाशील भई नेपाली साहित्यको यथार्थवादी फाँटमा शारदाले योगदान पुऱ्याइरहेको देखिन्छ ।

## २.४.२ सामाजिक क्षेत्रमा भएका कार्य

अत्यन्त सामाजिक भावले ओतप्रोत भइरहने शारदा ढुङ्गाना सामाजिक सेवामा पनि सक्रिय देखा पर्दछिन् । जीवनयापनको क्रममा कुशल गृहिणी भए पनि गृहिणीका अतिरिक्त बाँकी समय उनी सम्भव भएसम्म सामाजिक गतिविधिमा सरिक भइहाल्छिन् । थोरैमात्र सामाजिक सङ्घसंस्थामा आबद्ध भएकी शारदाले आफ्नो सरल, शिष्ट, भावुक र उदार व्यक्तित्वलाई सामाजिक सङ्घसंस्थामार्फत अझ उद्दीप्त पार्दै अगाडि बढाइरहेकी छिन् ।[४६]

अनौपचारिक रूपमा उनी विभिन्न सामाजिक क्षेत्रमा सहभागी भए पनि औपचारिक रूपमा खासगरी नारी साहित्य प्रतिष्ठान र ब्रह्म वसुन्धरा स्मृति प्रतिष्ठानको स्थापनार्थजस्ता प्रत्यक्ष योगदान

---

[४३] शोधनायिकाबाट प्राप्त जानकारी ।

[४४] ऐजन ।

[४५] शोधनायिका र रामहरि अधिकारीबाट प्राप्त मौखिक जानकारी ।

[४६] शोधनायिकाबाट प्राप्त जानकारी ।

पुऱ्याएको प्रसङ्गबाट उनी सामाजिक, साहित्यिक र शैक्षिक सङ्घसंस्थामा रही समाजसेवामा क्रियाशील भैरहेकै देखिन्छिन् ।

## २.५ रुचि

सानै उमेरदेखि नै शारदाको साहित्यतर्फ रुचि ज्यादा रहेको र खेलकुदप्रति कम रुचि रहेको पाइन्छ । विद्यार्थी जीवनमा विद्यालयमा उनी साहित्यिक कार्यक्रमहरूमा भाग लिन अग्रसर हुन्थिन् ।

सादा जीवन उच्च विचारको भावना राख्ने शारदा खानामा सामान्य नेपाली खाना र पहिरनमा पनि साधारण साडी ब्लाउज र कुर्ता सलवार लगाउन मन पराउँछिन् ।[४७] एकातर्फ प्राकृतिक स्थलको दृश्यावलोकन र अर्कोतर्फ भ्रमण गर्न साह्रै मन पराउने शारदाले यसको अतिरिक्त फुर्सदको समयमा अझ दिउँसोको समयमा साहित्यिक लेखन र समाचार सुन्न शारदाको विशेष रुचि देखिन्छ ।[४८]

यसरी हेर्दा शारदाको युवासमयको रुचि विशेषत: साहित्यतर्फ नै रहेको पाइन्छ । सामान्य नेपाली खाना खानु, साधारण पहिरन गर्नु र विभिन्न प्राकृतिक स्थलहरूको भ्रमण गर्नु उनको विशेष रुचि रहेको पाइन्छ ।

## २.६ स्मरणीय घटना

मानवीय जीवनयापनको सिलसिलामा कहिलेकाहीँ त्यस्ता घटनाहरू आइपर्छन् जुन घटनाहरूले व्यक्तिको मनस्थितिमा लामो समयसम्म प्रभाव पारिरहेको हुन्छ । व्यक्ति विशेषको जीवनमा विभिन्न समयमा फरक किसिमले असाधारण रूपले घट्ने घटनाहरू वास्तवमा जीवनभरका लागि स्मरणीय हुन्छन् । यहाँ शारदा ढुङ्गानाका जीवनमा घटेका स्मरणीय घटनाहरूमध्ये महत्त्वपूर्ण घटनाहरू समावेश गरिएका छन् ।

### २.६.१ सुखद घटना

वास्तवमा विहेपश्चात् नारीका लागि प्रिय वस्तु कुनै छ भने श्रीमान् प्रिय हुन्छ र सन्तान प्राप्त नारी छ भने सन्तान नै प्रिय हुन्छ भनेझैँ शारदाको कान्छो छोराले एस.एल.सी. पश्चात् लगातार छात्रवृत्तिमा पढेर छात्रवृत्तिमै विदेशी मुलुकमा स्नातक तह अध्ययन गर्न गएको जानकारी पाइन्छ ।[४९]

---

[४७] शोधनायिकाबाट प्राप्त जानकारी ।

[४८] ऐजन ।

[४९] ऐजन ।

श्रीमान् विष्णुप्रसाद ढुङ्गानाले एम.एस.सी वाटर रिसोर्समा प्रथम नम्बरमा नाम निकालेर पढ्न पाउनु भएको अत्यन्त सुखद अनुभूति गरेको पाइन्छ ।[५०] त्यस्तै कान्छी बहिनीलाई घर निर्माण गर्नमा सहयोग गर्न पाउँदा पनि आफूले सुखद अनुभूति गरेको जानकारी स्वयम् शारदाबाट थाहा हुन्छ ।

### २.६.२ दु:खद घटना

आफ्नी आमातर्फ लगातार छोरी छोरी भएर केटाकेटी अवस्थामा नै खल्लो महसुस गर्नु परेको र विहेपश्चात् देवरलाई राम्रो रेखदेख गरेर अभिभावकत्व प्रदान गरी आदर्श भाउजू बन्छु भन्दाभन्दै पनि देवरको विहेपश्चात् आफू उपेक्षित हुनुपरेको घटनाले शारदालाई मर्माहत बनाएको पाइन्छ ।[५१] जेठो छोरालाई विज्ञान सङ्कायअन्तर्गत स्नातकोत्तर अध्ययन गर्न चीन पठाउँदा मोटरसाइकल दुर्घटनामा परेर एउटा हात र एउटा खुट्टा भाँचिदा भएको आर्थिक नोक्सान र छोराको शारीरिक स्थिति सम्झदा बढी दु:ख लागेको जानकारी पाइन्छ ।[५२] बहिनीहरूको अभिभावकको रूपमा रहेकी शारदाले आफ्नी साइली बहिनी शोभा पौडेलमाथि ज्वाइँले विनाकारण सौता हाल्दा आफू वर्षौंसम्म छट्पटिएको र बहिनीको पिर पनि सन्तानको पिरभन्दा कम हुँदोरहेनछ भन्ने अनुभव गर्न पुगेको जानकारी प्राप्त भएको छ ।[५३] यसरी शारदाको जीवनमा दु:खद घटना पनि रहेको पाइन्छ ।

## २.७ भ्रमण

जन्मभूमि नेपालका सबै भू-भागप्रति उत्तिकै प्रेम दर्साउने शारदा ढुङ्गानाले विविध कारणवश मुलुकको सबैक्षेत्र पुग्न नसके पनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका प्राय: धेरै जिल्लाहरूको भ्रमण गरेकी छिन् ।

विद्यार्थी अवस्थामा नै जागिरे बुबासँगसँगै आफू धेरै स्थलहरूको भ्रमण गर्न पुगेकी हुन् । यसका अतिरिक्त स्वास्थोपचार र भ्रमणकै सिलसिलामा पनि यिनी भारतका सीतामणि, गोरखपुर र नौतनवाजस्ता प्रमुख स्थानहरूको भ्रमण गरेको पाइन्छ ।[५४] यसरी यिनी नेपाल तथा भारतका विभिन्न ठाउँहरूमा भ्रमण गरेको पाइन्छ ।

---

[५०] शोधनायिकाबाट प्राप्त जानकारी ।
[५१] ऐजन ।
[५२] ऐजन ।
[५३] ऐजन ।
[५४] ऐजन ।

## २.८ सम्मान तथा पुरस्कार

नेपाली साहित्यको सृजनामा सक्रिय शारदाको साधना र साहित्यसेवाको यथोचित कदर भएको पाइँदैन । सम्भवत: कक्षा ६ मा पढ्दा कविता प्रतियोगितामा सर्वप्रथम भएर आफ्नो जीवनमा पहिलोपटक शारदाले प्रशंसापत्र हात पारेकी थिइन ।[५५] महत्त्वपूर्ण रहेको यो घटना स्मरणयोग्य भएको र जसले भावी दिनमा सकारात्मक प्रोत्साहन गरी पटक पटक कविता लेख्दै सङ्घसंस्थाअन्तर्गत गएको शारदा प्रकट गर्दछिन् । नारी साहित्य प्रतिष्ठानले एक कार्यक्रममा फूलमाला पहिराइ सम्मान गरेको पनि पाइन्छ ।[५६] साँच्चै भन्नुपर्दा यस्तै छिटपुट रूपमा सम्मानित र पुरस्कृत भए पनि विशेष रूपमा शारदाको सम्मान हुन बाँकी नै रहेको देखिन्छ ।

## २.९ प्रेरणाको स्रोत

जीवनरूपी यात्रालाई समयसँगै हिडाउने क्रममा कुनै पनि मानिसलाई हरेक क्षेत्रमा अघि बढ्न कोही न कोही तथा कसै न कसैको आवश्यकता पर्दछ नै । वास्तवमा मान्छेले उचित मार्ग निर्देशन र प्रेरणा प्राप्त गर्ने अवसर पायो भने मात्र उसमा अन्तर्निहित क्षमता प्रस्फुटित हुने मौका पाउँछ र ऊ अझै खारिएर जान्छ । शारदा ढुङ्गाना पनि वर्तमान अवस्थासम्म आइपुग्नुमा मुख्य श्रेय आफ्नी सानीआमाको साथी छिमेकी पर्नेले आफूले गृहकार्य गर्न नजान्दा तिमीहरूको उमेरमा हाम्रो त कति तिखो दिमाग थियो, तिमीहरूको त छि :! के भाको हो भन्ने उपेक्षित भाव व्यक्त गरेकीले शारदालाई चिन्तनशील बन्न अनि गहन अध्ययनतर्फ लाग्न प्रेरणा प्रदान गरेको पाइन्छ ।[५७] त्यस्तै राष्ट्रिय स्तरका वरिष्ठ साहित्यकारहरूको कृतिहरूको अध्ययनबाट पनि उनलाई साहित्यसृजनामा प्रेरणा जागेको जानकारी प्राप्त हुन्छ । यसप्रकार शारदाको प्रेरणाको स्रोतमा सानीआमाको साथी र अन्य रहेको थाहा हुन्छ ।

## २.१० चिन्तन, विचार र दर्शन

शारदा ढुङ्गाना सानैदेखि आमाबुबाको दु:ख देख्न नसक्ने संवेदनशील नारी पात्र हुन् ।[५८] केटाकेटी अवस्थाबाट नै सानातिना घटनाबाट पनि प्रभावित भइरहने, चिन्तनशील, गम्भीर, सोचाइमग्न भइरहने, झट्ट नबोल्ने अन्तर्मुखी स्वभाव भएकी भावुक र संवेदनशील नारी हुन् ।[५९]

---

[५५] शोधनायिकाबाट प्राप्त जानकारी ।

[५६] ऐजन ।

[५७] ऐजन ।

[५८] शोधनायिकाको आमाबाट प्राप्त जानकारी ।

[५९] शोधनायिकाको सानीआमाबाट प्राप्त जानकारी ।

शारदा ढुङ्गाना अर्काको हित चाहने, सामाजिक भलाइ र मानवीयतालाई मनन गर्ने व्यक्ति हुन् ।[६०] शारदा ढुङ्गाना मेहनती र परिश्रमी छन् ।[६१] सानो छँदा झोडी स्वभाव भए पनि अहिले कुनै पनि काम सुरु गरेपछि त्यसलाई निमिट्यान्न पारेरै छोड्ने स्वाभिमानी र सम्वेदनशील नारी पात्र हुन् ।[६२] आफ्नो परिवारलाई समेटेर बस्ने मिलनसार व्यक्तित्व हुन् ।[६३] सहयोगी भावना र घरपरिवारमा समान व्यवहार गर्नुपर्छ भन्ने स्वभाव रहेको पाइन्छ ।[६४] साहित्यिक क्षेत्रमा रुचि राख्ने र आफ्नो विषय र क्षेत्रमा सक्षम रहेको पाइन्छ ।[६५]

समाजमा विद्यमान धार्मिक, साँस्कृतिक, नैतिक, ऐतिहासिक, आर्थिक, सामाजिक, वैचारिक, प्राकृतिक, राजनैतिक समसामयिक आदि अवस्थाबाट प्रभावग्रहण गर्दै व्यक्ति गतिशील हुन्छ । समाज र प्रकृतिमाझैँ मानिसको वैयक्तिक र सामाजिक जीवनचक्रमा अन्त: सम्बन्धात्मक मेल हुन्छ, अन्तर्द्वन्द्व हुन्छ, सङ्घर्ष हुन्छ । यही सङ्घर्ष नै जीवन हो, सङ्घर्षसँग जुध्नु नै जीवनको प्राप्ति हो भन्ने शारदाको चिन्तन रहेको छ ।[६६] अरूको गुणगान गाउनु र दोष कोट्याउनुभन्दा आफ्नो ऐना हेरी आफूलाई आवश्यक सुधार गर्नुपर्छ भन्ने विचार शारदाको पाइन्छ ।[६७] सेवा नै धर्म हो भन्ने पवित्र धारणाबाट प्रेरित शारदाले अरूको भलाइ र कल्याणका खातिर आफूलाई समेत समर्पण गर्न सक्नुपर्दछ त्यो नै मानवका लागि लाभदायक र उपलब्धिपूर्ण हुन्छ भन्ने अभिमत शारदाको रहेको पाइन्छ ।[६८]

शारदा कार्लमाक्सको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादबाट प्रभावित, वामविचारधारको निकटवर्ती रहेकी छिन् ।[६९] भौतिकवादलाई स्वीकारे पनि अध्यात्मवादप्रति पनि विश्वास राख्ने नित्यकर्म, पूजाआजा, ध्यान गर्नुपर्छ, ब्रत बस्नुपर्छ भन्ने विचार रहे पनि शारीरिक कष्टपूर्ण अध्यात्मको विरोध गर्दै आफूसक्दो पूजाआजा र ब्रतमा विश्वास गर्ने समन्वयवादी रहेको पाइन्छ ।[७०] उनको विचारमा धर्मको अध्ययन गर्दा सम्पूर्ण धर्मले पुनर्जन्म हुन्छ भनेको छ भन्ने मत प्रकट गरेको पाइन्छ । मानव जीवनमा केही उपलब्धिमूलक कार्य गर्न सक्नेका लागि जीवन सर्वश्व हो भने

---

[६०] तीर्था कोइराला, लीला अधिकारी र शोभा भट्टराईबाट प्राप्त जानकारी ।
[६१] शोधनायिकाको सानीआमाबाट प्राप्त जानकारी ।
[६२] ऐजन ।
[६३] शोधनायिकाको छिमेकीबाट प्राप्त जानकारी ।
[६४] शोधनायिकाको जेठानीबाट प्राप्त जानकारी ।
[६५] शोधनायिकाको जेठाजुबाट प्राप्त जानकारी ।
[६६] शोधनायिकाबाट प्राप्त जानकारी ।
[६७] ऐजन ।
[६८] ऐजन ।
[६९] ऐजन ।
[७०] ऐजन ।

केही गर्न नसक्नेका लागि केही पनि होइन यो शून्य हो भन्ने चिन्तन पाइन्छ ।[७१] आफ्नो धर्म, संस्कृति र परम्पराको ख्याल गर्दै विदेशीको नक्कलबाट जोगिनुपर्छ, सानालाई माया र ठूलालाई सम्मान र सत्कार गर्नुपर्छ भन्ने भावना शारदामा पाइन्छ ।

अर्काको सेवा गर्नुपर्छ, दुःख परेका अप्ठेरामा परेकालाई सहयोग गर्नुपर्छ, आफन्तमा पनि सहयोगी भावना राख्नुपर्छ आफू केही सक्षम भएपछि अरुलाई सक्दो सहयोग गर्नुपर्छ भन्नेजस्ता परोपकारी भावना रहेको पाइन्छ ।[७२]

यसरी शारदा अन्तर्मुखी, चिन्तनशील र भावुक व्यक्तित्वका रूपमा देखापरेकी छिन् । उनी सामाजिक हितलाई बढावा दिने, अरुको कुरा काट्नुभन्दा आफ्नो ऐना हेर्नुपर्ने र स्वावलम्बी बन्नुपर्ने विचारकका रूपमा देखापर्छिन् । भौतिक र आध्यात्मिकको समन्वयकर्ताका रूपमा शारदा आफूलाई स्थापित गर्छिन् ।

## २.११ निष्कर्ष

कुनै पनि मानिसको जीवनभर घटेका प्रमुख घटना वा उसले गरेका मुख्य कामहरूको विवरण जीवन-चरित्र नै जीवनी हो । समाजमा रहेका साहित्यिक व्यक्तित्वहरूले समाज र सिङ्गो मानव समुदायलाई नै विभिन्न प्रकारका उल्लेखनीय र अनुकरणीय योगदान दिइरहेका हुन्छन् । यसतवरले कुनै पनि व्यक्तिको जीवनीको अध्ययन, अनुसन्धान गर्ने सिलसिलामा उनीहरूबाट भएका योगदानको कदर गर्दै उनीहरूका जीवनका समग्र पाटाहरूलाई केलाउने खोजबिन गर्ने र विश्लेषण गर्ने काम गरिन्छ । यसै परिप्रेक्ष्यमा रहेर यहाँ नारी साहित्यकार शारदा ढुङ्गानाको जन्मदेखि वर्तमानसम्मको अध्ययन विश्लेषण प्रस्तुत गरिएको छ ।

साहित्यकार शारदा ढुङ्गानाका बुबाहरू पश्चिम नेपालअन्तर्गत रोल्पा जिल्लाको 'राखु' भन्ने ठाउँबाट बसाइँसराइको क्रममा बाग्लुङको पागा र स्याङ्जाको आरुखर्क गा.वि.स. हुँदै स्याङ्जाको फेदीखोला गा.वि.स. कुडुले गाउँ हुँदै चितवन झरेको थाहा हुन्छ भने शारदाका श्रीमान्का बुबाहरूचाहिँ नेपालकै लमजुङ जिल्लाको स्याक्लुङ भन्ने ठाँउबाट बसाइँसराइको क्रममा लमजुङकै दुराडाँडा हुँदै चितवन झरेको अवगत हुन्छ । बुबा मुरलीधर सुवेदी र आमा रुक्मिणी सुवेदीको प्रथम सन्तानका रूपमा वि.सं. २०२२/०६/०२ गते पोखराको मिसन अस्पतालमा जन्मिएकी शारदाले स्याङ्जा, भैरहवा, भरतपुर, जनकपुर, दाङ हुँदै पुनः भरतपुरका साथीभाइसँग आफ्नो बाल्यकाल बिताएकी थिइन् ।

[७१] शोधनायिकाबाट प्राप्त जानकारी ।
[७२] ऐजन ।

आफ्नै आमाबाबुबाट सामान्य अक्षरारम्भ भए तापनि कुडुले प्रा.वि. स्याङ्जाबाट औपचारिक शिक्षार्जन प्राप्त गरेकी हुन् । वि.सं. २०३८ सालमा प्रवेशिका परीक्षा पास गरेकी शारदाले वि.सं. २०४० मा वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरबाट प्रमाणपत्र तह, वि.सं. २०४६ मा व्यक्तिगत परीक्षार्थीका रूपमा स्नातक र वि.सं. २०६० मा नेपाली विषयमा त्रिचन्द्र क्याम्पसबाट स्नातकोत्तर उत्तीर्ण गरेको र वर्तमानमा एम.फिल. अध्ययनरत रहेको अवगत हुन्छ ।

आफू चितवन आई वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनमा प्रमाणपत्र तहमा अध्ययनरत रहँदा चितवनका ब्रह्मप्रसादका माहिला छोरा विष्णुप्रसाद ढुङ्गानासँग वैवाहिक सूत्रमा बाँधिएकी शारदाका दुई छोरा रहेका छन् । यिनी विभिन्न सरकारी तथा निजी विद्यालयमा केही समय शिक्षण कार्यमा पनि सहभागी भइन् । सानै उमेरदेखि साहित्यिक क्षेत्रमा विशेष रुचि राख्ने शारदाको वर्तमान अवस्थामा मध्यम स्तरको आर्थिक अवस्थामा रहेकी कुशल, गृहिणी र निष्पक्ष द्रष्टाका रूपमा रहेकी छिन् । सर्वप्रथम **'पिंजडामा हामी'** शीर्षकको कविता लेखेर नेपाली साहित्यको आकासमा उदाएकी शारदाका हालसम्म क्रमशः **'अन्तिम द्वन्द्व'** (उपन्यास), **'अचानो परेको जीवन'** (उपन्यास), **'प्रश्न- चिह्न**' (उपन्यास) र **'वसुन्धरा स्मृतिकाव्य'** (खण्डकाव्य) गरी जम्मा चारओटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् भने विविध कारणवश **'दुखेका दिन'** (उपन्यास) र **'तल्लो धरातल'** (कथासङ्ग्रह) प्रकाशोन्मुख अवस्थामा छन् ।

सदैव दुःखी गरिब र असहायहरूलाई सहयोग गर्न इच्छुक, अन्याय र अत्याचारको विरोध गर्ने भावुक र अन्तर्मुखी स्वभावकी शारदाले साहित्यका अतिरिक्त विभिन्न शैक्षिक र सामाजिक सङ्घसंस्थाहरूमा समेत सेवा पुऱ्याई आफ्नो बहुआयामिक व्यक्तित्वलाई अझ उच्च बनाएकी छिन् । सादा जीवन उच्च विचारलाई नै पछ्याउने बामपन्थी विचारधाराको निकट व्यक्ति भए पनि भौतिकता र आध्यात्मिकताको समन्वयकर्ताका रूपमा रहेकी साहित्यकार हुन् । वर्तमानमा घर निर्माण कार्यमा र अध्ययनमा व्यस्त रहेकी शारदा कार्यव्यस्तताका साथसाथै निरन्तर साहित्य सृजनामा क्रियाशील नारी साहित्यकार हुन् ।

# परिच्छेद : तीन

# साहित्यकार शारदा ढुङ्गानाको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

कुनै व्यक्तिमा हुने गुण वा विशेषतालाई व्यक्तित्व भनिन्छ ।[१] कुनै व्यक्तिको वैयक्तिक विशेषता देखाउने वा कुनै व्यक्तिले अरुलाई प्रभावित पार्ने व्यक्ति विशेषतामा निहित विशेषता वा व्यक्ति विशेषको निजीपन प्रकट गर्ने शब्दलाई व्यक्तित्व भनिन्छ ।[२] त्यस्तै कुनै पनि परिस्थितिसँग सम्झौता गर्ने क्रममा व्यक्ति विशेषले गाउँ, समाज र सिङ्गो राष्ट्रमा छाड्ने उसको प्रतिभा र क्षमताको गहन स्पष्ट र सारगर्भित छापलाई नै व्यक्तित्व भनिन्छ ।[३]

मानिसले सामाजिक परिवेशमा जिउने क्रममा जीवनजगत्का कुनै एक स्थान वा विविध स्थानमा एउटै व्यक्तिको संलग्नता हुने गर्छ ती संलग्न रहेका स्थानहरू नै व्यक्तिको व्यक्तित्वअन्तर्गतको पक्षहरू हुने गर्दछन् । त्यसो त कुनै व्यक्तिमा रहेको दक्षता, प्रतिभा, अभ्यास, अभिरुचि, बौद्धिक क्षमता र नैरन्तर्य नै व्यक्तित्व निर्धारणमा विशेष सहयोग पुऱ्याएका हुन्छन् । हरेक व्यक्तिको व्यक्तित्व निर्माणमा सम्बन्धित व्यक्तिकै जीवन भोगाइको क्रममा आइपर्ने अनेक प्रकारका परिस्थिति, घटना, आरोह-अवरोह, उतार-चढाव, क्रिया-प्रतिक्रिया, घात-प्रतिघात, चाप-प्रतिचाप, मोड-प्रतिमोड आदिजस्ता चक्रहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । व्यक्तिलाई बाँचेको परिवार, समाज, वातावरण लगायत उसको सङ्गतले पनि व्यक्तित्व निर्माणमा विशेष भूमिका खेलेको हुन्छ । कुनै एक व्यक्तिमा निहित उसका प्रतिभा र क्षमताका आधारमा उसको व्यक्तित्व निर्धारण हुन्छ । कुनै पनि व्यक्तिमा मूलभूत रूपमा आन्तरिक र बाह्य गरी दुई प्रकारका व्यक्तित्व हुन्छन् । यिनै दुई व्यक्तित्वमध्ये बाह्य व्यक्तित्व व्यक्तिको झट्ट हेर्दा देखिने बाह्य भौतिक आकर्षण हो । आन्तरिक व्यक्तित्व भन्नाले समाजमा व्यक्तिले पुऱ्याएको योगदान हो । यसबाट व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरमा परिचित हुने हुनाले आन्तरिक व्यक्तित्वबाट नै व्यक्तिको वास्तविक परिचय पाउन सकिन्छ ।

सबै व्यक्तिमा धेरै प्रकारका व्यक्तित्वहरू हुँदैनन् केही विशिष्ट व्यक्तित्वहरूमा मात्र यस किसिमका व्यक्तित्वहरू हुन्छन् । यसै विशिष्ट व्यक्तित्वहरू मध्येकी शारदा ढुङ्गाना पनि एक हुन् । यसकारण यहाँ उनका आन्तरिक र बाह्य दुवै व्यक्तित्वलाई देखाइएको छ ।

---

[१] रामचन्द्र ढुङ्गाना, (सम्पा.), **सङ्क्षिप्त नेपाली कोश,** पाँचौ संस्क., (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. ४८९ ।

[२] बालकृष्ण पोखरेल, (नि.), **नेपाली बृहत् शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प., २०४०, पुनर्मुद्रण : २०५५), पृ. १२४५ ।

[३] गङ्गाकुमारी (सुवेदी) भट्टराई, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९), पृ. ३० ।

## ३.२ बाह्य व्यक्तित्व

बाहिरबाट झट्ट हेर्दा देखिने पूर्ण शरीरको भौतिक संरचना नै कुनै पनि व्यक्तिको बाह्य व्यक्तित्व हो । शारदा ढुङ्गानाको बाह्य व्यक्तित्व आकर्षक देखिन्छ । चौवालीस वर्षको उमेर पाँच फिट तीन इन्चको उचाइ र साठी किलोग्राम तौल, शरीर सुहाउँदो ठिक्कको उचाइ र मोटाइ, गहुँगोरो वर्ण, न लामो न छोटो ठिक्कको तर केही घुम्रिएको कपाल, लगभग गोलाकार मुखमण्डल, चिन्तनशील आँखा, ठिक्कको नाक, दाहिने गालामा काततिर कोठी, सुहाउँदो ओठ, मिलेको चिउँडो, गम्भीर मुखमण्डल, प्राय: कुर्ता सलवार वा साडी ब्लाउजजस्ता साधारण लवाइमा रहने, आवश्यक कुरामात्र अड्कलेर बोल्ने मृदुभाषी, फूर्तिलो शरीर आदि पक्ष नै शारदा ढुङ्गानाको बाह्य व्यक्तित्व हो ।[४] बाहिरबाट हेर्दा देखिने फुर्तिलोपनसँगै भित्री रूपमा पनि खासै ठूलो दीर्घरोगबाट पीडित पनि छैनन् । सामान्यत: चिल्लो पिरो खानेकुराले समयसमयमा असर गरिरहने जानकारी शारदाबाट प्राप्त हुन्छ ।[५]

अरुसँगको कुराकानीमा विचारपूर्वक कुरा गर्ने, कुरा सुन्ने तर त्यससम्बन्धी केही सोचेर बुद्धि पुऱ्याएर मात्रै आफ्नो राय प्रकट गर्ने र रिस धेरै नउठ्ने हुनाले जोसुकै पनि शारदासँग कुराकानी गर्दा उनको सरलताको महसुस गर्दछन् । निसङ्कोच र निर्धक्कका साथ नहिच्किचाइकन प्रस्तुत हुने उनको प्रवृत्ति रहेको जानकारी पाइन्छ ।[६]

सरल, शिष्ट, सहयोगी र भलाद्मी व्यवहारले गर्दा शारदाको बाह्य व्यक्तित्वलाई थप उचाइमा पुऱ्याउन बल पुगेको पाइन्छ ।[७] बाह्य तडकभडक स्वीकार्य नहुने सादा जीवन र उच्च विचारको भावना राख्ने साहित्यकार शारदा ढुङ्गानाको मुखमण्डल सधैँ गम्भीर केही न केही सोचिरहेजस्तो सोचाइमग्न हुने तर थोरै बोल्ने अन्तर्मुखी स्वभावकी देखिन्छिन् ।[८]

शरीर सुहाउँदो मोटाइ, गहुँगोरो वर्ण, गम्भीर अनुहार, भावपूर्ण आँखा, मृदुभाषी र साधारण लवाइमा देखिने शारदाको बाह्य व्यक्तित्व साँच्चिकै आकर्षक पाइन्छ । धेरै विचार पुऱ्याएर थोरै बोल्ने, अरुको कुरा सुन्ने र आफ्नो पनि भन्ने प्रवृत्तिले गर्दा उनको बाह्य व्यक्तित्व थप प्रशंसनीय देखिन्छ ।

---

[४] शोधनायिकाबाट प्राप्त जानकारी ।

[५] ऐजन ।

[६] ऐजन ।

[७] लीला अधिकारीबाट प्राप्त जानकारी ।

[८] शोधनायिकासँगको प्रत्यक्ष भेटघाटबाट प्राप्त जानकारी ।

## ३.३ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिभित्रका गुण, प्रतिभा, क्षमताजस्ता विशेषतालाई आन्तरिक व्यक्तित्व भनिन्छ । समाजमा रहँदा भोगेका, सुनेका देखेका र अनुभव गरेका क्रिया-प्रतिक्रियाबाट नै व्यक्तिको व्यक्तित्व निर्माण हुने भएकाले यो समाजको पार्श्ववर्ती हुने गर्दछ । यसै सन्दर्भमा शारदा ढुङ्गानाको व्यक्तित्वमाथि दृष्टिप्रक्षेपण गर्दा उनको आन्तरिक व्यक्तित्व बहुमुखी रहेको देखिन्छ । शारदाले वर्तमानसम्म नेपाली साहित्यको उन्नति, प्रगति तथा समाजोत्थानमा पुऱ्याएको योगदानका बारेमा थाहा पाउनका निम्ति उनका जीवनका विभिन्न आयामहरूको अध्ययन नभए उनको सेवा र योगदान ओझेलमा परी हराउन सक्ने हुँदा यसको अध्ययन हुनु अत्यन्त आवश्यक छ । त्यसैले उनका आन्तरिक व्यक्तित्वका आयामहरूलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा बाँडिएको छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

मनभित्रका विचार वा भावनालाई लिपिबद्ध रूपमा उतार्नु साहित्य हो । साहित्यबाट जीवनजगत्मा घटेका यथार्थपरक घटनासँग एकाकार भएर समाजमा भएका अन्याय, अत्याचारको पर्दाफास गर्न साहित्यलाई हतियारको रूपमा प्रयोग गर्नु पर्दछ भन्ने विचार पाइन्छ । वि.सं. २०३२ सालदेखि वर्तमान समयसम्म नेपाली साहित्य साधनामा लागेकी शारदा अन्य साहित्यकारहरूबाट प्रेरणा ग्रहण गरी साहित्य सृजनामा लागेकी हुन् ।[९]

कविताविधाबाट सृजनारम्भ गरेकी शारदा पछि गएर उपन्यास, खण्डकाव्य र कथाजस्ता विविध साहित्यिक विधामा पनि उत्तिकै सक्रिय छिन् । साहित्य यात्राको आभ्यासिक चरण वि.सं. (२०३२-२०४९) मा यिनले फाट्टफुट्ट रूपमा तीज गीत र कविताहरू लेखे पनि अप्रकाशित रहेको स्वयम् शारदाबाट जानकारी प्राप्त हुन्छ ।[१०] सर्वप्रथम **'पिंजरामा हामी'** र **'गरिबको छोरो'** (अप्रकाशित) कविता लेखेर नेपाली साहित्यको फाँटमा उदाएकी शारदाका वर्तमानसम्म तीनओटा उपन्यास तथा एउटा खण्डकाव्य गरी जम्मा चारओटा कृतिहरू प्रकाशित छन् । त्यसैगरी **'दुखेका दिन'** (उपन्यास) र **'तल्लो धरातल'** (कथासङ्ग्रह) भने प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी हुन्छ ।

उनका कृतिहरूमा नारी भएकै कारण नारीले भोग्नु परेका दु:खपीडा र यातनालाई औँल्याउँदै मानवीय मूल्य-मान्यताको खोजी, व्यङ्ग्य-विद्रोह, जीवनका सुख दु:खात्मक अनुभूतिहरू जस्ता विशेषताहरू पाइन्छन् । विभिन्न पत्रपत्रिकामा उनका लेख र कविताहरू एवम् विभिन्न विधाका पुस्तकहरू प्रकाशन भएकाले उनको साहित्यिक व्यक्तित्व बहुआयामिक देखिन्छ ।

---

[९] शोधनायिकाबाट प्राप्त जानकारी ।

[१०] ऐजन ।

साहित्यकार शारदा ढुङ्गानाले सहज प्रतिभा गुण र सरल भाषाशैलीका माध्यमबाट समाजमा व्याप्त नारी अत्याचार र शोषणका विरुद्धमा कलम चलाउछिन् ।[११] आफैले भोगेका र आफ्नै आँखा अगाडि समाजमा घटेका घटनाको प्रस्तुति गर्न रुचाउने एक सामाजिक यथार्थवादी साहित्यकार हुन् ।[१२] शारदा एउटी कुशल सर्जक हुन् । उनमा देखाइ र भोगाइका क्रममा छरपष्टिएका समवेदनाका भावहरूलाई संवेदनशील भएर आफ्ना सिर्जनामा उतार्न सक्ने क्षमता छ । त्यसैले उनका कृति सापेक्षित बनेका छन् ।[१३] शारदाको साहित्यिक व्यक्तित्वको मूल्याङ्कनका क्रममा निम्नानुसार अध्ययन गरिएको छ ।

### ३.३.१.१ उपन्यासकार व्यक्तित्व

नारी साहित्य प्रतिष्ठानद्वारा **'अन्तिम द्वन्द्व'** (उपन्यास, २०६२) प्रकाशित गरेर नेपाली साहित्यको आकासमा पुस्तकाकार रूपमा सर्वप्रथम शारदा देखापर्छिन् । केवल नारी हुनाका कारणले मात्र विना कुनै गल्ती नारीले भोग्नुपरेको हृदयविदारक घटनाको सत्यतालाई प्रकाश पार्ने यस उपन्यासले पुरुषप्रधान समाज र पुरुषप्रधान मानसिकतालाई स्पष्ट पारेको छ ।[१४]

शारदाको दोस्रो कृति पनि नारी साहित्य प्रतिष्ठानद्वारा प्रकाशित **'अचानो परेको जीवन'** (उपन्यास, २०६३) मा नायिकको जीवन आत्महत्याबाट अन्त्य हुन गएकाले यसलाई नैराश्यमा असफल जीवनको प्रतिफल प्रदर्शन गर्न लेखिएको वियोगान्त उपन्यासका रूपमा लिइन्छ ।[१५] यस उपन्यासमा नारीको कारुणिक अवसान भएको बालविवाह, बहुविवाह, सामाजिक कुरीति, अन्धविश्वास, नारी शोषण समस्या, अन्याय तथा पुरुष अहम् र अभिमानमा नै केन्द्रित रही नारी समस्या र पीडाको चित्रण गरिएको छ । जुन हाम्रै समाजका समस्या हुन् भनिएको छ ।[१६]

शारदाको तेस्रो कृति पनि उपन्यास नै रहेको छ । जुन नारी साहित्य प्रतिष्ठानबाट नै वि.सं. २०६५ सालमा प्रकाशित भएको हो । नारीहरू पुरुषप्रति कसरी समर्पित हुन्छन् र पुरुष नारीका जीवनमा कति अन्यायी हुन पनि सक्छन् त्यसको यथार्थ यस कृतिमा छ ।[१७] नारीबाटै शोषित-पीडित नारीको पुस्ता हुर्किएको र जतिसुकै लात, घात, पीडा, वचन खेप्नु परे पनि नारी नारकीय

---

[११] लीला अधिकारीसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[१२] ऐजन ।

[१३] रामहरि शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[१४] प्रभा भट्टराई, *'अन्तिम द्वन्द्वका बारेमा केही कुरा'*, **अन्तिम द्वन्द्व,** शारदा ढुङ्गाना, (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६२), पृ.च ।

[१५] गीता केशरी *'अचानो परेको जीवनलाई नियाल्दा'*, **अचानो परेको जीवन,** शारदा ढुङ्गाना, (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६३), पृ. छ ।

[१६] नारी साहित्य प्रतिष्ठान, *'प्रकाशकीय'*, **अचानो परेको जीवन,** शारदा ढुङ्गाना, (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६३), पृ. ङ ।

[१७] अच्युतरमण अधिकारी, *'शारदाको प्रश्नचिन्हमाथि'*, **प्रश्न-चिह्न,** शारदा ढुङ्गाना, (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६५) ।

कर्मघरलाई स्वीकार्न विवश छे, समाज र परिवारले अझ उसलाई बाज बनेर ठुँगिरहेको नाङ्गो यथार्थ उद्घाटन भएको छ ।[१८]

यसरी नेपाली साहित्यको सामाजिक, यथार्थवादी धारामा रही औपन्यासिक पुस्तकाकार कृतिहरू सृजना गरी नेपाली औपन्यासिक क्षेत्रलाई हराभरा र समृद्ध पार्नमा शारदा ढुङ्गानाको औपन्यासिक व्यक्तित्वले उल्लेखनीय योगदान पुऱ्याएको प्रमाणित हुन्छ ।

### ३.३.१.२ कवि व्यक्तित्व

विद्यार्थी अवस्थाबाट नै कविता लेख्न सुरु गरेकी शारदाका **'पिंजरामा हामी'** र **'गरिबको छोरो'** दुईओटा कविताहरू लेखे पनि उपलब्ध हुन नसकेकाले उनको कवि व्यक्तित्व वि.सं. २०६६ सालमा आएर मात्र **'वसुन्धरा स्मृतिकाव्य'** प्रकाशन गरी नेपाली साहित्यमा कृतिगत कवि/खण्डकाव्यकार स्रष्टाका रूपमा देखापर्दछिन् । आफ्ना सासू-ससुराको चिरवियोगद्वारा सृजित शोकका भावनाहरू उद्गारित गरिएको प्रस्तुत काव्य नेपाली काव्यपरम्परामा नौलो रूपमा देखापरेको छ । [१९] ६ ओटा शीर्षक र शार्दूलविक्रीडित छन्दमा रहेको यस खण्डकाव्यमा सासूलाई बुहारीले आमाका रूपमा हेर्नुपर्ने र सासूले पनि बुहारीलाई छोरीकै स्थानमा राखी स्नेह दिनुपर्ने शिक्षा र सन्देश यस काव्यबाट प्राप्त गर्न सकिन्छ ।[२०] नारीलाई नारी पात्रद्वारा नै शोषण र दमन गर्ने हाम्रो समाजको कटु यथार्थलाई औपन्यासिक आधार बनाएकी स्रष्टाले आफ्नी सासूआमाको निधनको घटनाक्रमलाई यति सहज रूपमा उद्धृत गर्नु र सासूबुहारीको सहसद्भाव एवम् सामिप्यलाई खुला हृदयले काव्यमा समेट्नु यो काव्यको वैशिष्ट्य हो ।[२१]

यसरी शारदाले **'वसुन्धरा स्मृतिकाव्य'** नेपाली साहित्यमा सुम्पदै खण्डकाव्यकारका रूपमा स्थापित भएकी छिन् ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

कुनै एक व्यक्तिभित्र पनि धेरै प्रकारका रुचि, क्षमता, प्रतिभा, सीप र कौशल रहेका कारण समाजका अनेक कार्यक्षेत्रमा उसले आफूलाई संलग्न गराउन सक्दछ । यसै सिलसिलामा शारदा

---

[१८] गीता कार्की, *'जवाफविहीन प्रश्नचिन्ह'*, **प्रश्न- चिह्न,** शारदा ढुङ्गाना, (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६५) ।

[१९] गोविन्दराज विनोदी, *'आदर्श सासूप्रति आदर्श बुहारीको श्रद्धा र सम्मान'*, **वसुन्धरा स्मृतिकाव्य,** शारदा ढुङ्गाना, (भरतपुर : ब्रह्म-वसुन्धरा स्मृति प्रतिष्ठान, २०६६), पृ. क ।

[२०] ऐजन ।

[२१] रामहरि शर्मा अधिकारी, *'वसुन्धरा स्मृतिकाव्यलाई शब्दपुष्प'*, **वसुन्धरा स्मृतिकाव्य,** शारदा ढुङ्गाना, (भरतपुर : ब्रह्म-वसुन्धरा स्मृति प्रतिष्ठान २०६६), पृ. ङ ।

ढुङ्गानाको साहित्यिक व्यक्तित्वका साथै साहित्येतर व्यक्तित्व पनि उनमा पाइन्छ । यहाँ उनको साहित्येतर व्यक्तित्वलाई विभिन्न व्यक्तिहरूको धारणानुसार राखिएको छ ।

शारदाकी सानी आमाका अनुसार मेहनती र परिश्रमी नारी हुन् ।[२२] शारदाको श्रीमान्का अनुसार योग्य र कुशल गृहिणी हुन् ।[२३] शारदाकी जेठानीबाट प्राप्त जानकारी अनुसार सहयोगी भावना र परिवारमा समान व्यवहार गर्नुपर्दछ भन्ने प्रवृत्तिकी नारी पात्र हुन् ।[२४] शारदा एक कुशल गृहिणी हुनुका साथै नेपाली समाजमा केही लिन वा दिन सक्ने शिक्षित नारी भएकोले साहित्येतर आयाममा पनि व्यस्त र ऊर्जाशील रहने विश्वास लिएको छु ।[२५] शारदा एक शिक्षित महिला भएकाले उनी एक कुशल व्यवस्थापक भएर आफ्नो घर गृहस्थीलाई सहज ढंगबाट सञ्चालन गर्नसक्ने क्षमता भएकै कारणले गर्दा उनले घरेलु कामबाट फुर्सद निकालेर साहित्यका लागि समय छुट्याउन सकेकी छिन् ।[२६]

यसरी शारदाका सामाजिक, शिक्षक, प्रशासनिकजस्ता साहित्येतर व्यक्तित्व रहेको पाइन्छ ।

#### ३.३.२.१ सामाजिक व्यक्तित्व

शारदा ढुङ्गाना सामाजिक भावले ओतप्रोत हुने व्यक्ति हुन् । समाजको उन्नति र प्रगतिका लागि विभिन्न सङ्घसंस्था खोल्ने र संलग्न रही क्रियाशील भैरहने विशेषताहरू पाइन्छन् । उनी संलग्न रहेका सङ्घसंस्थाहरू निम्नलिखित छन् ।

अनौपचारिक रूपमा रही उनी विभिन्न सामाजिक क्षेत्रामा सहभागी भए पनि औपचारिक रूपमा खास गरी नारी साहित्य प्रतिष्ठान र ब्रह्म-वसुन्धरा स्मृति प्रतिष्ठान स्थापनार्थ प्रत्यक्ष योगदान पुऱ्याएको प्रसङ्गबाट उनी सामाजिक सङ्घसंस्थामा रही समाजसेवामा क्रियाशील भैरहेकै देखिन्छिन् ।

#### ३.३.२.२ शिक्षक व्यक्तित्व

वि.सं. २०५३ सालदेखि वि.सं २०५६ सालसम्मको तीन वर्षको अवधिमा विष्णुमती आवासीय मा.वि.मा नेपाली शिक्षिका भएर शिक्षणकार्य गरेको पाइन्छ । त्यसैगरी वि.सं. २०५७ सालदेखि वि.सं. २०५८ सालसम्मको एकवर्षे अवधिमा लिटिल बुद्धज एकेडेमी काठमाडौंमा मा.वि. को आंशिक नेपाली शिक्षिका भएर अध्यापन गराएको पाइन्छ । त्यसैगरी वि.सं. २०५८ सालदेखि वि.सं. २०६१

---

[२२] सानीमा दुर्गा सुवेदीसँग लिइएको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[२३] शारदाको श्रीमान्सँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी र

[२४] शारदाकी जेठानी सीतासँग लिइएको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[२५] रामहरि शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[२६] लीला अधिकारीसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

सालसम्मको तीनवर्षे अवधिमा एक्टिभ एकेडेमी विद्यालयमा अध्यापन कार्य गरेको जानकारी पाइन्छ ।[२७] यसले गर्दा उनको जीवनमा शिक्षक व्यक्तित्व महत्त्वपूर्ण रहेको पाइन्छ ।

### ३.३.२.३ प्रशासनिक व्यक्तित्व

शारदा ढुङ्गानाले वि.सं. २०५० सालदेखि वि.सं. २०५३ सालसम्म तीनवर्षको अवधिमा काठमाडौंको बालाजुमा डे केयर संस्थामा व्यवस्थापक भई प्रशासनिक जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेको पाइन्छ ।[२८]

### ३.३.३. जीवनी, व्यक्तित्व र साहित्यलेखनका बीच अन्त: सम्बन्ध

शारदा ढुङ्गानाको चौवालीस वर्षे (साङ्गोपाङ्ग) जीवनावधिमाथि दृष्टि पुऱ्याउँदा विभिन्न परिवेशबाट उनको जीवनचक्र सञ्चालन भएको देखिन्छ । स्याङ्जामा जन्मिएर आफ्नो बाल्यकाल बिताएकी शारदाको शिक्षादीक्षाचाहिँ स्याङ्जा, भैरहवा, चितवनबाट भएको देखिन्छ । शारदाको विद्यालयीय बाल्यकालीन शिक्षादीक्षा बुबाआमाको अभिभावकत्व र संरक्षणमा सुखदु:खपूर्ण वातावरणमा रहेको जानकारी प्राप्त छ ।

प्रवेशिका परीक्षामा पास गरेपछि चितवनको वीरेन्द्र बहुमुखी क्याम्पसबाट प्रवीणता प्रमाणपत्र तह पढ्दापढ्दै बिहे भएको र त्रि.वि.बाट व्यक्तिगत परीक्षार्थीको रूपमा स्नातक तह एवम् त्रिचन्द्र क्याम्पस काठमाडौंबाट स्नातकोत्तर तह पास गरेको र वर्तमानमा भने त्रिभुवन विश्वविद्यालय काठमाडौंमा एम.फिल गर्नमा तल्लीन देखिन्छिन् । विहेपश्चात् शारदाले केही वर्ष बालबच्चाको स्याहारसुसार गर्ने संस्था डे केयर खोली कार्य गरेकी, त्यसपछि काठमाडौं र दाङका विभिन्न विद्यालयहरूमा केही वर्ष शिक्षणकार्य गरेको देखिन्छ ।

विभिन्न सामाजिक एवम् शैक्षिक सङ्घसंस्थामा सम्बद्ध रही समाजसेवामा समर्पित शारदाले वर्तमानमा एम.फिल अध्ययनकार्यका अतिरिक्त कुशल गृहिणीका रूपमा जीवन बिताइरहेकी छिन् । विशेषत: व्यक्ति परिवार र समाजमा घटेका घटना र देखिएका विकृति-विसङ्गति अन्याय अत्याचारप्रति दृष्टि पुऱ्याई तिनलाई आफ्ना सृजना मार्फत प्रस्तुत गर्न चाहने शारदाका सृजनात्मक कृतिमा जीवनभोगाइका सत्यता र त्यस्तैखाले विभिन्न अनुभूतिहरू प्रतिबिम्बित भएका छन् । जीवनयापनका उतार-चढावबाट उनको सामाजिक, शिक्षक, प्रशासनिक आदि व्यक्तित्व निर्माण भएको देखिन्छ ।

यसप्रकार शारदाका स्रष्टा व्यक्तित्वका विभिन्न आयामहरूमध्ये उपन्यासकार व्यक्तित्व र कवि व्यक्तित्व नै सापेक्षिक तवरले उर्वर देखिन्छ । मौलिक सृजनाहरूमा सरल, सरस र सुबोधपूर्ण

---

[२७] शोधनायिकाबाट प्राप्त जानकारी ।

[२८] ऐजन ।

अभिव्यक्ति प्रयोग गरी जीवनभोगाइको अनुभूतिजन्य घटनाहरूका विकृति-विसङ्गतिहरूलाई सरल र सहज शैलीमा शब्दद्वारा प्रस्तुत गर्नसक्नु शारदाको वैशिष्ठ्य मानिन्छ । साहित्य लेखनको सिलसिलामा लेखनकला र लेखनशैली सदृढ बन्दै गइरहेको पाइन्छ । यिनै विविध प्रसङ्गले गर्दा नेपाली साहित्यको उन्नति र प्रगतिमा नैरन्तर्यता प्रदान गरेकी शारदा स्रष्टा व्यक्तित्वको रूपमा सुपरिचित साहित्यकार हुन पुगेकी छिन् ।

## ३.४ निष्कर्ष

कुनै पनि व्यक्तिको परिचय नै उसको व्यक्तित्व हो । एक व्यक्तिभित्र अनेक व्यक्तित्व समावेश हुन सक्छन् । जीवनका विभिन्न आयामहरू र समाजसँगको सम्बन्धको आधारमा व्यक्तित्वको निर्माण हुन्छ । कुनै पनि व्यक्तिको पूर्ण व्यक्तित्वलाई अध्ययन गर्नुपर्दा उसको बाह्य र आन्तरिक व्यक्तित्वको रूपमा अध्ययन गर्नुपर्दछ । यसैअनुसार शारदा ढुङ्गानाको व्यक्तित्वलाई पनि बाह्य र आन्तरिक गरी दुई भागमा उल्लेख गरिएको छ । बाह्य व्यक्तित्वको रूपमा सम्बन्धित व्यक्तिको शारीरिक रूप र मुखमण्डल रहेको छ भने आन्तरिक व्यक्तित्वअन्तर्गत साहित्यिक र साहित्येतर व्यक्तित्व रहेको छ । यसलाई पनि विभिन्न शीर्षकमा वर्गीकरण गरी शारदाको साङ्गोपाङ्ग व्यक्तित्वको उल्लेख गरिएको छ ।

अन्याय, अत्याचार, सामाजिक विकृति र विसङ्गतिको विरोध गर्दै समानता, स्वतन्त्रता र मानवताको पक्षमा वकालत गर्न शारदाका सृजनामा व्यङ्ग्य-विद्रोह र मानवतावादी भावना प्रचुर मात्रामा पाइन्छ । साहित्यकार शारदाका प्रवृत्तिहरूले उनका साहित्यमा पनि प्रभाव जमाएको पाइन्छ । साहित्यकार शारदा ढुङ्गानाको वर्तमानसम्मका प्राप्ति र उपलब्धिहरूलाई विश्लेषण गर्दा **'अन्तिम द्वन्द्व'** (उपन्यास, २०६२), **'अचानो परेको जीवन'** (उपन्यास, २०६३), **'प्रश्न-चिह्न'** (उपन्यास, २०६५), **'वसुन्धरा स्मृतिकाव्य'** (खण्डकाव्य, २०६६) गरी चारओटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । यसका अतिरिक्त फुटकर कविता, तीज गीत पनि रहेको पाइन्छ । **'दुखेका दिन'** (उपन्यास), **'तल्लो धरातल'** (कथासङ्ग्रह) प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

प्राय: शारदाका कृतिहरू बालविवाह, बहुविवाह र नारीजन्य पीडामा केन्द्रित रहेका पाइन्छन् । पारिवारिक र सामाजिक विकृति-विसङ्गति, जीवन भोगाइका उतार-चढावलाई यिनले आफ्ना रचनाका विषयवस्तु बनाएकी छिन् । आफूले समाजमा देखेभोगेका विविध घटना, अप्राप्ति, असन्तुष्टिहरू, विसङ्गति विकृतिहरूप्रति मन्द प्रहार गरेकी छिन् । यस किसिमले गर्दा यिनका कृतिहरू जे-जति प्राप्त छन् ती सबै विधागतका दृष्टिले सामान्य स्तरका छन् । आफ्ना जीवनका अनुभव, भावना र विचारहरूलाई साहित्य र साहित्येतर दुवै क्षेत्रबाट प्रस्तुत गरी समाजको निम्ति योगदान दिने साहित्यकार शारदा ढुङ्गानाको व्यक्तित्व समग्रमा सफल, सक्षम रहेको देखिन्छ ।

# परिच्छेद : चार

# साहित्यकार शारदा ढुङ्गानाको कृतित्वको अध्ययन

## ४.१ पृष्ठभूमि

यस परिच्छेद अन्तर्गत नेपाली साहित्यमा शारदा ढुङ्गानाको आगमन, साहित्यिक यात्रा र विधागत योगदानको उल्लेख गरिएको छ । यसै गरी उनको **'अन्तिम द्वन्द्व', 'अचानो परेको जीवन'**, **'प्रश्न चिह्न'** उपन्यास र **'वसुन्धरा-स्मृतिकाव्य'** खण्डकाव्यको विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

## ४.२ नेपाली साहित्यमा शारदा ढुङ्गानाको आगमन, साहित्यिक यात्रा र विधागत योगदान

नेपाली साहित्यका क्षेत्रमा मूलत: आख्यान र कविता विधामा शारदा ढुङ्गाना परिचित छन् । वि.सं. २०६२ सालमा **'अन्तिम द्वन्द्व'** उपन्यास पुस्तकाकार रूपमा प्रकाशन गरेर आख्यान विधाबाट आफ्नो सार्वजनिक साहित्य यात्रा सुरु गरेकी शारदाले वि.सं. २०६३ सालमा **'अचानो परेको जीवन'** उपन्यास, वि.सं. २०६५ सालमा **'प्रश्न-चिह्न'** उपन्यास र वि.सं. २०६६ सालमा **'वसुन्धरा स्मृतिकाव्य'** खण्डकाव्य प्रकाशन गरेर आफ्नो साहित्यिक व्यक्तित्वलाई परिपक्व अवस्थामा पुऱ्याएको पाइन्छ । यस समयसम्म उनको साहित्यिक व्यक्तित्व बहुमुखी धारमा रहेको देखिन्छ ।

### ४.२.१ लेखन कार्यको आरम्भ

शारदा ढुङ्गानाले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएकी छिन् । उनले वि.सं. २०३२ सालबाट अनौपचारिक रूपमा लेखनको आरम्भ गरेकी हुन् । पारिवारिक व्यस्तताका कारणले वि.सं. २०६१ सालसम्ममा प्रकाशित पुस्तकाकार कृति भने देखिदैनन् । वि.सं. २०६२ बाट औपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेकी शारदाले काव्य विधामा भने वि.सं. २०६६ सालमा **'वसुन्धरा स्मृतिकाव्य'** खण्डकाव्य प्रकाशित गरेर देखापरेकी हुन् । यसरी शारदा साहित्यिक व्यक्तित्वका रूपमा परिचित भएकी छन् ।

सुरुमै पुस्तकाकार कृति **'अन्तिम द्वन्द्व'** उपन्यास वि.सं. २०६२ सालमा प्रकाशित गरेर शारदा उपन्यासकारका रूपमा स्थापित हुन पुगिन् । उनको पुस्तकाकार कृति लेखनको आरम्भ पनि यहीबाट भयो त्यस्तै क्रमश: यिनले वि.सं २०६३ सालमा र वि.सं. २०६५ सालमा फेरि पनि

पुस्तकाकार रूपमै उपन्यास प्रकाशित गरेर उपन्यास विधामा सफलता हासिल गरेको पाइन्छ । वि.सं. २०६६ सालमा उनले **'वसुन्धरा स्मृतिकाव्य'** खण्डकाव्य प्रकाशित गराएको पाइन्छ ।

यसरी वि.सं २०६२ सालबाट लेखन आरम्भ गरेकी शारदाले नेपाली साहित्यप्रति प्रगाढ ममता बढ्दै जाँदा उनले आफ्नो साहित्यिक व्यक्तित्वलाई नेपाली साहित्यको विविध विधामा पुऱ्याएकी छन् तापनि उपन्यास विधालाई बढी उर्वरशील बनाएकी छिन् । यसरी उपन्यास र खण्डकाव्य विधाबाट नै उनलाई सफलता मिलेको छ ।

### ४.२.२ साहित्यिक यात्रा र प्रवृत्ति

वि.सं. २०३२ सालमा विद्यालयीय अध्ययनको सिलसिलामा नै साहित्यिक लेखनतर्फ अनौपचारिक रूपमा प्रवेश गरेकी शारदाको **'पिंजडामा हामी'** कविता लेखनका दृष्टिले पहिलो मानिन्छ । विभिन्न विधामध्ये सर्वप्रथम कविता विधाबाट अनौपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेकी शारदा औपचारिक वा प्रकाशनका दृष्टिले सर्वप्रथम वि.सं. २०६२ सालमा **'अन्तिम द्वन्द्व'** उपन्यास पुस्तकाकार कृति प्रकाशित गरेको देखिन्छ । सार्वजनिक रूपमा वि.सं २०६२ सालदेखि साहित्यमा प्रवेश गरेकी शारदाले वर्तमानसम्म पनि यस क्षेत्रमा सशक्त रूपमा कलम चलाइरहेकी नै छिन् ।

नेपाली साहित्यको विशेषत: आख्यान र खण्डकाव्य क्षेत्रमा कलम चलाएकी शारदाले वर्तमानसम्ममा चारओटा पुस्तकाकार कृति प्रकाशित गरिसकेकी छन् । शारदाको साढे तीन दशक लामो साहित्यिक यात्राको अवलोकन गर्दा यिनको काव्यप्रवृत्ति क्रमश: विस्तारै विकसित हुँदै गएर उत्कर्षमा पुगेको पाइन्छ । यस आधारमा शारदाको साहित्यिक यात्रालाई पूर्वार्ध र उत्तरार्ध गरी दुई चरणमा विभाजन गरेर अध्ययन गरिएको छ ।

#### ४.२.२.१ पूर्वार्ध चरण : (वि.सं. २०३२ सालदेखि वि.सं. २०६१ सालसम्म)

दश वर्षको कलिलो उमेरदेखि कविता रचना गर्न चालेकी शारदाको **'पिंजडामा हामी'** लेखनका दृष्टिले पहिलो कविता मानिन्छ । विद्यार्थी जीवनमा कविता लेखेर अनौपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेकी शारदाको औपचारिक यात्रा भने उपन्यास विधाबाट सुरु भएको पाइन्छ । प्रकाशनका दृष्टिले चौथो कृतिको रूपमा रहेको **'वसुन्धरा स्मृतिकाव्य'** यसै चरणमा लेखेको तर विविध कारणवश तत्काल प्रकाशित हुन नसकेको जानकारी पाइन्छ ।[१] वर्तमानमा उपलब्ध हुन नसकेको **'गरिबको छोरो'** कविता पनि यसै समयमा लेखिएको जानकारी प्राप्त हुन्छ ।[२]

---

[१] शोधनायिकाबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

रचना वा कृति प्रकाशनका दृष्टिले यो चरण शून्य रहेको पाइन्छ । यस अवधिमा उनको साहित्यिक यात्रा लेखनमा सक्रिय रहे पनि प्रकाशन भने हुन सकेन ।

यसरी वि.सं. २०३२ सालदेखि अनौपचारिक रूपमा साहित्यिक यात्रा थालनी गरेकी शारदाको यो चरण वि.सं. २०६१ सालसम्म मात्र सीमित रहेको पाइन्छ । यस चरणमा उनको कुनै पनि कृति पुस्तकाकारका रूपमा प्रकाशित भएनन् र फुटकर रचनाहरू पनि त्यति देखिएनन् । जम्मा दुईओटा फुटकर रचना भएकाले उनको यो चरण सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले आभ्यासिक देखापर्छ । त्यसैले शारदाको साहित्यिक यात्राको पूर्वार्ध चरणलाई आभ्यासिक रचनाका रूपमा हेर्न सकिन्छ ।

### ४.२.३.२ उत्तरार्ध चरण : (वि.सं. २०६२ सालदेखि हालसम्म)

वि.सं. २०६२ सालमा **'अन्तिम द्वन्द्व'** उपन्यास प्रकाशित भएपछि शारदाको साहित्यिक यात्रा उत्तरार्ध चरण वा दोस्रो चरणमा प्रवेश गर्दछ । पूर्वार्ध चरणमा फस्टाउन नसकेको उनको साहित्यिक व्यक्तित्व यस चरणमा फस्टाएको छ । प्रथम चरणको तुलनामा सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले, उर्वर रहेको शारदाको यस चरणमा **'अचानो परेको जीवन'** उपन्यास : २०६३, **'प्रश्न-चिह्न'** उपन्यास : २०६५ र **'वसुन्धरा स्मृतिकाव्य'** खण्डकाव्य : २०६६ गरी चारओटा साहित्यिक पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । बहुमुखी व्यक्तित्व भएकी शारदाको यस चरणमा पुस्तकाकार रूपमा तीनओटा उपन्यास र एकओटा खण्डकाव्य प्रकाशित भएको देखिन्छ । यस चरणमा देखापरेका उनका पुस्तकाकार कृतिहरूलाई हेर्दा उनी कविभन्दा उपन्यासकारको रूपमा बढी प्रसिद्ध र सफल देखिन्छिन् ।

यस चरणमा देखापरेका उनका क्रमशः **'अन्तिम द्वन्द्व'**, **'अचानो परेको जीवन'** र **'प्रश्न-चिह्न'** जस्ता सबै उपन्यासहरू समाजकेन्द्रित सामाजिक यथार्थवादी उपन्यास हुन् । यी उपन्यासले परम्परित विषय र शैलीलाई त्याग्न नसकेको देखिन्छ । यो उल्लेखित उपन्यासहरूमा बालविवाह, बहुविवाह, अनमेल विवाह, सौतेनी व्यवहार एवम् पितृसत्तात्मकताको आडमा गरिएको चरम दुर्व्यवहारलाई मुख्य विषयवस्तु बनाइएको छ ।

स्तरीयताका दृष्टिले यी उपन्यासहरू सामान्य छन् तर पनि मार्मिक छन् । सामाजिक घटनाको यथार्थ उजागर गर्नमा केन्द्रित यी तीन उपन्यासहरू नारी साहित्य प्रतिष्ठान काठमाडौंबाट क्रमशः २०६२, २०६३ र २०६५ मा प्रकाशित भएका हुन् ।

**'वसुन्धरा स्मृतिकाव्य'** खण्डकाव्य : २०६६, आफ्ना सासू-ससुराको चिरवियोगद्वारा सृजित शोकका भावनाहरू उद्गारित गरिएको काव्य हो । यो नेपाली परम्परामा नौलो रूपमा देखापरेको छ ।[३] शार्दूलविक्रीडित छन्द र ६ शीर्षक रहेको यस खण्डकाव्यमा सासूलाई बुहारीले आमाका रूपमा

---

[३] गोविन्दराज विनोदी, *'आदर्श सासूप्रति आदर्श बुहारीको श्रद्धा र सम्मान'*, **वसुन्धरा स्मृतिकाव्य,** शारदा ढुङ्गाना, (ब्रह्म वसुन्धरा स्मृति प्रतिष्ठान भरतपुर, २०६६), पृ. क ।

हेर्नु पर्ने र बुहारीलाई पनि छोरीकै रूपमा राखी स्नेह दिनुपर्ने जस्ता सासूबुहारीको सामीप्यतालाई खुला हृदयले काव्यमा समेटिएको छ ।

सङ्क्षेपमा भन्दा शारदाको साहित्ययात्राको पूर्वार्ध चरणको तुलनामा उत्तरार्ध चरण निकै फराकिलो देखिन्छ । उनको पूर्वार्ध चरण आभ्यासिक चरणको रूपमा देखापर्दछ भने उत्तरार्ध चरण क्रमशः विकसित, उर्वर र सशक्त देखापर्दछ ।चारओटा साहित्यिक पुस्तकाकार कृतिहरू यसै चरणमा प्रकाशित गराएर शारदाले आफूलाई सफल साहित्यकारको रूपमा परिचित गराएकी छन् । यस चरणले शारदालाई एउटा सफल उपन्यासकारका रूपमा चिनाएको छ । यसका अतिरिक्त उनले खण्डकाव्यकारका रूपमा पनि आफ्नो वैशिष्ट्यलाई प्रस्तुत गरेकी छिन् । साहित्यकार शारदा ढुङ्गानाका प्रवृत्तिहरू यसप्रकार छन् :

क. समाजका यथार्थ घटनाको प्रस्तुति गर्दै आदर्शतिर उन्मुख रहने आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति पाइन्छ ।

ख. परम्परागत नीति, नियम, आचरण र दृष्टिकोणले स्थान पाएका छन् ।

ग. नारी भएकै कारण अपहेलित हुनुपरेको कमजोर मानसिकताको प्रस्तुति पाइन्छ ।

घ. नारीको सोचाइ, नारीको मानसिकता, कुण्ठा, अनुभव र पीडाको सवल प्रस्तुति पाइन्छ ।

ङ. नारी भोगविलास र मनोरञ्जनको साधन होइनन् भन्दै अनावश्यक रूपमा नारीमाथि सौता हाल्ने प्रवृत्तिप्रति चर्कोविरोध पाइन्छ ।

च. नारी अब मौन छैनन् बरु पुरुष अहम्का विरुद्ध साङ्गठनिक रूपमा क्रियाशील हुँदैछन् भन्ने साङ्गठनिक नारी हक हितको पक्षधरता पाइन्छ ।

छ. जीवन जिउनका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने जीवनवादी चेतनाको प्रस्तुति पाइन्छ ।

ज. घटनालाई विश्वसनीयता यथार्थपरक बनाउन चिठी पत्र आदिको प्रयोग पनि पाइन्छ ।

झ. चेतन, अवचेतनको द्वन्द्व देखाउँदै चेतनभन्दा अवचेतन प्रबल रहँदा सृजित दुर्घटनाको प्रस्तुति रहेको छ ।

ञ. मानवीय मनोदशाका अनेक रूपको मूलतः यौनजन्य असामान्य कुण्ठा, अतृप्ति, दमित स्थितिको विश्लेषण पाइन्छ ।

ट. जीवनको निस्सारताबोध एवम् उपेक्षापूर्ण भोगाइको अभिव्यक्ति पाइन्छ ।

ठ. सामाजिक संस्कार, नैतिक मूल्यमान्यता एवम् अस्तित्व रक्षा आदि यथार्थताको प्रस्तुति रहेको छ ।

ड. धनसम्पत्तिको लोभमोहमा आफ्नै भाउजूप्रति राखेको कुदृष्टिप्रति व्यङ्ग्य तथा आलोचना रहेको छ ।

ढ. मान्छेले आफ्नो निर्णय आफै गर्न पाउनुपर्ने आत्मसत्ता स्थापना गर्ने दृष्टिकोण रहेको छ ।

ण. मान्छेको उन्नतिप्रगतिमा कोही सहायक नबन्ने अथवा खुट्टा तान्ने प्रवृत्तिप्रतिको आलोचना रहेको छ ।

त. विसङ्गति र सन्त्रासमय अवस्थाका बीच पनि अस्तित्वको खोजी गरिएको छ ।

थ. जाति, लिङ्ग, वर्ण र धर्मकाकारण शोषित हुन नहुने बरु समतामूलक समाजको अपेक्षा गरिएको छ ।

द. सामाजिक न्यायको अभावकाकारण भोग्नुपर्ने दुर्घटनाप्रति व्यङ्ग्य पाइन्छ ।

ध. प्रतिनिधि पात्रको प्रयोगद्वारा सामाजिक विसङ्गतिप्रति विमति प्रकट गरिएको छ ।

न. बालविवाह, अनमेलविवाह, बहुविवाह र दाइजोप्रथाप्रति असहमति रहेको पाइन्छ ।

प. स्थानीय भाषिका र सरल भाषाको प्रयोगबाट नेपाली पहाडीया जीवनको प्रस्तुति रहेको छ ।

यसरी साहित्यकार शारदा ढुङ्गानाका प्रवृत्तिहरूलाई उनका कृतिगत अध्यनका आधारमा उल्लेख गरिएको छ ।

## ४.३ उपन्यासको सैद्धान्तिक परिचय

उपन्यास तत्सम शब्द हो । यसको शाब्दिक व्युत्पत्ति हेर्दा 'उप' र 'नि' उपसर्ग लागेको 'अस्' धातुमा 'धञ्' (अ) प्रत्यय लागेर उप + नि + अस् (धञ्) = 'उपन्यास' शब्दको निर्माण भएको हो । उपन्यास गद्यमा रचना गरिएको कथात्मक साहित्यिक रूप हो । उपन्यासलाई आख्यानको एउटा महत्त्वपूर्ण रूप मानिन्छ । मोहनराज शर्माका अनुसार महाकाव्यको रूपान्तरण प्रक्रियाबाट विकसित विधा भए पनि उपन्यास समकालीन साहित्यका रूपहरूमा सबैभन्दा विराट साहित्य रूप हो ।[४] निश्चित मूल्य प्राप्त तथा व्यापक परिधि समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ ।

### ४.३.१ उपन्यासको परिभाषा

कुनै पनि गतिशील वस्तुलाई परिभाषा गर्न सकिँदैन । गतिशील वस्तुहरू परिभाषामा समेटिन सक्दैनन् । समय र परिवेशका कारण तिनीहरूको स्वरूपमा परिवर्तन हुने भएकोले त्यस्ता वस्तुलाई परिभाषाबद्ध गर्न नसकिएको हो । परिवर्तनशील समाजको अभिव्यक्ति दिने साहित्य पनि परिवर्तनशील हुन्छ । त्यसैले परिवर्तनशील वस्तु वा विधा विशेषलाई परिभाषाबद्ध गर्न सकिँदैन तर अध्ययन सुविधाको लागि केही परिभाषाहरूलाई उल्लेख गर्नु सान्दर्भिक हुन्छ । प्रेमचन्दका अनुसार म उपन्यासलाई मानव-चरित्रको चित्र मात्र सम्झन्छु । मानव चरित्रमाथि प्रकाश पार्नु त्यसको रहस्यलाई खोल्नु नै उपन्यासको मूल तत्त्व हो ।[५] प्रयोगात्मक नेपाली शब्दकोशका अनुसार खास समाजका परिवेश तथा चरित्रहरूको चित्रण भएको धेरै परिच्छेदहरूमा विभाजित आख्यानात्मक गद्यरचनालाई उपन्यास भनिन्छ ।[६] इन्द्रबहादुर राईका अनुसार यथार्थसँग परिचयन, सत्यको सत्यापन, मूल्यको संरक्षण, जीवनको वैविध्यतामाथि एकरूपता प्रदान जीवन शिक्षण, व्यक्तिताको पुनरन्वेषण तथा मानवताको प्राप्ति उपन्यासका प्रमुख उत्तरदायित्व हुन् ।[७] यसरी हेर्दा विभिन्न विद्वान्हरूले उपन्यासलाई आ-आफ्नै किसिमबाट परिभाषित गरेको पाइन्छ ।

### ४.३.२ उपन्यासका तत्त्वहरू

उपन्यासका लागि चाहिने तत्त्वहरू यति नै हुन् भनी किटान गर्ने क्रममा विद्वान्हरूबीच मतैक्यता पाइँदैन तापनि उपन्यासका आधारभूत तत्त्वहरूका सम्बन्धमा भने सबैको एउटै मत रहेको

---

[४] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** (काठमाडौं : ने.रा.प्र.प्र., २०५५), पृ. ४५१ ।

[५] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. १५३ ।

[६] हेमाङ्गराज अधिकारी तथा अन्य (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश,** (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६१), पृ. ११५ ।

[७] इन्द्रबहादुर राई, **नेपाली उपन्यासका आधारहरू,** (दोस्रो संस्क.), (ललितपुर : साझा प्रकाशन, २०५०), पृ. ३०८ ।

छ । खासगरी कथानक, पात्र परिवेश, कथोपकथन, उद्देश्य, दृष्टिबिन्दु भाषाशैलीजस्ता तत्त्वहरूका आधारमा शारदाका उपन्यासहरूको अध्ययन गरिन्छ ।

### ४.३.२.१ कथानक

कथानक उपन्यासको महत्त्वपूर्ण आधारभूत तत्त्वको रूपमा रहेको हुन्छ । उपन्यासमा घट्ने घटनारूपी समूहहरूको समष्टी रूप नै कथानक हो । उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचालाई कथानकका रूपमा लिइन्छ । कथानकमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएको र व्यवस्थित गरिएका हुन्छन् । कथाको संरचनाभित्र कथानक रहेको हुन्छ । आदि मध्य र अन्त्यको शृङ्खलामा बाँधिने कथानक योजनाबद्ध हुन्छ । उपन्यासभित्र आदिदेखि अन्त्यसम्मका घटनाहरूको शृङ्खला हुन्छ, त्यही पूर्ण शृङ्खलित घटनाहरू नै उपन्यासको कथानक हो ।[८] कृष्णहरि बराल र नेत्र एटमका अनुसार उपन्यास लेखन गर्दा उपन्यासकारले इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरैकल्पना गरी पाँच पक्षका स्रोतमध्ये कुनै एकबाट कथानक लिइएको हुन्छ ।[९] यसलाई कार्य-कारण तारतम्यपूर्ण सूत्रबद्ध अर्थमा घटनाहरूको सङ्गठनको जम्माजम्मीको रूपमा उपन्यासको आकृति खडा हुन्छ ।[१०] जुनसुकै आख्यानात्मक रचनामा कथावस्तुको भूमिका महत्त्वपूर्ण हुन्छ । उपन्यास पनि आख्यानात्मक साहित्य भएकाले एउटा सफल र सशक्त उपन्यास रचनाका लागि कथानक अपरिहार्य तत्त्व सावित भएको छ ।

### ४.३.२.२ पात्र

कथालाई अघि बढाउने व्यक्तिलाई पात्र भनिन्छ । उपन्यासको सिङ्गो संरचना हुनको लागि पात्रहरूले नै ऊर्जा प्रदान गर्दछन् । यसले उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने काम गर्दछ । आजको समाज जटिल र विषमतायुक्त छ साथै मनोविज्ञान र मनोविश्लेषणको बढ्दो विकास र यसप्रतिको अभिरुचिले गर्दा पात्रका विभिन्न अन्त: चेतना र संवेदना तथा यसको परिवेशमा आधारित पात्रको स्थान मूल्यवान हुँदै गएको छ ।[११] टंकप्रसाद न्यौपानेका अनुसार उपन्यासभित्रका हर्ष, विषाद, जय-पराजयसँग सम्बन्धित् विभिन्न घटनाहरूका कर्ता, भोक्ता वा द्रष्टालाई पात्र वा चरित्र भनिन्छ ।[१२] मोहनराज शर्माका अनुसार पात्रको वर्गीकरण लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव,

---

[८] कमलप्रसाद सापकोटा, **माइतघर उपन्यासको कृतिपरक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५९), पृ. १८ ।

[९] कृष्णहरि बराल र नेत्र एटम (सम्पा.), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** (ललितपुर : साझा प्रकाशन, २०५६), पृ. २४ ।

[१०] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** (तेस्रो संस्क.), (ललितपुर : साझा प्रकाशन, २०५६), पृ. २५ ।

[११] मोहनहिमांशु थापा, **साहित्य परिचय,** दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४२) पृ. ११३ ।

[१२] टंकप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा,** उद्धृत, प्रेमराज लामिछाने, **स्वप्नभङ्ग उपन्यासको कृतिपरक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन, २०५९) पृ. २० ।

जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा गर्न सकिन्छ ।[१३] लिङ्गका आधारमा स्त्री र पुरुष, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गीय र व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य र मञ्चीय, आबद्धताका आधारमा बद्ध र मुक्त आदि रहेको पाइन्छ ।

### ४.३.२.३ परिवेश

उपन्यासमा रहेका पात्रहरूले कार्यव्यापार गर्ने र घटनाहरू घटित हुने वस्तुजगत्लाई परिवेश भनिन्छ । यसभित्र देश-काल र वातावरण पर्दछन् ।[१४] कथाकार र चरित्र देश-कालको वातावरणमा आबद्ध भई त्यसै युगको सामाजिक परिस्थितिले उपन्यासलाई सङ्गति दिन्छ । कृष्णचन्द्रसिंह प्रधानका अनुसार देशकालको तात्पर्य वातावरणको कुनै सीमा हो, जसको परिवेश अन्तर्गत उपन्यासले आफ्नो संसार सृष्टि गर्दछ ।[१५] देश, काल र वातावरण विना उपन्यासकारले कथानकलाई विश्वसनीयता, यथार्थता र ऐतिहासिकतालाई सङ्गति प्रदान गर्न सक्दैन ।[१६] राजेन्द्र सुवेदीका अनुसार परिवेशमा आउने क्रियाशीलताले पात्रको मानसिक क्रियाशीलता र त्यसको भौतिक प्रतिक्रिया जन्माउन पनि प्रमुख भूमिका खेलेको हुन्छ ।[१७] त्यसैले उपन्यासमा प्रयोग हुने तत्त्वहरूमध्ये परिवेश वा देश, काल र वातावरण पनि एउटा महत्त्वपूर्ण औपन्यासिक तत्त्व हो ।

### ४.३.२.४ कथोपकथन /संवाद

कथोपकथन वा संवाद भनेको पात्रहरूबीच एकआपसमा गरिने कुराकानी हो । उपन्यासमा नवीनता, रोचकता र कौतुहलतापूर्ण स्थिति र वातावरण सिर्जनाको लागि संवादको महत्त्वपूर्ण भूमिका हुन्छ ।[१८] संवादको प्रमुख कार्य औपन्यासिक चरित्रको चित्रण गर्नु र घटनाहरूलाई नाटकीकरण गरेर अगाडि लैजानु हो ।[१९] उपन्यासमा संवाद जति प्राकृतिक किसिमको र तथ्यपूर्ण हुन्छ त्यति नै उपन्यासले सफलता प्राप्त गर्दछ । तसर्थ उपन्यासमा कथोपकथन वा संवादको भूमिका औचित्यपूर्ण देखिन्छ ।

---

[१३] मोहनराज शर्मा, **समाकालीन समालोचना सिद्धान्त र प्रयोग,** पूर्ववत्, पृ. ३४९-९६ ।

[१४] मोहनराज शर्मा, **समाकालीन समालोचना सिद्धान्त र प्रयोग,** पूर्ववत्, पृ. ३९९ ।

[१५] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** पूर्ववत्, पृ. १० ।

[१६] ऐजन, पृ. २५ ।

[१७] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** (वाराणसी : भुमिका प्रकाशन, २०५३), पृ. १९ ।

[१८] कृष्णहरि बराल र नेत्र एटम, (सम्पा.) **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत्, पृ. ३४ ।

[१९] मोहनहिमांशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ. १२८ ।

### ४.३.२.५ उद्देश्य

उपन्यासकारले उपन्यासको माध्यमबाट दिन चाहेको चिन्तन, विचार वा सन्देश नै उपन्यासको उद्देश्य हो । उपन्यासकारले आफ्नो जीवनमा भोगेका, देखेका वा अनुभव गरेका दु:खपीडा, आनन्दजस्ता कुराहरूलाई उपन्यासमा प्रस्तुत गर्ने उद्देश्य लिएको हुन्छ । मोहनराज शर्माका अनुसार उपन्यासको प्रमुख उद्देश्य समसामयिक यथार्थको उद्घाटन गर्नु हो भन्ने मानिन्छ ।[२०] उद्देश्यलाई प्रयोजन पनि भनिन्छ । कृष्णचन्द्रसिंह प्रधानका अनुसार प्रयोजनविनाको कल्पनाले औपचारिक स्वरूप लिन नसक्ने हुँदा उपन्यासमा कुनै न कुनै उद्देश्य निहित हुन्छ चाहे त्यो प्रत्यक्ष आरोपित होस् अथवा परोक्ष रूपमा अन्तर्निहित ।[२१] अत : उपन्यासकारले आफ्ना आस्था मान्यता र जीवनजगत्प्रतिको कुनै एक पक्षको दृष्टिकोणलाई उद्देश्यमार्फत् प्रस्तुत गरेको हुन्छ ।

### ४.३.२.६ दृष्टिबिन्दु

उपन्यासकारले आफ्नो लेखकीय अभिव्यक्ति दिनका लागि सिर्जना गर्ने त्यो परिप्रेक्ष्य दृष्टिबिन्दु हो जसद्वारा उपन्यासकारले चरित्र, कार्यव्यापार, परिवेश आदि पक्षहरूलाई पाठकसामु राख्दछ ।[२२] मोहनराज शर्माका अनुसार दृष्टिबिन्दु समाख्याता पनि हो र पाठकले यसका माध्यमबाट नै कथ्य ग्रहण गर्दछ । दृष्टिबिन्दु प्रथम पुरुष र तृतीय पुरुष गरी दुई प्रकारका हुन्छन् ।[२३] प्रथम पुरुष दृष्टिबिन्दुमा समाख्याता 'म' वा 'हामी' पात्रका रूपमा र तृतीय पुरुष दृष्टिबिन्दुमा समाख्याता 'ऊ' पात्रका रूपमा हुन्छ । डा. ऋषिराज बरालका विचारमा दृष्टिबिन्दु उपन्यासमा आदिदेखि अन्तसम्म तन्किएको एउटा धागोको रूपमा देखापर्दछ र प्रष्ट रूपमा यसले उपन्यासको संरचनागत प्रभावकारितामा महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ । त्यसैले दृष्टिबिन्दु कथाकथनको परिपाटी र यथार्थप्रतिको ठम्याइको निचोड हो ।[२४] यसरी दृष्टिबिन्दु उपन्यासको आवश्यकीय तत्त्व सावित भएको छ ।

### ४.३.२.७ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली स्रष्टाको विशिष्ट रूप हो, कला हो ।[२५] शैली व्यक्तिको स्वरूप हो, त्यसैले व्यक्ति भाषा हो भने व्यक्तिको व्यक्तित्व नै त्यसको शैली हो । भाषाका

---

[२०] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** पूर्ववत्, पृ. ४१४ ।

[२१] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** पूर्वतत्, पृ. ११ ।

[२२] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, पूर्ववत्, पृ. ४१४ ।

[२३] ऐजन, पृ. ४१४-४१५ ।

[२४] ऋषिराज बराल, **उपन्यासको सौन्दर्यशास्त्र,** (ललितपुर : साझा प्रकाशन, २०५६), पृ. ४९ ।

[२५] दिनामणि आचार्य, **अनिदो पहाडसँगै उपन्यासको कृतिपरक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पस, २०५८), पृ. २७ ।

माध्यमबाट व्यक्तिले आफ्नो भावना वा विचार व्यक्त गर्दछ । भाषाका माध्यमबाट भावना र विचार प्रस्तुत गर्ने ढङ्ग वा विधिलाई शैली भनिन्छ ।[२६] आजभोलि वर्णनात्मक, पत्रात्मक, आत्मकथनात्मक, डायरी लेखन आदि विविध शैलीहरूको उपयोग गरी उपन्यासहरू रचिएको पाइन्छ ।[२७] यसरी भाषाशैली उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । उपन्यासमा सरल सहज र स्वभाविक भाषाशैलीको अपेक्षा गरिन्छ ।

यिनै औपन्यासिक तत्त्वका आधारमा शारदा ढुङ्गानाका उपन्यासहरूको अध्ययन गरिन्छ ।

### ४.३.३ 'अन्तिम द्वन्द्व' उपन्यास (२०६२) को अध्ययन

**'अन्तिम द्वन्द्व'** उपन्यास साहित्यकार शारदा ढुङ्गानाको प्रथम प्रकाशित उपन्यास हो । यस उपन्यासमा बालविवाह, बहुविवाह र अनमेलविवाहको विरोध गरिएको छ । यस उपन्यासमा समाजमा घटेका टड्कारा समस्याहरूप्रति सचेत गराइएको छ । समाजका यथार्थ विषयवस्तु लिएर लेखिएको प्रस्तुत उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो ।

#### ४.३.३.१ कथानक

**'अन्तिम द्वन्द्व'** उपन्यास नेपालको पहाडी क्षेत्रका नारीहरूको भोगाइ र समस्यालाई लिएर लेखिएको छ । परम्परागत नारीप्रधान उपन्यासका आधारमा लेखिएको प्रस्तुत उपन्यासमा सामाजिक कथावस्तु रहेको छ । गाउँका धनाढ्य उपल्लाघरे पौडेल कान्छाका तीन पत्नी र एक दर्जन सन्तानमध्ये जेठी छोरी रमा हो भने ऊभन्दा माथि दाजुहरू पनि छन् । लमी माइला भुजेलको आग्रह अनुसार पौडेल कान्छाले छोरी रमाको आठै वर्षको उमेरमा चौबीस वर्षका लक्का जवान रामचन्द्रसँग बिहे गरिदिन्छन् । साह्रै शीलस्वभावभएकी स्वस्थानीको पुस्तकसम्म पढ्नसक्ने, जानेको र सकेको काम टुपुटुपु गर्ने रमा भने विवाहको अर्थ नै नबुझी बाबुआमाको कर्तव्यबोध हलुका गराउन सिउँदोभरि सिन्दूर पहिरी रामचन्द्रेको घरमा भित्रिएकी हुन्छिन् जहाँ रमाले सासूससुराप्रति सदाशयता राख्न सके पनि आफ्नै युवा पति रामचन्द्रेलाई आकर्षण गर्न विफल भएकी छन् । यसको पछाडि रमाको लोग्ने र रमाको जेठानी (गोमा) बीच झाँगिएको अनैतिक यौनसम्बन्धले काम गरेको रमालाई थाहा हुन्छ । यो करतुत रमाले गोज्याङ्ग्रे जेठाजु गोविन्दसँग ओकल्दा रमा झन् ठूलो सङ्कटको दलदलमा फस्छिन् । अब रमा शरण लिन माइत पुग्छिन् ।

केही समयको माइत बसाइपछि दाजुद्वारा पुनः घरमा आउँछिन् । रमाले घर धान्ने देखेर रमाका सासूससुरा तीर्थ जाँदा रमाका झन कष्टका दिन सुरु हुन्छन् । तीर्थ गएका तीर्थालुको बाटैमा

---

[२६] मोहनहिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. ११७ ।

[२७] प्रेमराज लामिछाने, **स्वप्नभङ्ग उपन्यासको कृतिपरक अध्ययन**, पूर्ववत्, पृ. २४ ।

मृत्यु भएको खबरले रमा मर्माहित हुन्छिन् । रमा घरमा आफ्नो जेठानीको व्यवहारबाट अपहेलित हुनुभन्दा माइत जान्छिन् र आमाबुबाको स्याहारसुसार गर्छिन् । समयक्रम बित्दै जाँदा रमाका बुबा आमाको पनि मृत्यु हुन्छ र भाउजूहरूले रमाका बारेमा कुरा काट्न थाल्छन्, जुन कुरा रमाको कानैमा बज्रिन पुग्छ र तत्कालै बरु माइतीको गोठालो गर्नुभन्दा त जस्तो भए पनि घरमै जान्छु भन्ने निर्णय गरी मातृत्वको झिनो आशा बोक्दै दुलैआमालाई लिएर रमा घर आउँदा घरमा त लोग्नेले सौता हालेर चार भाइ छोरासमेत पाएको थाहा हुन्छ । अघिपछि जे भए पनि यसपटक रामचन्द्रेले चार सन्तानकी आमा भैसकेकी मसिनीबाट यौन सन्तुष्टि घट्दै गएकाले होला रमालाई सकारात्मक रूपमा हेर्छ भने सौता मसिनीचाहिँ यी दुईको मिलनमा क्रूर हुन्छे । समयक्रम बित्दै जाँदा रमाको कोख भरिन्छ र राम्रैसँग सुत्केरी पनि हुन्छे । लोग्ने हातपार्न मसिनीले रमामाथि जालखेली खानामा विष हालेर दिन्छे । यो करतुत रामचन्द्रेले पनि थाहा पाउँछ र पुलिस बोलाएर मसिनीलाई जेलतिर लाने र मलामी बटुली रमालाई घाटतिर लाने तयारी हुन्छ । अन्तमा खानामा विष हाली रमालाई मारेर द्वन्द्वको अन्त्य गरेर पश्चात्तापको भारी बोक्दै जेलतिर लागेकी मसिनीले विजय पाई कि पराजय, तर केको लागि भन्दै पाठकसामु प्रतिप्रश्न गरी कथानक टुङ्ग्याइएको छ । यही नै **'अन्तिम द्वन्द्व'** उपन्यासको कथावस्तु हो ।

यसै मुख्य कथावस्तुलाई अगाडि बढाउने कार्यमा सहयोगी भएर अन्य प्रासङ्गिक कथाहरू पनि आएका छन् । रमालाई भाइ कृष्णेले गिज्याई रुवाएको प्रसङ्ग, रमाको बिहेमा हजुरआमाले रुनुपर्छ भन्ने प्रसङ्ग, आइमाईहरू वन हिँडेको प्रसङ्ग, रमा रामचन्द्रेका गोडा मिच्न जाँदा तेलको चौठीसहित गलहत्तिएको प्रसङ्ग, रामचन्द्रेले नपढेर बुबाआमालाई सताएको प्रसङ्ग, अकारण मसिनीले रमालाई चोर लगाउन खोज्दा आफ्नै कान्छो छोराबाट पर्दाफास भएको प्रसङ्ग, गोमा र रामचन्द्रे फाँटमा जिस्किएको आदि प्रसङ्गहरू यस उपन्यासको मूल कथानकसँग जोडिन आएका प्रासङ्गिक कथा हुन् ।

### ४.३.३.२ पात्रविधान

पात्रविधान दृष्टिले **'अन्तिम द्वन्द्व'** उपन्यासलाई हेर्दा बहुपात्रीय देखिन्छ । मुख्य, सहायक र गौण गरी जम्माजम्मी पच्चीस पात्रहरूको प्रत्यक्ष अप्रत्यक्ष भूमिका रहेको यस उपन्यासका प्रमुख पुरुष पात्र रामचन्द्र र प्रमुख नारी पात्र रमा रहेका छन् । सहायक पात्रका रूपमा रमाको बुबा (पौडेल कान्छा) र रमाका तीनओटी आमाहरू, गोमा, मसिनी, बाडखोले माहिला पुरेत, माइली पुरेत्नी, श्रीराम, नारन, रमाका दुई भाउजू, लमी माइला भूजेल आएका छन् भने गौण पात्रका रूपमा मुखिनी, कृष्णे, गुरुमा, हजुरआमा, रोटी पकाउने आइमाइहरू, रमाका दिदी र फुपू, केटाकेटी, दुई घर्तिनी, दमै, कामी माइला, पुरुषोत्तम, गाउँकी देउरानी, गाउँकी कान्छीसासू उपल्लाघरे माइला

आएका छन् । लिङ्गको आधारमा हेर्दा एघार पुरुष पात्र र चौध नारी पात्र रहेका छन् भने समूहको रूपमा पनि केही गाउँलेहरू र अप्रत्यक्ष पात्रहरू आएका छन् ।

यहाँ प्रमुख नारी पात्र र प्रमुख पुरुष पात्रको चर्चा गर्नु सान्दर्भिक ठानिएको छ ।

**क) रमा**

रमा यस उपन्यासकी प्रमुख नारी पात्र हो । असल शीलस्वभाव भएकी स्वस्थानीको पुस्तकसम्म पढ्न जानेकी विवाहको अर्थ नै नबुझ्की बुबाआमाको कर्तव्यबोध हलुका गराउन सिउँदोभरी सिन्दूर पहिरिएकी पर पनि नसरेकी आठ वर्षकी नारी पात्र हो । घरको व्यवहारले बालमनमा आहत भई घर जान्न भन्ने रमा केही समयपछिको मस्त तरुनी अवस्थामा उपेक्षा गरेको लोग्नेलाई पनि क्रमश: आफै आँट गरी बोलाउन सफल पात्र हो । रमा एकातिर आफ्नो प्रबल मनोकाङ्क्षाका कारण माइत छोडी मातृत्ववरण गरेर छाड्ने दृढ पात्र हो भने अर्कातिर सौताले विष खुवाएपछि कुनैकी सुत्केरीमा मृत्युवरण गर्न पुगेकी अभागी पात्र पनि हो ।

एउटी आदर्श पत्नीका रूपमा रहेर ऊ पतिप्रति शारीरिक र आत्मिक माया र विश्वासको चाहना राखे पनि पतिबाट शारीरिक रूपमा प्रताडनासहित मानसिक रूपबाट पनि सताइन्छे । पति र जेठानीको अनैतिक सम्बन्धबारे विद्रोह गर्न पनि सक्दिन बरु जेठाजुसँग कुरा ओकलीदिन्छे आफू भित्रभित्र पिल्सिन्छे ।

रमा पतिप्रति इमान्दार र सच्चा हृदयले समर्पित हुँदाहुँदै पनि र पतिको छातीभित्र लुक्ने र मातृत्ववरण गर्ने आकाङ्क्षा राख्दाराख्दै पनि उसका चाहना र आकाङ्क्षा जीवनको उत्तरार्धसम्म पूरा हुँदैनन् । जब पतिको विशाल छातीमा स्थान पाउछे तब समयले उसलाई अर्कै संसारमा शरण दिन्छ । रमा नियतिबाट ठगिन्छे । सौता मसिनीको करतुतका काण मृत्युवरण गर्न पुग्छे । आफू मर्न भनी सेती नदी जान लाग्दा आमाको सम्झनाले फर्किआउने, लोग्ने, जेठानी र सौताको एकमुष्ठ उपेक्षित व्यवहार हुँदा पनि पटकपटक घर सम्झी आउनु एवम् आफ्नो लोग्ने र जेठानीको अनैतिकता जेठाजुसामु ओकल्नुले रमा गतिशील पात्र हो भन्ने पुष्टि हुन्छ ।

यसरी रमा नारी आदर्शप्रेम, त्यागकी प्रतिमूर्तिको रूपमा उपन्यासमा आएकी छ तापनि उपन्यासकारले त्यस्तो सच्चरित्रको पात्रलाई अतृप्त चाहना र कुण्ठाले ग्रस्त बनाई मृत्युको मुखमा पुग्न विवश पात्रका रूपमा चित्रण गरेकी छिन् ।

**ख. रामचन्द्र**

रामचन्द्र यस उपन्यासको प्रमुख पुरुष पात्र हो । बाडखोले माहिला पुरेत-पुरेत्नीको आशाको केन्द्र भई पुलपुलिएको रूपमा रामचन्द्रको उपस्थिति रहेको छ । रामचन्द्र बनारसबाट मध्यमासम्मको अध्ययन गरी बाडखोला स्कुलमा शिक्षकको रूपमा जागिरमा संलग्न ब्राह्मण

परिवारको चौबीस वर्षे युवकको रूपमा देखापरेको छ । उपन्यासको आदिदेखि अन्त्यसम्म उसको सशक्त भूमिका रहेको छ ।

घरको मिलोमतोमा नै रमासँग विवाह गरे पनि विवाहपश्चात् भाउजूसँगको अनैतिक सम्बन्धमा लहसिएर आफ्नी पत्नी रमाप्रति दुर्व्यवार गर्ने रामचन्द्र मानसिक र भौतिक दुवै रूपमा आफ्नो पत्नीको निकट रहन सक्दैन । भाउजूसँगको लसपसकै कारण हृदयबाट पत्नीलाई स्वीकार्न नसक्ने मात्रै होइन पत्नीलाई शारीरिक यातनासमेत दिने क्रूर पतिका रूपमा देखापर्छ । जीवनभर आफ्नो ठोस निर्णय गरेर पारिवारिक जिम्मेवारी वहन गर्न नसक्ने, पत्नीको नि:स्वार्थ त्याग समर्पण र प्रेमलाई बुझ्न नसक्ने, शिक्षित भइकन पनि मानवीय व्यवहार नगर्ने पात्रको रूपमा रामचन्द्रको उपस्थिति रहेको छ । घरमा पत्नी हुँदाहुँदै पनि लठेब्रो दाजुको फाइदा उठाई आफ्नै भाउजू गोमासँग लहसिन पुग्ने खलपात्रका रूपमा देखापर्दछ । शिक्षित भएर पनि पत्नीलाई धोका दिने, उत्तरदायित्व वहन नगर्ने नजानिंदो तवरले धोकेबाज पतिका रूपमा देखिए पनि उपन्यासको उत्तरार्धमा बदलिएको पुरुष पात्र हो । जब ऊ परिवर्तन हुन्छ, त्यतिबेला समयले निकै फड्को मारिसकेको हुन्छ । हार्दिक, मानसिक र शारीरिक रूपमा माया र विश्वास गर्न खोजेको केही समयमै रमाको मृत्यु हुन्छ । त्यो पनि मसिनीको करतुतले हो भन्ने बुझेर पुलिस बोलाई मसिनीलाई जेल प्रस्थान गराउने गतिशील पात्रको रूपमा देखापरेको छ ।

यसरी रामचन्द्रको चरित्र हेर्दा सुरुमा हठी, जिद्दी, अनैतिक देखिए पनि उपन्यासको अन्त्यतिर आदर्शवादी नैतिकवान् चरित्रको रूपमा देखिएको छ । उसको वास्तविक चरित्र धोकेबाज र अविश्वासी पात्रको रूपमा नै यस उपन्यासमा प्रस्तुत भएको छ ।

उपन्यासका प्रमुख पात्रको शैलीवैज्ञानिक दृष्टिकोणका आधारमा वर्गीकरण गर्दा लिङ्गको आधारमा रमा नारी पात्र र रामचन्द्र पुरुष पात्र हुन् भने कार्यको आधारमा दुवै प्रमुख पात्र हुन् । प्रवृत्तिको आधारमा रमा अनुकूल, रामचन्द्र आंशिक अनुकूल पात्र हुन् । स्वभावको आधारमा दुवै गतिशील पात्र हुन् । जीवन चेतनाका आधारमा दुवै व्यक्तिगत, आसन्नताको आधारमा दुवै मञ्चीय र आबद्धताको आधारमा दुवै बद्ध पात्रको रूपमा रहेका छन् ।

यिनका अतिरिक्त खलपात्रका रूपमा आए पनि मुख्य भूमिका खेल्न सफल यस उपन्यासका दुई पात्र गोमा र मसिनी क्रमश: रमाका जेठानी र सौता हुन् । आफ्नो लठेब्रो लोग्नेबाट शारीरिक सन्तुष्टि हुन नसकी देवरलाई हातलिई तृप्त हुन चाहने निच पात्रका रूपमा गोमा देखापर्छे भने नारी भएर नारीकै मर्म नबुझ्ने अर्काको लोग्ने खोस्न आउने खलपात्रका रूपमा मसिनी देखापरेकी छ । उपल्लाघरे पौडेलकान्छा धनको आडमा पत्नीहरू थुपार्ने व्यक्तिका रूपमा देखापर्छ । रमाका आमाहरू सौता-सौता भए पनि मिलेर बस्नुपर्छ भन्ने असल प्रवृत्ति भएका नारीका रूपमा देखापर्दछन् । बाडखोले पुरेत-पुरेत्नी आफ्नी बुहारीको भविष्य उज्ज्वल देख्न चाहेर रातमा पतिको गोडा मिच्न

पठाउने व्यावहारिक पात्रका रूपमा देखापर्दछन् । रमाका भाउजूहरू नन्द माइत बसेकोमा रुष्ट भएर एक आपसमा तितो ओकल्ने पात्रका रूपमा देखापर्दछन् । हजुरआमा अर्तीउपदेश दिन खोज्ने एवम् हँसाउन खोज्ने तर समस्याको समाधान पहिल्याउन नसक्ने ओइलिएको फूलजस्तै अस्तित्व बाँचेकी पात्रको रूपमा देखापरेकी छिन् ।

यसरी यस उपन्यासका सम्पूर्ण पात्रहरूले प्रमुख पात्रको भूमिकालाई सशक्त बनाउन आ-आफ्नै स्थानबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । त्यसैले प्रस्तुत उपन्यासका पात्रहरू सहज स्वभाविक र विश्वसनीय रूपमा आएका छन् । सम्पूर्ण पात्रहरू भिन्दा-भिन्दै समस्याले ग्रस्त छन् । प्राय: सबै पात्रहरू विशृङ्खल र विसङ्गत जीवन व्यतीत गर्दै आ-आफ्नै अस्तित्वको खोजीमा भौतारिएका छन् ।

### ४.३.३.३ परिवेश

**'अन्तिम द्वन्द्व'** उपन्यासको प्रकाशन समय वि.सं. २०६२ साल रहेको देखिन्छ । यस उपन्यासमा स्थानलाई तोकेर प्राय: नदिएको भए पनि उपन्यासमा वर्णित पात्र तिनको अवस्था र सामाजिक संस्कारगत परिवेशको वर्णनका आधारमा सहरिया परिवेशको तुलनामा ग्रामीण परिवेशलाई उपन्यासकारले केन्द्रबिन्दु बनाएको पाइन्छ । प्रमुख पात्र रमा र रामचन्द्रको घर, स्कुलको वातावरण, रामचन्द्र र गोमा लसपसिएको फाँट, रमाको घरदेखि माइतसम्मको भौगोलिक दूरी, आइमाईहरू घाँस दाउरा गर्न जाने वनपाखा, पधेँरो, बाटोघाटो आदि यस उपन्यासका भौगोलिक परिवेश हुन् । त्यस्तै सामाजिक मूल्य मान्यताका विपरीत गोमा र रामचन्द्रको अनैतिक प्रणयप्रसङ्ग, घरमा पत्नी हुँदाहुँदै परस्त्रीसँग आकर्षित हुने र भोगको चाहना राख्ने रामचन्द्र र मसिनी, रमाको प्रणय प्रसङ्ग यस उपन्यासको सामाजिक परिवेशले समेटेको छ ।

यसरी परम्परा र आधुनिकताको बीचमा रङ्गमगिएको वातावरण र प्रणयपक्षका साथै सामाजिक परम्पराबीच विश्वास र अविश्वासका बीचको अस्पष्ट वातावरण नै यस उपन्यासको परिवेश हो ।

### ४.३.३.४ कथोपकथन/संवाद

संवादका दृष्टिले **'अन्तिम द्वन्द्व'** उपन्यासलाई हेर्दा यस उपन्यासमा प्रशस्त संवादको प्रयोग भएको पाइन्छ । ती संवादहरू कोही छोटा त कोही लामा गरी यत्रतत्र रूपमा रहेका छन् । पौडेलकान्छा र उसका श्रीमतीहरू बीचको संवाद, रमाको विवाहको सम्बन्धमा भएको संवाद, रमाका आमाछोरीको संवाद, गोमा र रामचन्द्र बीचको अनैतिक प्रणय संवाद, मसिनी र रामचन्द्र बीचको प्रणय संवाद, रमा र भाइ कृष्णे बीचको बाल संवादजस्ता प्रशस्त संवादहरू उपन्यासमा

रहेका छन् । संवादहरू पात्रको स्तरअनुरुप र परिवेश अनुरुप छन् । यस उपन्यासका संवादका केही नमूना यसप्रकार छन् :

(क) "नाइँ म त जान्न घरसर, हजुर नै जानोस् !"

"घर भन्नासाथ किन रिसाएकी नि ?"

- **'अन्तिम द्वन्द्व'** पृ. २४ रमा र रमाको बुबा बीचको संवाद ।

(ख) "आजकल रामचन्द्रका देवरभाउजूको लसपस छ अरे नि त !"

"त्यो त उहिल्यैबाट नै हो नि त !"

- ऐजन, पृ. ३९ गाउँले गाउँले बीचको संवाद ।

ग) "को हो हँ ?"

"म हुँ, नकरा, विस्तारै ढोका खोल् ।"

- ऐजन, पृ. ६५ रमा र रामचन्द्रबीचको संवाद ।

घ) "पासो लगाएर मर्नु नि बरु, यसरी माइत बस्नुभन्दा त !"

- ऐजन, पृ. ५७ भाउजु भाउजु बीचको संवाद ।

ङ) "के भएर कामे तिम्रा हात ?"

"खै.. के भए ?"

- ऐजन, पृ. ७५ रमा र मसिनी बीचको संवाद ।

यसरी प्रस्तुत उपन्यासको संवाद पक्ष सबल छ । पात्रहरूले आफ्नो स्तर र परिवेश अनुरूपको भाषा प्रयोग गरेका छन् । उपन्यासमा शिक्षित, अशिक्षित दुवै पात्र भएकाले औपचारिक, अनौपचारिक दुवै भाषाको प्रयोग भएको छ । संवाद सहज, स्वाभाविक र रोचक छन् ।

### ४.३.३.५ उद्देश्य

यस उपन्यासको उद्देश्य संघर्ष नै जीवन भएकाले मानिसले जीवनमा निरन्तर संघर्ष गर्नुपर्छ भन्ने हो । प्रस्तुत उपन्यास चरित्रप्रधान भएकाले युवा चरित्रमा केन्द्रित रहेको छ । यस उपन्यासमा बालविवाह, बहुविवाह, सामाजिक कुसंस्कार, पुरुष अहम्, स्वार्थी पुरुष प्रवृत्ति र पुरुषप्रधान समाजको वकालत गरिएको छ । विवाहिता हुँदा पनि आफ्नो पतिबाट पाउनुपर्ने प्रेम र विश्वास रमाले पाउन नसक्नु, दाम्पत्य जीवनलाई सुन्दर हराभरा बनाउनुको सट्टा परस्त्रीप्रतिको भोगविलासको चाहना राख्ने, पत्नीलाई जीवनभर बेवास्ता गर्ने रामचन्द्र, आफ्नै देवरको घर बर्बाद गर्न खोज्ने गोमा, नारी भएर नारीकै मर्म नबुझ्ने अर्काको लोग्ने खोस्न आउने मसिनी, आफ्नो घरको उत्तरदात्यिव र पतिको

भूमिका निर्वाह गर्न नसक्ने रामचन्द्रजस्ता विभिन्न चरित्रको माध्यमबाट जीवनको चित्र यस उपन्यासले बोकेको छ । रमा जीवनको पछिल्लो समयसम्म रामचन्द्रको शारीरिक र मानसिक दुवै रूपमा टाढा रहन्छे । जब रामचन्द्रले रमालाई अँगाल्छ, उसको समर्पण, त्याग अनि प्रेमलाई बुझ्छ, तब रमाको मृत्यु हुन्छ । त्यसपछि हार्दिक रूपमा नजिकिए पनि शारीरिक रूपमा टाढिन्छन् । निराशा, रिक्तता, एक्लोपन, कुण्ठा, जीवनबचाइको सङ्घर्ष, यौन, अतृप्ति, विवाह, बिछोड, प्रेम, धोका, अनैतिकताजस्ता विधि विचार आदिको आधारमा जीवन हेर्ने प्रयास यस उपन्यासले गरेको छ । यस उपन्यासले सामाजिक यथार्थको सशक्त उजागार गरेको पाइन्छ ।

सङ्क्षेपमा बालविवाह, बहुविवाह र अनमेल विवाह समाजका रोग हुन् यिनले समाजमा दुर्घटना, अशान्ति र पीडा निम्त्याउछ भन्ने रहेको छ । त्यसको साथै प्रेमको वास्तविक अर्थलाई वासनासँग जोडियो भने जीव्न दुर्घटित हुन्छ त्यागमा खोजियो भने जीवन सुन्दर फूलजस्तै हुन्छ । पवित्र प्रेमको अगाडि शारीरिक प्रेम तुच्छ हुन्छ । विश्वास, प्रेम, सद्भावनामा नै जीवन फुल्छ, फक्रन्छ र फल्छ अन्यथा जीवन शुष्क नीरस भई ओइलाएर झर्छ भन्ने जीवनवादी उद्देश्य यस उपन्यासमा पाइन्छ ।

### ४.३.३.६ दृष्टिबिन्दु

प्रस्तुत **'अन्तिम द्वन्द्व'** उपन्यासको दृष्टिबिन्दु पात्र 'ऊ' हो । यस उपन्यासको सम्पूर्ण पात्रको गतिविधि र क्रियाकलापको द्रष्टा उपन्यासकार हुन् । उनका माध्यमबाट नै उपन्यासले रमा, मसिनी, गोमा र रामचन्द्रका नैतिक अनैतिक आदर्श अनादर्श एवम् चारित्रिक पतनका सन्दर्भहरूलाई अगाडि सारेकी छन् भने अन्य चरित्रहरूको उजागार पनि उनकै माध्यमबाट गरिएको छ । त्यसैगरी उपन्यासको सम्पूर्ण घटनाक्रम तथा परिवेश आदिको वर्णन पनि उनले नै गरेकी छन् । उनीद्वारा नै उपन्यासकार शारदाका चिन्तनहरू उपन्यासमा प्रस्तुत भएका छन् । प्रस्तुत उपन्यासमा समाख्याता 'म' भएर आएको हुनाले यो उपन्यास प्रथम पुरुष दृष्टिबिन्दु अँगालेर लेखिएको उपन्यास हो । यस उपन्यासमा दृष्टिबिन्दु पात्र 'म' को उपस्थिति प्रमुख पात्रको रूपमा भएको छ । उपन्यासको कथावस्तु उनैद्वारा आरम्भदेखि अन्त्यसम्म डोऱ्याइएको हुँदा यस उपन्यासमा प्रथमपुरुष आन्तरिक दृष्टिबिन्दु प्रयोग भएको देखिन्छ ।

### ४.३.३.७ भाषाशैली

**'अन्तिम द्वन्द्व'** उपन्यासको भाषाशैली ग्रामवासीले बोल्ने सहज, सरल र स्वाभाविक छ । पात्रको अवस्था र परिवेश अनुसारको भाषाको प्रयोग भएको छ । वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोगले सामान्य पाठकका लागि पनि सरल बनेको छ । सामान्य पदरचना, उखानको

प्रयोगले उपन्यासमा थप रोचकता प्रदान गरेको छ । तत्सम तद्भव, आगन्तुक, झर्रा सबै स्रोतका शब्दहरूको प्रयोग भएको छ । व्याकरणिक दृष्टिले विचलन मानिने एक वा एकभन्दा बढी शब्दको क्रियामुक्त वाक्यको प्रयोग भए पनि भाषिक अभिव्यक्तिमा कुनै असर परेको छैन । पूर्वस्मृति पद्धतिको प्रयोग गरिएको यस उपन्यासको भाषा स्वाभाविक र प्रतीकात्मक छ ।

### **४.३.३.८ संरचना**

प्रस्तुत उपन्यास एघार भागमा संरचित चौध से.मि. चौडाइ, एक्काइस दशमलब तीन से.मि. लम्बाइ र शून्य दशमलव चार से.मि. उचाइ भएको सतहत्तर पृष्ठमा संरचित लघु आकारको छ । यस उपन्यासको सतसठ्ठी पृष्ठमा कथावस्तु समेटिएको छ भने दश पृष्ठमा उपन्यासको प्रकाशन, प्रकाशनका तर्फबाट लेख एवम् उपन्यासकार शारदा ढुङ्गानाको *दुईशब्द* र अन्य साहित्यकारको भूमिका रहेको छ । प्रस्तुत उपन्यासको सबैभन्दा लामो भाग एघारौं र सबैभन्दा छोटो भाग दुई र तीन रहेका छन् । सबैभन्दा लामो भाग दश पृष्ठमा र सबैभन्दा छोटोभाग तीन-तीन पृष्ठमा आबद्ध छन् ।

यसरी खण्डगत रूपमा हेर्दा सन्तुलन नभएको स्पष्टै देखिने प्रस्तुत उपन्यासको बाह्यसंरचनाको मुख आवरण अस्पष्ट देखिन्छ भने पछिल्लो आवरणमा उपन्यासकार शारदा ढुङ्गानाको फोटो रहेको छ । यही संरचनामा **'अन्तिम द्वन्द्व'** उपन्यास संरचित छ ।

### **४.३.३.९ निष्कर्ष**

एघार खण्डमा संरचित प्रस्तुत उपन्यास सतहत्तर पृष्ठको लघु उपन्यास हो । यस उपन्यासमा ग्रामीण सामाजिक यथार्थलाई प्रस्ट्याइएको छ । आफू बलिको बोको भएर पनि तत्कालीन रीतिरिवाज, धार्मिक आडम्बर र इज्जतका खातिर नारीले कसरी बलिदान गर्दछन् भन्ने कुराका साथमा नारी नै नारीको डरलाग्दो शत्रु हुनसक्ने तस्वीर मुख्यरूपमा यस उपन्यासमा पाइन्छ ।

## ४.४ 'अचानो परेको जीवन' उपन्यास (२०६३) को अध्ययन

**'अचानो परेको जीवन'** साहित्यकार शारदा ढुङ्गानाको दोस्रो प्रकाशित उपन्यास हो । यस उपन्यासमा नेपाली पहाडी क्षेत्रका नारीहरूको भोगाइ र समस्यालाई जस्ताको तस्तै प्रस्तुत गरिएको छ । विधवा नारीप्रति परिवारले देखाएको बेवास्ता र बर्बरपूर्ण व्यवहार नै यस उपन्यासको मुख्य विषयवस्तु हो ।

### ४.४.१ कथानक

**'अचानो परेको जीवन'** मा शारदा ढुङ्गानाको प्रथम उपन्यास **'अन्तिम द्वन्द्व'** कै जस्तो पहाडी क्षेत्रका नारीहरूको भोगाइ र समस्यालाई नै निरन्तरता दिइएको छ । नारीप्रधान रहेको प्रस्तुत उपन्यासमा सामाजिक कथावस्तु रहेको छ । एक वर्षको उमेरमै बाबुले घर छोडेर बेपत्ता भएकाले पितृवात्सल्यबाट बञ्चित भएकी पवित्रा र उनकी आमा घरपरिवार र गाउँले छिमेकीहरूबाट अनगिन्ती टीकाटिप्पणी सुन्नुपरेर माइतीको शरणमा रहेकै बेला पवित्राका मामाले आठवर्षे बालिका पवित्रालाई साठीवर्षे नि:सन्तान बृद्ध माइलाबाजेसँग दोस्रो श्रीमतीको रूपमा वंश थाम्ने सन्तान जन्माउन भनेर विवाह गरिदिएका थिए । जुन कुरा पवित्राकी आमाले विवश भई विवाहप्रस्ताव मन नपराए पनि नाइँ हुँदैन भन्न सकिनन् । यसैअनुसार छ-सात वर्षसम्म भाञ्जीलाई समेत पालेका मामाले व्यावहारिक कर्तव्य पूरा गरी पन्छिने सोंचमा बालिकालाई बिहे गरी पठाइदिए पनि पवित्राको बाल मन:स्थितिले भने लोग्नेको अर्थ नै बुझ्न सकेको थिएन बरु उनी बूढो लोग्नेको छाँयामा समेत डराउने र सम्बन्धले सौता भए पनि व्यवहारले आमासरह बनेकी ठूली माइलीबजैसँग सुत्ने गर्दथिन् । समयक्रमको दौडानअनुसार सानी माइलीबजैबाट एक छोराको जन्म भयो, त्यस समयमा यस परिवारको खुसीको कुनै सीमा थिएन । एक छोराको जन्मपछि ठूली माइलीबजै र एक छोरीको जन्मपछि माइलाबाजेले संसार छोडेपछि एक्लिएकी माइलीबजैका अब दु:खका दिन सुरु भए ।

यौवन अवस्थाको क्षणिक सुख बित्दा नबित्दै एकल जीवन, साना दुई बालकलाई लिएर लामो संघर्षमय अवस्थामा बिताउन बाध्य भइन् । समाज घरपरिवार र देशको कानुनसँग न्याय खोज्दै लडेर जीउनुपर्दा माइलीबजै विरक्त मात्र होइन आफ्नो अस्तित्वसमेत लुटाएर मुटुलाई थिचेर बालकहरूका लागि बाँच्ने कोसिस पनि गरिरहिन् तर पुरुषप्रधान समाजका अघिल्तिर चुनौतिकासाथ बाँचेको आफ्नै देवर असहयोगी भैंदिदा उनले दु:ख मात्र होइन मुद्दा मामिलासमेत खेप्नुपर्‍यो र अन्तमा देवरकै गोप्य सल्लाहबमोजिम कामीकान्छाबाट बलात्कृत भएकी माइलीबजैले बाँच्नुभन्दा मर्नु नै वेश ठानी पधैंराको खनियोको बोटमा झुण्डिएर आत्महत्या गर्न पुगिन् । यही नै **'अचानो परेको जीवन'** उपन्यासको कथावस्तु हो ।

यसै मुख्य कथावस्तुलाई अगाडि बढाउने सिलसिलामा सहयोगी भएर अन्य प्रासङ्गिक कथाहरू पनि आएका छन् । पवित्राकी आमा जागिर खान गएको प्रसङ्ग, पवित्राका मामाले आमालाई सम्झाएको प्रसङ्ग, पवित्रा अड्डा जाँदा आउँदाको प्रसङ्ग, रोपाईको प्रसङ्ग, पवित्रालाई छोराछोरीले ढाडस दिएको प्रसङ्ग, गोतामेकान्छा र कामीकान्छाको योजनको प्रसङ्ग र पञ्चभलाद्मीहरू बसेको प्रसङ्गहरू यस उपन्यासको मूल कथानकसँग जोडिन आएका प्रासङ्गिक कथानक हुन् ।

## ४.४.२ पात्रविधान

पात्रविधानका दृष्टिले 'अचानो परेको जीवन' उपन्यासलाई हेर्दा बहुपात्रीय देखिन्छ । मुख्य सहायक र गौण गरी जम्माजम्मी तीस पात्रहरूको प्रत्यक्ष अप्रत्यक्ष भूमिका रहेको यस उपन्यासका प्रमुख पुरुषपात्र माइलाबाजे र प्रमुख नारीपात्र सानी माइलीबजै रहेका छन् । सहायक पात्रका रूपमा गोतामेकान्छो भनिने पुण्यप्रसाद, कामीकान्छो, बूढोबाहुन, मावलीदाइ, पवित्राका मामा, आमा, पवित्राका छोराछोरी, दिदीबहिनी, न्यायधीश, वकिल, शशिधर, प्राध्यापक, पञ्चभलाद्मी र मलामीहरू आएका छन् भने गौण पात्रका रूपमा निम्तारुहरू, रमितेहरू, गोविन्द, बसन्ते, अपरिचित आइमाई, जिम्दार जेठा, घरबूढी, पल्लाघरे साइला, सचिव दण्डपाणि, वडाअध्यक्ष आएका छन् । लिङ्गको आधारमा हेर्दा सत्रजना पुरुष पात्र र दशजना नारी पात्र रहेका छन् भने समूहको रूपमा केही गाउँले र गन्यमान्य भलाद्मीहरू पनि आएका छन् । यहाँ प्रमुख नारी पात्र र प्रमुख पुरुष पात्रको चर्चा गर्नु सान्दर्भिक ठानिएको छ ।

### ४.४.२.१ पवित्रा (सानी माइलीबजै)

पवित्रा यस उपन्यासकी प्रमुख नारी पात्र हुन् यिनका बुबा यिनी एक वर्षकी हुँदादेखि नै बेपत्ता भएका र सुखदु:ख आमासँग र धार्के गाउँमा रहेको मामा घरमा यिनको बाल्यकाल बित्न पुग्छ । आठ वर्षकी हुन नपाउँदै यिनका मामाले साठी वर्षे (ज्यामिरे बेसीका साहु) माइला बाजेकी कान्छी श्रीमतीका रूपमा बिहे गरिदिन्छन् । श्रीमान्को अर्थ नै नबुझ्नेकी पवित्रा गोबरका डल्ला टिप्दा श्रीमान्को आगमनले डराएर पल्टन पुग्छिन् । उपन्यासको सुरुवातमा सौता र आफ्नो श्रीमान्सँग मिलेर हातेमालो गर्दै घरगृहस्थी चलाएकी पवित्रा सौता र श्रीमान्को मृत्युमा भावविहल हुन पुग्छिन् । ऐनकेन दिन गुजारा गर्दै जाँदा देवरको करतुतका कारण उपन्यासको अन्त्यतिर दुई पटकसम्म बलात्कृत हुन पुगेकी पवित्राले अब यस संसारमा बाँच्नुभन्दा मर्नु नै उचित ठहऱ्याई पधेरामाथि खनियोको रूपमा झुण्डिएर आत्महत्या गर्न पुग्छिन् ।

मस्त यौवनको अवस्थामा विधवा हुन पुगे पनि आफ्नो सतित्त्व जोगाएर बाँच्न चाहने पवित्रा बूढोबाहुनबाट बलात्कृत हुँदा पनि आफ्ना केटाकेटीलाई सम्झी घर फर्कने, देवरसँग लडेर भए

पनि अंश लिइछाड्ने एवम् देवरको करतुतलाई पञ्चभलाद्मी सामु ओकल्न सक्नुले पवित्रा जुझारु र गतिशील नारी पात्र हुन् ।

यसरी पवित्रा आदर्श पत्नी, मिलनसार सौता र त्यागकी प्रतिमूर्तिका रूपमा उपन्यासमा आएकी छन् तापनि उपन्यासकारले त्यस्तो सच्चरित्रको पात्रलाई अस्तित्वहरण गराई मृत्युको मुखमा धकेलेर अन्याय गरेको अनुभव हुन्छ ।

### ४.४.२.२ माइलाबाजे

माइलाबाजे यस उपन्यासको प्रमुख पुरुष पात्र हो । ज्यामिरे बेसीका साहु भनेर चिनिने माइलाबाजे साठी वर्षे नि:सन्तान वृद्ध हुन् । सन्तानको मुख हेर्ने र परत्र सुधार्ने रहरमा आफ्नै जेठी श्रीमतीको सल्लाहबमोजिम कान्छी श्रीमती पवित्रालाई विवाह गरी आफ्नो घर मिलाएर राख्न सफल व्यक्ति हुन् । यिनी पण्डित भएका कारण आफ्ना जजमानका घर पूजाआजा गर्न जान्छन् । श्रीमतीको मर्म बुझी माइतमा केही समय बस्न दिने कुशल श्रीमान्को रूपमा माइलाबाजेको उपस्थिति रहेको छ । आफूले भित्र्याएका दुवै श्रीमतीलाई भेदभाव नगर्ने मानसिक र शारीरिक दुवै रूपले पत्नीका निकट रहने एवम् आफ्नो ठोस निर्णय गरेर पारिवारिक जिम्मेवारी बहन गर्ने, नि:स्वार्थ प्रेम गर्ने असल पुरुष पात्रका रूपमा यिनको उपस्थिति रहेको छ ।

यिनी सन्तानको मुख हेरी उपनयन कर्म गराई मर्न चाहने तर इच्छा पूरा नभएको विवश बृद्ध पात्र हुन् । यिनी सन्तानको मुख हेरी परत्र सुधार्न चाहने परम्परित समाजको प्रतिनिधित्व गर्ने पुरुष पात्र हुन् । यसरी माइलाबाजेको चरित्र हेर्दा नैतिक, आदर्शवादीका रूपमा यस उपन्यासमा उपस्थिति रहेको छ ।

उपन्यासको प्रमुख पात्रको शैली वैज्ञानिक दृष्टिकोणका आधारमा वर्गीकरण गर्दा लिङ्गको आधारमा पवित्रा नारी पात्र र माइलाबाजे पुरुष पात्र हुन् भने कार्यको आधारमा दुवै प्रमुख पात्र हुन् । प्रवृत्तिका आधारमा दुवै अनुकूल पात्र हुन् । स्वभावको आधारमा पवित्रा गतिशील र माइलाबाजे आंशिक गतिशील पात्र हुन् । जीवनचेतनाका आधारमा दुवै व्यक्तिगत, आसन्नताको आधारमा दुवै मञ्चीय र आबद्धताको आधारमा दुवै बद्ध पात्रको रूपमा रहेका छन् ।

यिनका अतिरिक्त खलपात्रका रूपमा आए पनि मुख्य भूमिका निभाउन सफल यस उपन्यासका तीन पात्र बूढोबाहुन, कामीकान्छा र गोतामेकान्छा हुन् । शरण लिन आएकी अतिथिलाई मरण गरी आतिथ्य प्रकट गर्ने निच पात्रका रूपमा बूढोबाहुन देखापर्दछ भने पैसाको लोभमा अर्काको अस्तित्व हरण गर्ने सुझबुझ नभएको पात्रको रूपमा कामीकान्छा देखापरेको छ । त्यस्तै सम्पत्तिका लागि आफ्नै भाउजुमाथि कुदृष्टि राख्ने, आफ्नो पुग्दो अंश माग्ने भाउजुलाई बलात्कार गर्न लगाउने खलपात्रका रूपमा गोतामेकान्छाको उपस्थिति रहेको छ । नाताले सौता भए पनि व्यवहारले आमाका

रूपमा जेठी माइलीबजैको उपस्थिति रहेको छ भने लालनपालन गरी बिहे गराइदिने मामाको भूमिका पनि उस्तै सराहनीय रहेको छ । मावलीदाइ सहयोगी पात्रका रूपमा रहेका छन् भने पञ्चभलाद्मी, न्यायधीस र वकिल न्यायनिसाफ गरिदिनेका रूपमा उपस्थित रहेका छन् ।

यसरी यस उपन्यासका सम्पूर्ण पात्रहरूले प्रमुख पात्रको भूमिकालाई सशक्त बनाउन आ-आफ्नै स्थानबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । त्यसैले प्रस्तुत उपन्यासका पात्रहरू सहज स्वभाविक र विश्वसनीय रूपमा आएका छन् । सम्पूर्ण पात्रहरू भिन्दाभिन्दै समस्याले ग्रस्त छन् । प्राय: सबै पात्रहरू विशृङ्खल र विसङ्गत जीवन गुजारा गर्दै आ-आफ्नै अस्तित्वको खोजीमा रहेका छन् ।

### ४.४.३ परिवेश

**'अचानो परेको जीवन'** उपन्यासको प्रकाशन समय वि.सं. २०६३ साल रहेको देखिन्छ । यस उपन्यासमा स्थानलाई तोकेर भन्नुपर्दा धार्केगाउँ, ज्यामिरेबेसीजस्ता सीमित ठाउँ रहे पनि उपन्यासमा वर्णित पात्र, तिनको अवस्था र सामाजिक संस्कारगत परिवेशको वर्णनका आधारमा सहरीया परिवेशको तुलनामा ग्रामीण परिवेशलाई केन्द्रबिन्दु बनाएको पाइन्छ । वनारसको कन्या विश्वविद्यालय, पवित्राको मामाघर, घर एवम् पवित्राको घरदेखि अड्डासम्मको भौगोलिक दूरी, पधँरो वरपरको स्थल, दाउरा जम्मा गरेको स्थल, सदरमुकाम, तित्रेको डाँडा, वाङ्गसिङ्ग गाउँको फेदी, कामीगाउँ आदि यस उपन्यासका भौगोलिक परिवेश हुन् । त्यस्तै सामाजिक मूल्यमान्यताका विपरित बाहुनबूढा, कामीकान्छा एवम् पुण्यप्रसादले गरेका र गर्न लगाएका अनैतिक सम्बन्धलाई यस उपन्यासको सामाजिक परिवेशले समेटेको छ ।

यसरी परम्परा र आधुनिकताको बीचमा रहेको वातावरण र सामाजिक परम्परा बीचको समय, स्थान र कार्यपीठिका नै यस उपन्यासको परिवेश हो ।

### ४.४.४ कथोपकथन/संवाद

संवादका दृष्टिले **'अचानो परेको जीवन'** उपन्यासलाई हेर्दा यस उपन्यासमा प्रशस्त संवादको प्रयोग भएको पाइन्छ । केही संवाद लामा र केही छोटा भएकाले संवादमा एकरूपता रहेको पाइँदैन दाजु र बहिनी बीचको संवाद, आमा र छोरी बीचको संवाद, माइलाबाजे र माइलीबजै बीचको संवाद, सौतासौता बीचको संवाद, पवित्रा र न्यायधीस बीचको संवाद एवम् पवित्रा र उनका छोराछोरी बीचको संवादजस्ता प्रशस्त संवादहरू उपन्यासमा रहेका छन् । संवादहरू पात्रको स्तर अनुरुप र परिवेश अनुरुप छन् । यस उपन्यासका संवादका केही नमूना यसप्रकार छन् :

(क) “अनि नि आमा, हामीलाई दुलहाले नै पाल्छन् हो ?”

“तिमीलाई पाल्छन् छोरी ।”

- **‘अचानो परेको जीवन’**, पृ. ८, पवित्रा र आमा बीचको संवाद

(ख) “कस्तो छ नि बा घर ?”

“घर त राम्रो रहेछ टिनले छाएको । अनि नि आमा सौता दिदीले त मलाई कस्तो माया गर्नुहुन्छ, म त सौता दिदीसँगै सुत्छु ।”

- ऐजन, पृ. १४ पवित्राका आमा छोरी बीचको संवाद

(ग) “ए कान्छी ! तिमी खुशी त छौ ?”

“म खुशी त छु नि । मैले हजुर जस्तो माया गर्ने लोग्ने पाएकी छु बरु हजुर मलाई पाएर खुशी हुनुहुन्छ कि हुन्न नि ?”

- ऐजन, पृ. २८, पवित्राका बूढाबूढी बीचको संवाद

(घ) “बैनी बा त मर्नुभयो नि !”

“अँ हो, भन्तस्”

- ऐजन, पृ. ४० पवित्राका छोराछोरी बीचको संवाद

(ङ) “किन नि हामीलाई गैह्रीखेत पार्नु भएन नि” ?

“तपाईहरू जाबो तीन जनालाई कति खेत चाहियो र ? त्यति भए त पुगिहाल्छ नि !”

- ऐजन, पृ. ४६, पवित्रा र देवर बीचको संवाद

यसरी प्रस्तुत उपन्यासको संवादपक्ष सबल छ । उपन्यासमा शिक्षित अशिक्षित दुवै पात्र भएकाले औपचारिक अनौपचारिक दुवै भाषाको प्रयोग भएको छ । संवाद सहज, स्वभाविक रोचक एवम् कारुणिक छन् ।

### ४.४.५ उद्देश्य

यस उपन्यासको उद्देश्य नेपालको परम्परागत गाउँले नारी जीवनलाई अचानो बनेर चोट थाप्न तेर्स्याइएको निरीह प्राणीको जीवन सरह रहेको छ भन्ने सन्देश प्रवाह गर्नुका साथै शिक्षा र आर्थिक उन्नतिको आवश्यकता व्यक्तित्व विकासका लागि कति आवश्यक छ । शान्तिका लागि रीतिस्थितिमा समयानुकूल परिवर्तन र विकास हुनुपर्छ भन्ने र देश विकासका लागि यातायात समस्याको समाधान खोज्नु आदि नै यस उपन्यासको उद्देश्य हो । यसका अतिरिक्त सौतासौता बीचको सम्बन्ध बालविवाह, पुरुषअहम् र स्वार्थी पुरुष प्रवृत्तिजस्ता विभिन्न प्रवृत्तिका माध्यमबाट जीवनको साङ्गोपाङ्ग चित्र यस उपन्यासले उतारेको छ । यस उपन्यासले प्रेम अनैतिकता, यौन एक्लोपन, निरासा रिक्तताजस्ता सामाजिक यथार्थको सशक्त उजागार गरेको पाइन्छ ।

सङ्क्षेपमा बालविवाह, सामाजिक कुरीति, अनैतिक सोचाई, धनसम्पत्ति आदि सामाजिक रोग हुन् भने पवित्र प्रेममा नै जीवनको सार्थकता छ । कोही प्रेमका अगाडि पैसा शून्य मान्छन् भने कोही सम्पत्तिका लागि जस्तोसुकै अपराध गर्न पनि पछि पर्दैनन् भन्ने जीवनवादी उद्देश्य यस उपन्यासमा पाइन्छ ।

### ४.४.६ दृष्टिबिन्दु

प्रस्तुत **'अचानो परेको जीवन'** उपन्यासको दृष्टिबिन्दु पात्र 'ऊ' हो । यस उपन्यासको सम्पूर्ण पात्रको गतिविधि र क्रियाकलापको द्रष्टा उपन्यासकार हुन् । यिनका माध्यमबाट नै उपन्यासले माइलाबाजे, माइलीबजैहरू, कामीकान्छा, बूढाबाहुन र गोतामेकान्छाका नैतिक, अनैतिक, आदर्श, अनादर्श एवम् चारित्रिक पतनका सन्दर्भहरूलाई अगाडि सारेकी छन् भने अन्य चरित्रहरूको चित्रण पनि उनकै माध्यमबाट गरिएको छ । त्यसैगरी उपन्यासको सम्पूर्ण घटनाक्रम तथा परिवेश आदिको वर्णन पनि उनले नै गरेकी छिन् । यिनै पात्रका माध्यमबाट उपन्यासकार शारदाका चिन्तनहरू उपन्यासमा प्रस्तुत भएका छन् ।

प्रस्तुत उपन्यासमा समाख्याता 'म' भएर आएको हुनाले यो उपन्यास प्रथमपुरुष दृष्टिबिन्दु अँगालेर लेखिएको उपन्यास हो । यस उपन्यासमा दृष्टिबिन्दु पात्र 'म' को उपस्थिति प्रमुख पात्रको रूपमा भएको छ । उपन्यासको कथावस्तु उनैद्वारा डोऱ्याइएको हुँदा यस उपन्यासमा प्रथम पुरुषात्मक आन्तरिक दृष्टिबिन्दु प्रयोग भएको छ ।

### ४.४.७ भाषाशैली

**'अचानो परेको जीवन'** उपन्यासको भाषाशैली ग्रामीण नरनारीले बोल्ने सहज सरल र स्वाभाविक छ । पात्रको अवस्था र परिवेशअनुसारको भाषाको प्रयोग भएको छ । वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोगले सामान्य पाठकले पनि सहजै अध्ययन गर्न सक्ने रहेको छ । सामान्य पदरचना, उखानको प्रयोगले उपन्यासमा थप रोचकता प्रदान गरेको छ । तत्सम्, तद्भव झर्रा, आगन्तुक सबै स्रोतका शब्दहरूको प्रयोग भएको छ । व्याकरणिक दृष्टिले केही त्रुटि भेटिए पनि भाषिक अभिव्यक्तिमा कुनै असर नपर्ने प्रस्तुत उपन्यासको भाषाशैली स्वभाविक र प्रतीकात्मक छ ।

### ४.४.८ संरचना

**'अचानो परेको जीवन'** उपन्यास बाह्र खण्डमा संरचित एक्काइस दशमलव तीन से.मि. लम्बाइ, तेह्र दशमलव तीन से.मि. चौडाइ र शून्य दशमलव पाँच उचाइ भएको जम्माजम्मी अन्ठानब्बे पृष्ठमा संरचित लघु आकारको छ । यस उपन्यासको चौरासी पृष्ठमा कथावस्तु

समेटिएको छ भने चौध पृष्ठमा उपन्यासको प्रकाशन, प्रकाशनका तर्फबाट लेख एवम् उपन्यासकार शारदाको *दुई शब्द* र अन्य साहित्यकारको भूमिका रहेको छ । प्रस्तुत उपन्यासको सबैभन्दा लामो खण्ड नवौं र सबैभन्दा छोटोचाहिँ पहिलो, तेस्रो र छैंटौं रहेका छन् । नवौं खण्ड दश पृष्ठमा र पहिलो, तेस्रो र छैठौं खण्डमा पाँच-पाँच पृष्ठ रहेका छन् ।

यसरी खण्डगत रूपमा हेर्दा सन्तुलन नभएका स्पष्ट देखिने प्रस्तुत उपन्यासको बाह्य संरचनाको मुख आवरणमा रुखमा झुण्डिएर आत्महत्या गरिरहेकी नारीको चित्र र पछिल्लो आवरणमा उपन्यासकार शारदा ढुङ्गानाको तस्विर रहेको छ । यही संरचनामा **'अचानो परेको जीवन'** उपन्यास संरचित छ ।

### ४.४.९ निष्कर्ष

बाह्रखण्डमा संरचित प्रस्तुत उपन्यास अन्ठानब्बे पृष्ठको लघु उपन्यास हो । यस उपन्यासमा ग्रामीण सामाजिक यथार्थलाई प्रष्ट्याउने क्रममा हाम्रो समाजका दिदी बहिनीहरू कति असुरक्षित छन् र उनीहरूको जीवनको मूल्य कति सस्तो बनाइएको हुन्छ भन्ने कुराको यथार्थ तस्वीर यो उपन्यासमा देखाउन खोजिएको छ ।

## ४.५ 'प्रश्न-चिह्न' उपन्यास (२०६५) को अध्ययन

**'प्रश्न-चिह्न'** उपन्यास साहित्यकार शारदा ढुङ्गानाको तेस्रो प्रकाशित उपन्यास हो । यस उपन्यासमा समाजमा रहेको दाइजो प्रथा र यसले नारीमाथि निम्त्याएको असहज परिस्थितिको उल्लेख गरिएको छ । सौताने व्यवहारले घरमा निम्त्याउने भेदभावपूर्ण व्यवहार सशक्त रहेको प्रस्तुत उपन्यास पनि सामाजिक यथार्थवादी उपन्यास हो ।

### ४.५.१ कथानक

**'प्रश्न-चिह्न'** उपन्यासमा सामाजिक चलनले निम्त्याएका कुरीति एवम् छोरी, स्वास्नी र बुहारी हुँदै आमाको स्थानमा आइपुग्दा पनि यिनले निर्वाह गर्नुपर्ने कष्टमय व्यवहार, दाइजोको लालचले जन्माएको परिस्थिति, बहुविवाह र सौताने नाताले बाधेको सम्बन्ध र यसले घर व्यवहारमा ल्याएको अशान्ति र निठुरीपन आदि समस्यालाई लिएर कथानक तयार पारिएको छ । उपन्यासकी म पात्रलाई सरिताले आफ्नो जीवनगाथा सुनाएकोबाट कथानक सुरु हुन्छ । सरिताकी आमाको पालादेखि सरिताकी छोरीका पालासम्म उस्तै समस्याहरू जुन चातुर्यपूर्ण तरिकाले घटिरहेका छन् । बालविवाहको शिकार हुनपुगेकी आमा, मायाबस्ने बेलामा बाको पढाइलाई लिएर बादेखि छुट्टिएर घरमा सासू ससुरासँग बस्नुपर्दा भोग्नुपरेको बुहार्तनका दिनहरू एवम् बाले शहरमा नोकरी सुरु

गरेपछि भात पकाउन र सेवा गर्न आमालाई बोलाएपछि दाम्पत्य जीवन खुशीले नै बित्दै गएको तर ती प्रेममयी वर्षहरूले आमालाई गर्भवती बनाउन नसकेपछि बाआमाको बीचमा तनाव उत्पन्न भइ बुबामा दोस्रो विवाह गर्ने सोंच रहेकै बेलामा आमाको गर्भमा सरिता आएकी थिइन् । जुनबेला बुबा खुशी भएर छोरी पढाएर डाक्टर बनाउने इच्छा प्रकट गरे पनि फेरि पनि बहिनी जन्मिएपछि दोस्रो विवाह गर्न भित्रभित्रै तयारी गरी सरिताको आमा छोरीलाई गाउँको घरमा पठाएर कान्छीलाई उजुरी म्याद टार्न केही दिन माइतमै राखेका थिए । अब घर व्यवहारमा सानीआमाको खटनले आर्थिक संकट हुनथाल्यो भने कान्छी आमाका छोराछोरीलाई सहरमा वैभवपूर्ण तरिकाले लालनपालन चलेको थाहा हुन्छ । समय बित्दै जाँदा सरिताको बिहेको कुरा चल्नथाल्यो यत्तिकैमा परिवारको सल्लाह विना नै सरिताका बुबाले एक्लै बिहेको निर्णय गर्दछन् । दाइजो प्रसस्त दिन नसक्दा सासु र आफ्नै लोग्नेबाट सरितालाई तनाव दिन थालेपछि सरिताले आफ्नो बुबासामु व्यथा ओकले पनि समस्या समाधान नुहँदा सरितालाई घरमा खानबस्न नै दिन छाडे भने लोग्नेले सौतासमेत हाल्न पुगेका थिए । बहुविवाहको उजुरी हाल्न बुबाको सहयोग लिन माइततर्फ कस्सिएकी तर केही पाइला चालेपछि बुबाआमालाई सुनाउदैमा समस्या नसुल्झने बरु आमा झन् दु:खी हुने विचार पुऱ्याई माइतको बाटो छोडेर अनिश्चित गन्तव्यको बाटो समाती म पात्र भएको ठाउँमा पुग्छिन् । यही नै **'प्रश्न-चिह्न'** उपन्यासको मूल कथावस्तु हो ।

यसै मुख्य कथावस्तुलाई अगाडि बढाउने क्रममा सहयोगी भएर अन्य प्रासङ्गिक कथाहरू पनि आएका छन् । आफ्ना बुबाले सौताहाली आफूहरूले समेत दु:ख बेहोर्नु परेको प्रसङ्ग, आमाहरू बुबाहरूका गुन्टाबोकी गाडीसम्म पुऱ्याउन गएको प्रसङ्ग, दाइजोको प्रसङ्ग, सरितालाई खान नदिएको प्रसङ्ग एवम् सरिताले प्रतिकारस्वरूप घरमा ताल्चा ठोकेको आदि प्रसङ्गहरू यस उपन्यासको मूल कथानकसँग जोडिन आएका प्रासङ्गिक कथा हुन् ।

### ४.५.२ पात्रविधान

पात्रविधानका दृष्टिले **'प्रश्न-चिह्न'** उपन्यास पनि बहुपात्रीय उपन्यास हो । मुख्य, सहायक र गौण गरी जम्माजम्मी अठ्ठाईस पात्रहरूको प्रत्यक्ष अप्रत्यक्ष भूमिका रहेको यस उपन्यासका प्रमुख नारी पात्र सरिता र प्रमुख पुरुष पात्र उसको लोग्ने भीम पराजुली रहेका छन् । सहायक पात्रका रूपमा सरिताका आमा, बुबा (रघु), कान्छीआमा, सासू, ससुरा र छोरी रहेका छन् भने गौण पात्रका रूपमा हरि, वसुधा, शोभा, रामु, भाउजु, पसल्नी दिदी, वैदारकान्छा, पुम्दीका बराल, छिमेकी बूढी, भरीया, पल्तिरका जेठाजु, सुन्तली, तल्लाघरकी बुहारी आदि आएका छन् । लिङ्गको आधारमा हेर्दा बाह्र पुरुष पात्र र सोह्र नारी पात्र रहेका छन् भने समूहको रूपमा पनि गाउँलेहरू र अप्रत्यक्ष पात्रहरू आएका छन् । यहाँ प्रमुख नारी पात्र र प्रमुख पुरुष पात्रको मात्र चर्चा गरिएको छ ।

### ४.५.२.१ सरिता

सरिता यस उपन्यासकी प्रमुख नारी पात्र हो । यिनका बुबाले सानै उमेरमा रिस्तीका भीम पराजुलीसँग बिहे गरिदिएपछि माइतमा नै उचित वातावरण नपाएकी सरिताका दु:खका दिनहरू फेरि सुरु भए । प्रचलित चलनअनुसार नभै सौतेनी आमाको खटनमा सरिताको बिहे भएको हुँदा दाइजो नपाएको गुनासो घरतिरकाबाट थाहा पाएपछि सरिताले आफ्ना बुबासामु समस्या राख्दा केवल उपदेश मात्र प्राप्त हुन्छ । सरितालाई अब घरमा सासू लगायत आफ्नै लोग्नेबाट पनि दुर्व्यवहार सुरु भई बस्न त के खानसमेत बन्देज गराइन्छ । यस्तो अवस्थामा सरितामा जस्तोसुकै कष्ट सहँदासहँदै विद्रोहको भावना उठी विद्रोह माइत होइन घरबाटै सुरु गर्ने र दाइजोको कुरा उठाउँदा मुखभरिको जवाफ दिने अनि खाना खान नदिंदा आफै झिकेर पकाएर खाने, आँखाले देखेको काम गर्ने थकाइ लागे बस्ने यतिले नभएर प्रतिकारस्वरूप आफूले समेत ताल्चा ठोकेकी जोसिली पात्र हुन् । बिच्छौना समेत फालिदिएपछि घरको व्यवहार खप्न नसकी माइतको बाटो लागे पनि माइतको सौतेनो व्यवहार सम्झी बरु अनिश्चित गन्तव्यको बाटो समाती आशावादी हुने स्वाभिमानी एवम् जस्तोसुकै परिस्थितिको पनि सामना गर्न सफल अनि कानुनको समेत सहायता लिन खोज्ने आँटिली र गतिशील नारी पात्र हुन् । यसरी सरिता आदर्श नारी पात्र हुँदाहुँदै पनि घरपरिवारबाट उपेक्षित हुनु परेको र आफू लगायत छोरीको जीवनलाई बेबारिसे बनाएको हुँदा सरितामाथि न्याय नगरेको देखिन्छ ।

### ४.५.२.२ भीम पराजुली

भीम पराजुली यस उपन्यासको प्रमुख पुरुष पात्र हो । रिस्ती सिम्पानीका पराजुली मुखियाको छोरो एवम् स्कुलमास्टरका रूपमा यस उपन्यासमा उपस्थित रहेको छ । आफू मास्टर भैकन पनि घरपरिवारलाई सम्हालेर व्यवस्थित ढङ्गबाट सञ्चालन गर्न नसक्ने, अर्काको सम्पत्ति (दाइजो) नपाएकै निहुँमा श्रीमतीलाई दुर्व्यवहार गर्ने अनि दाइजोकै कारण आफ्नी श्रीमतीलाई बेवास्ता गर्ने असफल पतिका रूपमा रहेको छ । शिक्षित भएर पनि प्राकृतिक नियमलाई नबुझी श्रीमतीले छोरी जन्माएकोमा रुष्ट हुने, पत्नीको प्रेमलाई बुझ्न नसक्ने बरु कुट्ने, पिट्ने, काममा बेसरी जोताएर खान नदिने क्रूर पतिका रूपमा भीम पराजुलीको चरित्र चित्रण रहेको छ । बहुविवाह गरी आमा र बच्चामाथि अमानवीय व्यवहार गर्ने वैयक्तिक वासनात्मक स्वार्थमा लिप्त भएको निष्ठुरी र अत्याचारी पुरुष मानसिकता भएको खलपात्रका रूपमा देखापर्दछ । अकारण लात, घात, पीडा अनि धोका दिने, पारिवारिक उत्तरदायित्व वहन नगर्ने, समयानुसार परिवर्तन हुन नसक्ने स्थिर पात्रका रूपमा रहेको छ । यसरी भीमको चरित्र हेर्दा धोकेबाज, अविश्वासी, अत्याचारी र क्रूर पतिका रूपमा यस उपन्यासमा प्रस्तुत भएको छ ।

उपन्यासका प्रमुख पात्रको शैली वैज्ञानिक दृष्टिकोणका आधारमा वर्गीकरण गर्दा लिङ्गको आधारमा सरिता नारी पात्र र भीम पुरुष पात्र हुन् भने कार्यको आधारमा दुवै प्रमुख पात्र हुन् । प्रवृत्तिका आधारमा सरिता अनुकूल र भीम प्रतिकूल पात्र हुन् । स्वभावको आधारमा सरिता गतिशील र भीम स्थिर पात्र हुन् । जीवनचेतनाका आधारमा दुवै व्यक्तिगत, आसन्नताको आधारमा दुवी मञ्चीय र आबद्धताको आधारमा दुवै बद्ध पात्रको रूपमा रहेका छन् ।

यिनका अतिरिक्त सरिताको आमा, बुबा (रघु), कान्छीआमा, सासू, ससुरा, छोरी सहायक पात्रका रूपमा उपस्थित भई कुनै न कुनै तवरबाट प्रमुख पात्रहरूलाई सहयोग पुऱ्याएको देखिन्छ । सरिताकी आमाको उपस्थिति बालविवाहको शिकार बन्न पुगेको अनि ममतामयी आमाका रूपमा रहेको छ भने बुबाचाहिँ बहुविवाह गर्ने तर श्रीमती मिलाएर राख्न नसक्ने पति र छोरीहरूलाई उचित माया दिन नसक्ने बुबाको रूपमा रहेका छन् । ससुराभन्दा सासू अझ बढी पीडक मात्र नभै नारी भएर नारीको मर्म नबुझ्ने एवम् खान बस्नसमेत नदिने खराब सासूका रूपमा रहेकी छिन् । कान्छीआमाचाहिँ आफ्ना छोराछोरी वैभवपूर्ण रूपमा हुर्काउने तर सौताकी छोरीको बिहेमा भने आँखा छल्ने काम गर्ने खराब पात्रकै रूपमा रहेकी छन् । छोरी सानी अन्जान हुँदाहुँदै पनि अब आफ्नो कुनै ठाउँ ठेगान नभएकी बेबारिसे भई जीवनमाथि नै प्रश्न-चिह्न लागेकी पात्रका रूपमा रहेकी छ ।

यसरी यस उपन्यासमा सम्पूर्ण पात्रहरूले प्रमुख पात्रको भूमिकालाई सशक्त बनाउन आ-आफ्नै स्थानबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । त्यसैले यस उपन्यासका पात्रहरू सहज, स्वभाविक रूपमा आएका छन् । सम्पूर्ण पात्रहरू भिन्दाभिन्दै समस्याले ग्रस्त छन् । प्राय: सबै पात्रहरू विशृङ्खल र विसङ्गत जीवन बिताउँदै आ-आफ्नो अस्तित्वको खोजीमा भौँतारिएका छन् ।

### ४.५.३ परिवेश

**'प्रश्न-चिह्न'** उपन्यासको प्रकाशन समय वि.सं २०६५ साल रहेको छ । यस उपन्यासमा बाहुनगाम, कामीगाम, माछापुच्छ्रेको टुप्पो, राम्दीघाट हस्तिनापुर, गणेश हिमाल, जिल्ला कार्यालयजस्ता किटान गरेका स्थानबाहेक संस्कारगत परिवेशको वर्णनका आधारमा ग्रामीण परिवेशलाई केन्द्रबिन्दु बनाएको पाइन्छ । सरिताको माइत र घरसम्मको भौगोलिक दूरी एवम् कान्छीआमा र बुबा बस्ने सहरीया वातावरण यस उपन्यासको भौगोलिक परिवेश हुन् ।

यसरी सहरीयाभन्दा ग्रामीण परिवेश र सामाजिक वातावरणको झलक नै यस उपन्यासको परिवेश हो ।

### ४.५.४. कथोपकथन/संवाद

संवादका दृष्टिले 'प्रश्न-चिह्न' उपन्यास सशक्त रहेको पाइन्छ । यस उपन्यासमा प्रयोग भएका संवाद केही छोटा त केही लामा भएकाले संवादगत एकरूपता नभएको पाइन्छ । सरिता र भीमबीचको संवाद, सरिताका बुबा र आमाबीचको संवाद, सरिता र सासूबीचको संवाद, सरिता र म पात्रबीचको संवाद अनि सरिता र सरिताको आमाबीचको संवादजस्ता प्रशस्त संवादहरू उपन्यासमा रहेका छन् । संवादहरू पात्रको स्तरअनुरूप र परिवेश अनुरूप छन् । यस उपन्यासका संवादका केही नमूनाहरू यसप्रकार छन् :

(क) "भान्सामा त पकाएका भाँडा छोपेर राखेको छ नि, किन नखाएकी त ?"

"जानु त एक पटक हेर्नुस् ।"

- **'प्रश्न-चिह्न',** पृ. २८, सरिताका बाबुआमाबीचको संवाद ।

(ख) "तँ पढ्छेस् र ? पढ्न सिकाइदिऊँ ?"

"खै ! यो उमेरमा पनि के पढ्ने र ?"

- ऐजन, पृ. ३२, सरिताका बुबाआमाबीचको संवाद

(ग) "ए बाबु ! बूढो भैसकिस्, छोराछोरी भएनन्, केही सोच्नपर्ने हो कि !"

"म बिहे त ज्यान गए गर्दिन, भए यसैबाट सन्तान होलान्, नभए यसै बसुँला ।"

- ऐजन, पृ. ३४, सरिताका बुबा र हजुरबुबाबीचको संवाद ।

(घ) "बा ! किन हामीलाई माया गर्नुहुन्न ? किन चाहिने कुरा दिनुहुन्न ?"

"म तिमीहरूको ठेकेदार हुँ र ? तिमीहरूको सबै माग पुऱ्याउने ?"

- ऐजन, पृ. ४८, सरिता र बुबा बीचको संवाद ।

(ङ) "अर्को बिहे गर्ने हल्ला सुन्छु, फेरि कठघरामा परिएला नि !"

"तैंले लागेपुगेको गर्, तर यहाँ नआइज !"

-ऐजन, पृ. ७०, सरिता र लोग्नेबीचको संवाद ।

पात्रहरूले आफ्नो स्तर र परिवेश अनुरुपको भाषा प्रयोग गरेको प्रस्तुत उपन्यासको संवाद सबल रहेको छ । उपन्यासमा शिक्षित, अशिक्षित दुवै पात्र भएकाले औपचारिक अनौपचारिक दुवै भाषाको प्रयोग भएको छ । संवाद सहज, स्वभाविक रोचक र घोचक छन् ।

### ४.५.५ उद्देश्य

यस उपन्यासको उद्देश्य एक्काइसौं शताब्दीको समयमा पनि समाजमा छोरी, बुहारी र श्रीमतीप्रतिको दृष्टिकोणमा अभिभावक ठहरिएकाहरूको सोंचाइमा परिवर्तन आउन नसकेको र नारी शिक्षाले प्राथमिकता पाउनुको साटो छोरीलाई विवाह गरेर पन्छाउने नियतिले अझै प्रश्रय पाइरहेको तथ्यलाई देखाइएको छ । एकातिर नारीबाटै शोषितपीडित नारीको पुस्ता हुर्किंदै गएको वास्तविकता

छ भने अर्कोतिर जतिसुकै लात, घात, पीडा, प्रताडना, दमन, हिंसा, बुहार्तन, बहुविवाह, दाइजोप्रथा, प्रेमवासना खप्नु परे पनि नारी नारकीय घरलाई स्वीकार्न विवश छ भन्ने देखाइएको छ । सामाजिक कुसंस्कार र परम्परा विरुद्धको आक्रोश र असन्तुष्टि देखिन्छ । मानवीयताको आग्रह गर्दै ग्रामीण क्षेत्रमा रहेका नारी र तिनको वास्तविकता समेटेर सबैले लैङ्गिक विभेद अन्त्य, नारी मुक्ति र नारी अस्तित्वलाई स्वीकारका लागि आग्रह गर्नु उपन्यासको उद्देश्य रहेको पाइन्छ ।

सङ्क्षेपमा, नारी हिंसा, दाइजोप्रथा, बालविवाह, बहुविवाह आदिले समाजमा दुर्घटना निम्त्याउँछन् भनी सचेत गराउनु पनि उपन्यासको विशेषता हो ।

### ४.५.६ दृष्टिबिन्दु

प्रस्तुत **'प्रश्न-चिह्न'** उपन्यासको दृष्टिबिन्दु पात्र सरिता हो । सरिता जहाँतहीँ म पात्रका रूपमा प्रस्तुत छिन् भने यस उपन्यासको सम्पूर्ण पात्रको गतिविधि र क्रियाकलापको द्रष्टा उपन्यासकार नै हुन् । उपन्यासको सम्पूर्ण घटनाक्रम तथा परिवेश आदिको वर्णन सरिताबाट नै भएको छ भने उपन्यासकार शारदाका चिन्तनहरू भने सरिता र सरिताको जीवनगाथा सुनिदिने 'म' पात्रका माध्यमबाट प्रस्तुत भएका छन् । प्रस्तुत उपन्यासमा समाख्याता 'म' भएर आएको हुनाले यो उपन्यास प्रथमपुरुष दृष्टिबिन्दु अँगालेर लेखिएको उपन्यास हो । यस उपन्यासकी पात्र सरिताको उपस्थिति प्रमुख पात्रको रूपमा रहेको छ । उपन्यासको कथावस्तु उनीद्वारा नै संस्मरणात्मक रूपमा आरम्भदेखि अन्त्यसम्म डोऱ्याइएको हुँदा यस उपन्यासमा प्रथमपुरुषात्मक आन्तरिक दृष्टिबिन्दु प्रयोग भएको छ ।

### ४.५.७ भाषाशैली

**'प्रश्न-चिह्न'** उपन्यासको भाषाशैली ग्रामबासीले बोल्ने सहज सरल र स्वाभाविक छ । पात्रको अवस्था र परिवेश अनुसारको भाषाको प्रयोग भएको छ । वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोगले सामान्य पाठकका लागि पनि सरल बनेको छ । सामान्य पदरचना, उखानको प्रयोगले उपन्यासमा थप रोचकता थपेको छ ।तत्सम्, तद्भव र आगन्तुक, झर्रा सबै स्रोतका शब्दहरूको प्रयोग भएको छ । व्याकरणिक भाषाशैली प्रयोग गरिएको हुँदा भाषिक अभिव्यक्तिमा कुनै असर परेको छैन । पूर्वस्मृति पद्धतिको प्रयोग, साहित्यिक भाषाको प्रयोग गरिएको यस उपन्यासको भाषा स्वभाविक र प्रतीकात्मक छ ।

### ४.५.८ संरचना

प्रस्तुत उपन्यास आठ खण्डमा संरचित एक्काईस दशमलव पाँच से.मि. लम्बाइ, तेह्र दशमलव चार से.मि. चौडाइ र शून्य दशमलव चार से.मि उचाइ भएको जम्माजम्मी असी पृष्ठमा

संरचित लघु आकारको छ । यस उपन्यासको सतसठ्ठी पृष्ठसम्म कथावस्तु समेटिएको छ भने तेह्र पृष्ठमा उपन्यासको प्रकाशन, प्रकाशनका तर्फबाट लेख एवम् उपन्यासकार शारदाको *दुई शब्द* र अन्य साहित्यकारको भूमिका रहेको छ । प्रस्तुत उपन्यासको सबैभन्दा लामो खण्ड प्रथम र सबैभन्दा छोटो खण्ड पाँचौ र आठौँ रहेका छन् । सबैभन्दा लामो खण्ड बाह्र पृष्ठमा र सबैभन्दा छोटो खण्ड पाँच-पाँच पृष्ठमा आबद्ध छन् ।

यसरी खण्डगत रूपमा हेर्दा असन्तुलन भएको स्पष्टै देखिने प्रस्तुत उपन्यासको बाह्यसंरचनाको मुखआवरणमा एक अधबैसे ग्रामीण नारी गम्भीर मुखमुद्रा र चिन्तनशील आँखामा रहेकी छन् भने यिनको मुखमण्डललाई प्रश्नवाचाक चिह्नले घेरा हालेको छ । त्यस्तै पछिल्लो आवरणमा पनि सोही नारीको पातलो छाया र उपन्यासकार शारदाको फोटो रहेको छ । यही संरचनामा **'प्रश्न-चिह्न'** उपन्यास संरचित छ ।

### ४.५.९ निष्कर्ष

आठ खण्डमा संरचित प्रस्तुत उपन्यास असी पृष्ठको लघु उपन्यास हो । यस उपन्यासमा ग्रामीण परिवेशमा नारीले भोग्नुपरेका, अन्याय, अत्याचार, दमन, हिंसा, बहुविवाह, बालविवाह, दाइजोप्रथा र यसबाट सृजित अपहेलना र तिरस्कार नारीले भोग्नुपर्ने बिडम्बनाहरूलाई उजागार गर्न सफल रहेको छ ।

समग्रमा भन्नुपर्दा, लेखाइमा अनुप्रासिकता, श्रुतिमधुरता, पदलालित्यको चमत्कारिता, व्यङ्ग्यात्मकता, सरल भाषाशैली कौतूहलता, तीव्र अनुभव, विषयवस्तु चयनमा सामाजिकता तथा प्रस्तुतीकरणमा रोचकता, चिन्तनको गम्भीरता, वैयक्तिक भाव आदि शारदा ढुङ्गानाका यस चरणका औपन्यासिक विशेषता हुन् ।

## ४.६ खण्डकाव्यको सैद्धान्तिक परिचय

कविता मानवीय अनुभूतिको अभिव्यक्ति हो । नाटककार बालकृष्ण समले कवितालाई बौद्धिक कोमलता भनेका छन् ।[२८] यो अत्यन्तै लयात्मक हुन्छ । कविता र लयलाई एक अर्कासँग भिन्न तुल्याउनै सकिँदैन । कविताको प्रमुख तत्त्व भनेको नै लय हो । कवितामा आख्यानको विस्तार हुँदै जाँदा कविताले स्वरूप परिवर्तन गरी आफ्नो आयाम विस्तार गर्दछ र खण्डकाव्यको स्वरूप निर्माण हुन्छ । डा. वासुदेव त्रिपाठीका अनुसार खण्डकाव्य कविता विधाको त्यस्तो मझौला आयामको उपविधागत भेद देखापर्छ जसले कुनै आख्यानमार्फत् वा आख्यान नअंगाली जीवनजगत्को एक भागलाई बद्ध वा मुक्त लयमा उनिएका भाषिक सङ्कलनका माध्यमबाट अन्वितिपूर्वक व्यक्त गर्दछ ।[२९] यसरी कविताको मझौला रूपलाई खण्डकाव्य भनिन्छ ।

### ४.६.१ खण्डकाव्यको परिभाषा

कुनै पनि गतिशील वस्तुलाई परिभाषा गर्न सकिँदैन । गतिशील वस्तुहरू परिभाषामा समेटिन सक्दैनन् । समय र परिवेशका कारण तिनीहरूको स्वरूपमा परिवर्तन हुने भएकोले त्यस्ता वस्तुलाई परिभाषाबद्ध गर्न नसकिएको हो । परिवर्तनशील समाजको अभिव्यक्ति दिने साहित्य पनि परिवर्तनशील हुन्छ । त्यसैले परिवर्तनशील वस्तु वा विधा विशेषलाई परिभाषाबद्ध गर्न सकिँदैन तर अध्ययन सुविधाको लागि केही परिभाषाहरूलाई उल्लेख गर्नु सान्दर्भिक देखिन्छ । बालचन्द्र शर्माका अनुसार कथानकबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य नै खण्डकाव्य हो ।[३०] खण्डकाव्यमा मानव जीवनको एक पक्षको चित्रण हुन्छ, एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थताको विश्लेषण हुन्छ । त्यसैले खण्डकाव्यमा मानवजीवनको विराट स्वरूपको एउटा खण्ड-विशेषको प्रस्तुति हुन्छ ।[३१] यसैगरी सोमनाथ सिग्देलले काव्यको एक टुक्राजस्तो कथानक लिएर शृङ्खलित रूपमा बीचैमा उठेर बीचैमा टुङ्गिएको सर्गबन्धन सन्धिबन्धनहरू नभएको छोटो काव्य खण्डकाव्य हो भनी परिभाषित गरेका छन् ।[३२]

पाश्चात्य साहित्यमा भने खण्डकाव्य भनेर छुट्टै परिभाषित गरेको पाइँदैन । पूर्वीयजगत्मा खण्डकाव्य भनेर जस्तो काव्यिक संरचनालाई बुझिन्छ त्यस्तै प्रकारको कवितात्मक आयाम भएको रचनालाई लामो कविता (लङ्ग पोएम) भनिन्छ । हुनत (लङ्ग पोएम) पूर्वीय काव्यजगत्को

---

[२८] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता,** भाग-२, (ललितपुर : साझा प्रकाशन, २०४८), पृ. २९३ ।

[२९] ऐजन, पृ. २९२-२९३ ।

[३०] बालचन्द्र शर्मा, **नेपाली शब्दकोश,** (काठमाडौं : रोयल नेपाल एकेडेमी, २०१४), पृ. ३१३ ।

[३१] मोहन हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. ५२ ।

[३२] सोमनाथ शर्मा सिग्देल, **साहित्य-प्रदीप,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५८), पृ. ९२ ।

खण्डकाव्यजस्तो ठीक त्यही प्रकारको काव्य होइन तर कविताको आयामको दृष्टिले खण्डकाव्यकै सेरोफेरोमै राख्न सकिने विधा हो । त्यसैले नेपालमा वैरागी काइला र मोहन कोइरालाका लामा कविताहरूलाई खण्डकाव्यको अध्ययनपरम्परामा राखी अध्ययन गर्ने प्रचलन रहेको छ यसरी हेर्दा खण्डकाव्यलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमबाट परिभाषित गरेको पाइन्छ ।

### ४.६.२ खण्डकाव्यका तत्त्वहरूका आधारमा वसुन्धरा स्मृतिकाव्यको अध्ययन

खण्डकाव्य सम्बन्धी विभिन्न विद्वान्हरूका परिभाषा र खण्डकाव्यको स्वरूपलाई हृदयङ्गम गरी हेर्दा खण्डकाव्यमा विभिन्न तत्त्वहरूको संयोजन रहेको हुन्छ । फुटकर कविताले अनुभूतिको आख्यानीकरण गर्दै जब मझौला रूप ग्रहण गर्दछ, तब खण्डकाव्योचित रचना देखापर्दछ । महाकाव्यका सम्पूर्ण लक्षण तथा महाकाव्यको सम्पूर्णतालाई हेरेर एकदेशीय, एक-खण्ड, एक-क्षण भनेर बुझ्दा आजको सन्दर्भमा खण्डकाव्यका कथानक, पात्र वा चरित्र, वातावरण, जीवनदृष्टि र भाषाशैली, बिम्ब-प्रतीक, अलङ्कार र रस एवम् लय र छन्द आदि तत्त्वहरू रहेका छन् ।[३३] यी नै तत्त्वका आधारमा वसुन्धरा स्मृतिकाव्यको अध्ययन गरिएको छ ।

#### ४.६.२.१ कथावस्तु

खण्डकाव्यमा पात्रद्वारा गरिने कार्यहरूलाई नै कथानक भनिन्छ ।[३४] यसले घटनालाई सुसंगठित, व्यवस्थित र शृङ्खलित बनाउँछ । कथानकमा विभिन्न विषयवस्तु समेटिएका हुन्छन् । यो खण्डकाव्यको आधारभूत आवश्यक तत्त्व हो । कथानक विना कविताले खण्डकाव्यको स्वरूप लिन सक्दैन । खण्डकाव्यमा कथात्मक गठन र गुम्फन हुन्छ । कथात्मकतामा काव्यात्मकता हुन्छ र काव्यात्मकतामा कथात्मकता हुन्छ ।[३५] यसरी कथानक खण्डकाव्यको आधारभूत आवश्यक तत्त्व हो ।

**'वसुन्धरा स्मृतिकाव्य'** खण्डकाव्य सासूको वियोग बुहारीलाई सहन कठिन भएको र जीवनै उराठ महसुस गरेको खण्डकाव्य हो । यसमा सासूआमाले बेहोरेका दुःख र बुहारीमाथि प्रदान गरेको आत्मीयतालाई प्रकट गरिएको छ । यस खण्डकाव्यभित्र ६ ओटा शीर्षक रहेका छन् । *के लेख्नुपर्‍यो ?* भन्ने शीर्षकमा शारदाकी सासूआमा वसुन्धराको देहवसानले कवयित्री शारदाको मन व्यथित भएको र मानवजीवनको नश्वरताको हृदयस्पर्शी वर्णन रहेको छ । *एउटा घर थियो* भन्ने शीर्षकमा वसुन्धराकी आमाले बाल्यकालमा मामाका घरमा बिताउँदा भोगेका क्षण र आठवर्षे उमेरमा चालीसवर्षे बूढासँग गरेको अनमेल विवाहको मार्मिक कथा छ । *नयाँ सिर्जनाको खोजी* भन्ने

---

[३३] मोहन हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. ५५ ।

[३४] कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य** (सैद्धान्तिक तथा ऐतिहासिक विश्लेषण), (काठमाडौं : क्षितिज प्रकाशन, २०६४), पृ. ३१५ ।

[३५] ऐजन, पृ. ३१६ ।

शीर्षकमा वसुन्धराको विवाह, सन्तानप्राप्ति, तिनलाई शिक्षादीक्षा र काठमाडौंको उपचारार्थमा बुनिएका घटनाको प्रसङ्ग छ । *पोखिएका विरह* भन्ने शीर्षकमा सासूआमाले वियोगले शारदामा सिर्जित पीडा र पूर्व स्मृतिहरू समेटिएका छन् । *आमाविनाका छोरी* भन्ने शीर्षकमा शारदाले आमा नहुँदा छोरीले बेहोर्नुपर्ने मनोदशाको मार्मिक चित्रण गरेकी छन् । यस शीर्षकमा शारदाले विवाहपश्चात् माइतकी आमाबाट विछोडिनु परे पनि सासूआमा माइतकै आमाको प्रतिरूप देखेको र सासूआमाको समेत देहावसान हुँदा आफू विक्षिप्त भएको चर्चा गरेकी छिन् । *बुहारीको बिलौना* भन्ने शीर्षकमा मातृवियोगका पीडाजन्य अनुभूतिको मर्मस्पर्शी अभिव्यक्ति रहेको छ ।

यसरी शारदाले यस खण्डकाव्यमा मावलीको शरणले निम्त्याएको तिक्तता र रिक्तता एवम् आठ वर्षे बालककालमा चालीस वर्षे प्रौढसँगको विवाहले देखाएको छोरीको जस्तो जीवनप्रति पीडाका भावहरूको उजागार गरेकी छन् । त्यस्तै सासूआमाको देहान्तले आफ्नो मनलाई घायल पारिदिएको र आत्ममल्हम स्वरूप दुई-चार शब्द लेख्दा यस **वसुन्धरा स्मृतिकाव्य**ले स्वरूप प्राप्त गरेको जानकारी स्वयम् शारदाबाट प्राप्त हुन्छ ।

## ४.६.२.२ पात्र वा चरित्र

खण्डकाव्यमा कार्यव्यापारलाई अग्रगति दिन पात्रको ठूलो भूमिका हुन्छ । पात्र वा चरित्र विना कथानकलाई गतिशील बनाउन सकिँदैन । पात्रले भोगेका जीवनका दु:ख-सुख, वेदना र छटपटीलाई कथानकको रूप दिइने हुँदा जहाँ कथानक छ त्यहाँ पात्र आइपुग्छ र जहाँ पात्र छ त्यहाँ कथानक रहन्छ ।[३६] खण्डकाव्यमा शास्त्रीय रूपले निर्देशन गरेअनुरूप देव, देवी, उच्चवंश, राजा-महाराजा, धीरोदात्त नै पात्र हुनुपर्छ भन्ने अकाट्य नियम पाइँदैन तर आजको खण्डकाव्यमा जनजीवनका यथार्थिक र स्वभाविक पात्र हुनु आवश्यक छ ।[३७]

यस खण्डकाव्यमा नायिका वसुन्धरा हुन् । उनको चालचलन, बोली, संस्कार हिन्दूसंस्कृति अनुरूप छ ।घर परिवारमा सदैव शान्ति स्थापना गर्ने, परिवारमा बुहारीलाई छोरीसरह व्यवहार गर्ने सामर्थ्यता छ । उनले जीवनमा धेरै दु:ख, पीडा र व्यथाहरूलाई पचाएर पनि कुशल गृहिणीको भूमिका निर्वाह गरेकी छन् । नायिका वसुन्धरा सानी छँदा टुहुरी भएकी र आठ वर्षको उमेरमा चालीस वर्षे प्रौढसँग विवाह भएको प्रसङ्गबाट यिनले सङ्घर्षपूर्ण जीवन बिताएको प्रष्ट हुन्छ ।

यस खण्डकाव्यका नायक ब्रह्मप्रसाद हुन् । यिनी खण्डकाव्यमा नायकका रूपमा उपस्थित रहे पनि यिनको विस्तृत चर्चा भने खण्डकाव्यमा गरिएको छैन ।

---

[३६] कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,** पूर्ववत्, पृ. ३१६ ।

[३७] मोहन हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. ५६ ।

यसका अतिरिक्त **वसुन्धरा स्मृतिकाव्य**मा सहायक र गौण पात्रहरू क्रमश: छोरा, छोरी, नाति, नातिनी, बुहारी छिमेकी आदि रहेका छन् ।

### ४.६.२.३ वातावरण

खण्डकाव्यमा प्रयुक्त चरित्रले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र स्थितिलाई वातावरण भनिन्छ । यसलाई परिवेश पनि भनिन्छ । वातावरण बाह्य (भौतिक) र आन्तरिक (मानसिक) गरी दुई प्रकारका हुन्छन् । पात्रको व्यवहारलाई परिवेशले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । वातावरणभित्र सामाजिक मूल्यमान्यताहरू पनि पर्दछन् । खण्डकाव्यमा कथानक र पात्रलाई विश्वसनीय यथार्थिक, कलात्मक र प्रभावात्मक बनाउनका निम्ति वातावरणको महत्त्वपूर्ण भूमिका रहन्छ ।[३८] त्यसैगरी कवितात्मक अनुभूतिलाई विस्तारित रूप दिन कथानकको आवश्यकता परेझैँ स्वभाविक र सौन्दर्य बनाउन वातावरणको महत्त्वपूर्ण योगदान रहन्छ ।

**वसुन्धरा स्मृतिकाव्य**मा मूलत: देवघाटधाम लगायतका पाखापखेरा र गाउँले परिवेशमा सृजित रहेको छ । यसका अतिरिक्त काठमाडौं वरपरिको वातावरणलाई पनि स्पर्श गरिएको प्रमाण यस प्रसङ्गमा फेला पर्दछ ।

संसारी रीत के थियो हिजो के आज हुँदैछ
गाह्रो छ भन्न हिजोको खुशी आँशुले धुँदैछ ।
यो सुनसान फाटेको मन घर र अँधेरो
कहाली लाग्दो बनेर आयो पाखो र पखेरो ।।

पृ. १

यै माटोमहाँ बसियो यहीं पति र आमाको
विदाइ गरें सम्झना हुन्छ देवघाट धामको ।
नगर कर नपर भर काडमाडौं शहर
म कैलेकाहिँ आउँला भेट्न पुग्ला नि रहर ।।

पृ. ८ ।

### ४.६.२.४ जीवन-दृष्टि/उद्देश्य

कुनै पनि कार्य गर्नका पछाडि कारण रहेको हुन्छ । त्यस्तै कवि प्रतिभाले पनि काव्यकृति रचना गर्दा प्रत्यक्ष-अप्रत्यक्ष, सानो-ठूलो उद्देश्य राखेकै हुन्छ । त्यसकारण खण्डकाव्यमा कुनै न कुनै रूपको जीवन-दृष्टि रहन्छ, जसलाई तत्त्वकै रूपमा स्वीकार गरी खण्डकाव्यका माध्यमद्वारा

[३८] कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,** पूर्ववत्, पृ. ३१७ ।

कलात्मक रूपमा प्रकट भएको मूल सन्देश नै यसको जीवन-दृष्टि हो । जसलाई उद्देश्य पनि भन्न सकिन्छ ।[३९] खण्डकाव्यले दिनखोजेको मूल सन्देश वा चुरो कुरो नै जीवन-दृष्टि हो । यसले खण्डकाव्यको सारभूत कुरा प्रस्तुत गर्दछ ।

**वसुन्धरा स्मृतिकाव्य**को जीवन-दृष्टि सासूले बुहारीलाई छोरीसरह र बुहारीले पनि सासूलाई आमासरह व्यवहार गर्नुपर्छ तबमात्र घरमा सौहार्दमय वातावरण सृजना हुन्छ भन्ने हो ।

### ४.६.२.५ भाषाशैली

खण्डकाव्यमा प्रयोग गरिने भाषा सहज, सरल र सरस हुनु आवश्यक छ । खण्डकाव्यमा संक्षिप्तता र तीव्रता हुनाले वर्णनमा सहजता हुनपुग्छ । खण्डकाव्य, लोकलय, गद्यलय र शास्त्रीय छन्द जुनसुकै छन्दमा पनि रचना गर्न सकिन्छ । सरल, लयात्मक, सुस्पष्ट, कथात्मक, श्रुतिमार्धुयसहितको भाषाशैलीमा खण्डकाव्यले उच्च सफलता हासिल गर्दछ । भाषाशैली काव्यकै प्राण हो भन्न सकिन्छ । किनकि यो विना काव्यले जन्मने अवसर नै प्राप्त गर्दैन ।[४०] त्यसकारण भाषाशैली खण्डकाव्यको आवश्यक तत्त्व हो र खण्डकाव्यको आफ्नो सीमा र वातावरण सुहाउँदो भाषाशैलीको प्रयोग गर्नुमा काव्यको उत्कृष्टता झल्किन्छ ।

प्रस्तुत **वसुन्धरा स्मृतिकाव्य**को भाषाशैली सरल सहज र सुबोध्य भाषामा निर्मित भएको छ । सरल, सुबोध्य र सहज भाषाको प्रयोगले काव्य गहकिलो बनेको छ । काव्य लयात्मक र कलात्मक रहेको छ ।

### ४.६.२.६ बिम्ब-प्रतीक

बिम्ब भनेको छाया, दर्पण, प्रतिबिम्ब प्रतिछवि हो । बिम्बको यो अर्थ शाब्दिक अर्थ वा पर्याय मात्र हो, तर साहित्यमा बिम्बले काव्यबिम्बलाई जनाउँछ । सर्जकका मानसपटलमा रहेको मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।[४१] अङ्ग्रेजीमा बिम्बलाई इमेज र काव्यबिम्बलाई पोएटिकइमेज भनिन्छ ।

बिम्ब र प्रतीक प्राय: उस्तै उस्तै लागे पनि यी दुई भिन्न तत्त्व हुन् । अर्थात् बिम्ब र प्रतीक केही हदसम्म समान छन् तापनि धेरै हदसम्म असमान पनि छन् । बिम्बको सबैभन्दा समीपस्थ शब्द नै प्रतीक हो । गौणता र प्रधानताका दृष्टिले हेर्ने हो भने बिम्ब मूल रूप भएको हुँदा प्रधान हो र प्रतीक विकसित रूप भएको हुँदा गौण हो । अझ अर्को स्पष्टता के छ भने अर्थ प्रतिध्वनित गरेपछि

---

[३९] कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,** पूर्ववत्, पृ. ३१८ ।

[४०] ऐजन, पृ. ३१७ ।

[४१] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. १ ।

प्रतीकको कार्य त्यहीं पूरा हुन्छ र त्यसको प्रभाव पनि क्षणिक हुन्छ तर बिम्बमा अर्थ प्रतिध्वनित भइसकेपछि पनि धेरै समयसम्म त्यसको प्रभाव रहिरहन्छ ।

प्रस्तुत **'वसुन्धरा स्मृतिकाव्य'** खण्डकाव्यमा प्रयुक्त केही बिम्ब-प्रतीकको प्रयोग यसप्रकार रहेको छ ।

त्यो मिठो धुन बोकेर कोइली छाडिएजस्तो छ
झ्याउँकिरी चर्ने त्यो झाडी पनि फाँडिएजस्तो छ ।

पृ. १०

फारोस बादल पूर्ण कान्ति भरियोस श्री चन्द्रको चाँदनी
आई टप्प टिपेर पार गरिद्यौ इन्द्रादिको आँगनी ।

पृ. १६

लौ आयो किन आज यो दिन अन्दाज भएन
खोसेर लग्यो ती माउलाई उम्कन दिएन ।

पृ. २२

बतास आयो मायाको डोरो चटक्क चुँडायो
निभायो बत्ती अँधेरो भयो भरोसा उडायो ।

पृ. २६

यसरी यस खण्डकाव्यमा सासूआमाको निधनपश्चात् छाएको निराशतालाई कोइलीका धुन, झ्याउँकिरी चर्ने झाडी एवम् बत्ती, माउ र चाँदनीसँग तुलना गरिएको छ । त्यस्तै मृत्युलाई बतास र अँधेरोजस्ता बिम्ब प्रतीकको प्रयोग गरिएको छ ।

### ४.६.२.७ अलङ्कार र रस

सुरुमा अलङ्कारलाई सामान्य आभूषण वा काव्य सौन्दर्यको सामान्य साधनका रूपमा लिइन्थ्यो भने पछि भामह, दण्डी, उद्भट, रुद्रट आदि अलङ्कारवादी आचार्यहरूले यसको अर्थ विकास गरी समग्र काव्य सौन्दर्यका रूपमा स्थापित र विकसित गरेका छन् ।[४२] रसध्वनिवादी आचार्यहरूले अलङ्कारको अर्थ सङ्कोच गरेर रसलाई काव्यको अतिरिक्त सौन्दर्यका रूपमा चिनाएका छन् ।

यस खण्डकाव्यमा उपमा, रूपक र तुल्ययोगिता अलङ्कारको प्रयोगलाई यसप्रकार देखाइन्छ :

---

[४२] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** पूर्ववत्, पृ. ७० ।

**उपमा, रूपक र तुल्ययोगिता अलङ्कार-**

मर्स्याङ्दी जल सिंचिए सरी यो घर रसायो
ठोक्किदै जाँदा सुख र दु:ख गृहस्थी बसायो ।
शीतल छायाँ आमाको माया जीवन पलायो
दैवले चुँड्यो ती आमालाई हृदय जलायो ।। पृ. ५

मनले गुन्यो दैवले सुन्यो संयोग जुटेछ
पालुवाभित्र सृष्टिको मुना अँकुर फुटेछ । पृ. ७

सन्तान वृद्धि क्रमश: भए आमाको घरमा
सृष्टिका मुना फुलाई दिइन् उजाड घरमा । पृ. ७

त्यो मिठो धुन बोकेर कोइली छाडिएजस्तो छ
झ्याउँकिरी चर्ने त्यो झाडी पनि फाँडिएजस्तो छ ।
बादल फारी समय वर्षा वर्षिन गाऱ्हो छ
रित्तियो घर विरह थाम्न झन् अब साऱ्हो छ ।। पृ. १०

यसरी यहाँ आमाको मायालाई शीतल छाँयासँग र सन्तान वृद्धिलाई सृष्टिका मुनाका आँकुरासँग तुलना गरिएको छ । आमाको मृत्युमा प्रकृति पनि शोकाकुल भएको र वर्षालाई समेत वर्षिन गाऱ्हो परेको भाव व्यक्त गरिएको छ ।

सामान्यतया रस भन्नाले कुनै पदार्थमा रहने तरल गुण भन्ने बुझिन्छ । काव्यमा यसको प्रयोग आनन्दात्मक अनुभूतिका रूपमा गरिएको हुन्छ । साहित्यिक रसको वैदिक वाङ्मयमा सामान्य चर्चा पाइए पनि काव्यशास्त्रीय दृष्टिले त्यो त्यति उल्लेखनीय देखिन्न । ब्राह्मण ग्रन्थहरूमा रसलाई आत्मा तत्त्वका रूपमा प्रस्तुत गर्ने काम पनि भएको छ । केही आचार्यहरूले रसलाई ब्रह्मस्वाद सहोदरका रूपमा चिनाउने कामसमेत गरेका छन् ।[४३]

**'वसुन्धरा स्मृतिकाव्य'** खण्डकाव्यमा विशेष गरी करुण रसको अत्यधिक प्रयोग गरिएको छ ।
करुण रस :

हाँसेर बिदा गरेकी थिएँ फर्कने आशमा
घायल भइन् पुगिनन् गन्तव्य बासमा ।

[४३] विष्णुप्रसाद पौडेल, संस्कृत काव्यशास्त्र, काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५७, पृ. ११०-१११ ।

साइत भने हेरेनौं बेला काल पो परेछ
चौसठ्ठी वर्षे जीवनलीला दैवले हरेछ ।। पृ. ९

नपाउने भयौं दोहोरो कुरा सुन्न र सुनाउन
नसक्छिन् आमा सम्भेर मोह उठेर आउन ।
न सोध्न पायौं अन्तिम इच्छा न आमा रुनुभो
छाडेर सबै सन्तान सृष्टि स्वर्गीय हुनु भो ।। पृ. ११

यसरी यिनी पङ्क्तिमा मृत्यु भइसकेपछि आमाका अन्तिम इच्छाहरू पूरा गरिदिन नपाएकोमा गुनासो व्यक्त गरिएको छ ।

### ४.६.२.८ लय र छन्द

लय खण्डकाव्यको प्रमुख तत्त्व हो । खण्डकाव्यमा प्रयुक्त प्रवाह, गति, यति, आघात आदिको परस्पर क्रमिक मेलबाट लयको उत्पत्ति हुन्छ । ध्वनि ढाँचाका समान एकाइहरूको नियमित वा प्राय: नियमित पुनरावृत्तिबाट एवम् खण्डकाव्यमा हुने विशिष्ट भाषिक विन्यासबाट लयको उत्पत्ति हुन्छ ।

छन्दले खण्डकाव्यमा मिठास ल्याउनुका साथै भाषिक प्रयोगमा समेत विशिष्टता प्रदान गर्दछ । छन्द मूलत: तीन प्रकारका हुन्छन् । शास्त्रीय छन्द, लोक छन्द र मुक्त छन्द । यस खण्डकाव्यमा विशेष गरी लोक छन्दअन्तर्गतको झ्याउरे छन्द र थोरै मात्रामा शास्त्रीय छन्दअन्तर्गतको शार्दूलविक्रीडित छन्दको समेत प्रयोग गरिएको छ ।

प्रस्तुत खण्डकाव्यमा प्रयोग गरिएका चार पाउको एक श्लोक भई उन्नाइस अक्षर रहने शार्दूलविक्रीडित छन्द र झ्याउरे छन्दका केही उदाहरणहरू यसप्रकार छन् ।

**शार्दूलविक्रीडित छन्द :**

लानैको पहिले थियो मन भने हेरी बसेको किन ?
मार्ने नै मन हो तथापि सजिलै मर्नै दिईनस् किन ?
आमाका मनमा थिए कति कुरा खोल्नै दिईनस् किन ?
पारी घायल त्यो पवित्र तनमा हानिस् झटारो किन ? पृ. १७

घोटी जीवन पाखुरा हरघडी सन्तोषले बाँच्न दे
धर्तीमा जति कोपिलाहरू फूले उल्लासले हाँस्न दे
फक्रेका नवपुष्पका रहर ती बुझ्नै नसक्ने किन ?
मायामा असिना खसाई रमिता हेर्छस् विधाता किन ? पृ. १७

यस पङ्क्तिमा आफैले जन्माएर आफैले मृत्युवरण गराउने प्रकृतिप्रति नै रोष व्यक्त गरिएको छ ।

**झ्याउरे छन्द :**

चारै दिन अघि थिएन नाता चिनजान थिएन
दैवले रच्यो सम्बन्ध नयाँ मौलिन दिएन ।
नाताले सासू परे तापनि आमा नै भनियो
आमाको पनि छोरी नै ठानी ममता खनियो ।। पृ. २४

आमाको मर्म धर्म र कर्म प्रक्रिया एकै हो
सासू र आमा फरक हुन्न रचना एकै हो ।
साथमा साथ पाइन्छ पर्दा समस्या टर्दछ
जीवनभरि सद्भाव छरी भलाई गर्दछ ।। पृ. २५

यहाँ जन्मदिने आमा र सासूआमाको सम्बन्धमा केही फरक नरहेको र दुवै आमा आफ्ना सन्तानप्रति उत्तिकै ममतामयी रहने भाव व्यक्त गरिएको छ ।

यसरी **'वसुन्धरा स्मृतिकाव्य'** करुण रसमा रचिएको कारुणिक र संवेदनशील छ । करुण रस परिपाकमा पुगेको प्रस्तुत काव्यमा बिम्ब, प्रतीक, रस र अलङ्कारको समेत समुचित प्रयोग गरिएको छ ।

माथि उल्लेखित खण्डकाव्यको अनिवार्य तत्त्वका अतिरिक्त खण्डकाव्यलाई स्तरीयता, उच्चता, सफलता, श्रुतिमधुरता, लोकप्रियता, हार्दिकता, सरसता, दार्शनिकता, रसात्मकता बनाउने कार्यमा बिम्ब-प्रतीक, रस, अलङ्कारको समावेश हुने हुँदा प्रस्तुत **वसुन्धरा स्मृतिकाव्य**मा उपमा, रूपक, तुल्ययोगिता अलङ्कार, करुण रस एवम् शार्दूलविक्रीडित छन्द र विभिन्न बिम्ब-प्रतीकको प्रयोग भएको पाइन्छ भने खण्डकाव्यको आदिदेखि अन्तसम्म अन्त्यानुप्रासको राम्रो संयोजन पाइन्छ ।

## ४.६.३ वसुन्धरा स्मृतिकाव्य र यसको संरचना

साहित्यकार शारदा ढुङ्गानाको साहित्ययात्राको दोस्रो चरणमा प्रकाशित **'वसुन्धरा स्मृतिकाव्य'** खण्डकाव्य २०६६ चौंथो कृति हो । आफ्नी सासूआमाको वि.सं. २०५० सालमा मृत्यु भएपछिका समयमा उनका स्मरणयोग्य क्षणहरूलाई समेटेर साहित्यकार शारदा ढुङ्गानाले वि.सं. २०६६ सालको ज्येष्ठ महिनामा आफ्ना सासूससुरा ब्रह्म-वसुन्धराको पुण्यस्मृतिमा आयोजित श्रीमद्भागवत् सप्ताह पूर्वाङ्गको शुभ मुहुर्तमा यो कृति प्रकाशित गरेकी हुन् । सामान्यतया सासूले बुहारीलाई दिएको ममता र बुहारीले सासूलाई पुऱ्याएको सदासयता, नारी उत्पीडनको सामाजिक अभिव्यक्तिसमेत यस काव्यमार्फत् प्रकट गरेकी छिन् । प्रस्तुत खण्डकाव्य शारदाले नारीलाई प्रवल संचेतना दिने उद्देश्यले सृजना गरेकी हुन् । त्यस्तै शारदाले आफ्नो सासूआमाको मृत्युपश्चात् दु:खद जीवनीलाई समेटेर

स्मृतिकाव्यको विषय चयन गरेकी हुन् । हाम्रो समाजमा नारीद्वारा नारी नै शोषित पीडित हुनुपरेको कारुणिक स्थितिको उजागार यस खण्डकाव्यमा गरिएको छ ।

संरचना भन्नाले कुनै पनि वस्तुको आकार, प्रकार वा आयाम भन्ने बुझिन्छ । **'वसुन्धरा स्मृतिकाव्य'** खण्डकाव्य आयामका दृष्टिले लघु देखिन्छ । यो कृतिको कवितात्मक भाग सत्ताइस पृष्ठमा समेटिएको छ भने कूल पृष्ठसंख्या उनन्पचास रहेको छ । यसमध्ये बाह्र पृष्ठमा प्रकाशनका तर्फबाट लेख, विभिन्न साहित्यकारहरूका तर्फबाट भूमिका एवम् शारदाका तर्फबाट आफ्नो दृष्टिकोण लेखिएको छ भने आठ पृष्ठमा ब्रह्म-वसुन्धराको र उनका छोराबुहारी र छोरीज्वाइँका तस्विरहरू राखिएका छन् । यस खण्डकाव्यको मुख आवरणमा बह्म-वसुन्धराको चित्र र पछिल्लो आवरणमा साहित्यकार शारदाको तस्विर रहेको प्रस्तुत खण्डकाव्यको लम्बाइ बीस दशमलव पाँच, चौडाइ तेह्र दशमलव चार र उचाइ शून्य दशमलव तीन से.मी. रहेको छ । जम्माजम्मी ६ शीर्षक रहेको यस खण्डकाव्यमा चार पङ्क्तिमा आबद्ध एकसय दुई श्लोक रहेका छन् । ती श्लोकहरू प्रत्येक आ-आफूमा फरक फरक भैकन पनि एकआपसमा सम्बद्ध छन् ।

### ४.६.४ निष्कर्ष

जम्माजम्मी ६ खण्डमा संरचित प्रस्तुत खण्डकाव्य सत्ताईस पृष्ठको रहेको छ । यस खण्डकाव्यमा मूलत: सासूको चिरवियोगद्वारा सृजित शोकका भावनाहरूलाई बुहारीका माध्यमबाट शोककाव्य तयार पारिएको छ । वसुन्धराजस्तै सासू र शारदाजस्तै बुहारी भएमा प्रत्येक घर सुख शान्ति र सद्भावको मन्दिर बन्न सक्छ भन्ने लेखकीय प्रण रहेको छ । समग्रमा शार्दूलविक्रीडित छन्द, झ्याउरे छन्द र करुणरसको तीव्र प्रवाह रहेको प्रस्तुत खण्डकाव्यमा अनमेल विवाह, नारीहरूको नियति र मातृवियोगका पीडाजन्य अनुभूतिको मर्मस्पर्शी अभिव्यक्ति रहनु शारदा ढुङ्गानाको खण्डकाव्यगत विशेषता हुन् ।

# परिच्छेद : पाँच
# उपसंहार

## ५.१ परिचय

यस परिच्छेदमा **साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**को सन्दर्भमा अघिल्ला परिच्छेदहरूमा गरिएका अध्ययन-विश्लेषणको परिच्छेदगत सारांश र समग्र निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कन समेत गरिएको छ ।

## ५.२ परिच्छेद : एकको निष्कर्ष

यस परिच्छेदमा **साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षक शोधपत्रको विषयपरिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा शोधशीर्षक, शोधप्रयोजन, शोधपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि, सामग्री सङ्कलनको पद्धति, पुस्तकालयीय अध्ययन पद्धति, क्षेत्रीय पद्धति, शोधविधि र सैद्धान्तिक ढाँचा, शोधपत्रको रूपरेखा उल्लेख गरिएको छ ।

## ५.३ परिच्छेद : दुईको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार शारदा ढुङ्गानाको जीवनीको अध्ययनअन्तर्गत पृष्ठभूमि, वंशपरम्परा, जन्म र नामकरण, बाल्यकाल र शिक्षादीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, सेवा, साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश, साहित्यिक क्षेत्रमा भएका कार्यहरू, सामाजिक क्षेत्रमा भएका कार्य, रूचि, स्मरणीय घटना, सुखद घटना, दुःखद घटना, भ्रमण, सम्मान तथा पुरस्कार, प्रेरणाको स्रोत, चिन्तन-विचार, दर्शन र निष्कर्ष उल्लेख गरिएको छ ।

## ५.४ परिच्छेद : तीनको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार शारदा ढुङ्गानाको व्यक्तित्व परिचयअन्तर्गत उनको बाह्यव्यक्तित्वका साथै आन्तरिक व्यक्तित्व, साहित्यिक र साहित्येतर गरी दुई किसिमबाट उल्लेख गरिएको छ ।

## ५.५ परिच्छेद : चारको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार शारदा ढुङ्गानाको कृतित्वको अध्ययनअन्तर्गत उनका खण्डकाव्य र उपन्यासहरूको अध्ययन र विश्लेषण अनुसन्धान पद्धतिअनुसार गरिएको छ ।

## ५.६ समग्र निष्कर्ष एवम् उपसंहार

लमजुङको सुन्दर प्राकृतिक मनोरमस्थल स्याङ्जामा मातापिता रुक्मिणी र मुरलीधर सुवेदीका प्रथम सन्तानका रूपमा वि.सं. २०२२ सालमा जन्मिएकी शारदाले चौवालीस वर्षे जीवनयात्रा पूरा गरिसकेकी छन् । तीन वर्षको उमेरदेखि आफ्नै मातापिताबाट अक्षरारम्भ गरेकी शारदाले हालसम्ममा स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेकी छन् । प्राथमिक तहको शिक्षा कुडुले प्रा.वि. स्याङ्जा र माध्यमिक तहको शिक्षा भैरहवा पब्लिक विद्यालय भैरहवामा एवम् व्यक्तिगत परीक्षार्थीका रूपमा स्नातक अध्ययन गरेकी शारदाको स्नातकोत्तर तहको अध्ययन भने त्रिचन्द्र क्याम्पस काठमाडौंबाट पूरा भएको देखिन्छ । वि.सं. २०४० सालमा विष्णुप्रसाद ढुङ्गानासँग विवाहबन्धनमा बाँधिएकी शारदाका दुई छोरा रहेका छन् । छब्बीस वर्षे लामो दाम्पत्य जीवन सुखदु:खमा हातेमालो गर्दै सहजता र सुमधुरताकासाथ बितेको पाइन्छ । सानैदेखि अन्तर्मुखी स्वभाव भएकी शारदाको साहित्यप्रति अभिरुचि स्कुले जीवनदेखि नै रहेको पाइन्छ । औपचारिक अध्ययनको क्रममा सामान्य फुटकर कविता, गीत लेख्ने जमर्को गरे पनि औपचारिक अध्ययनको समाप्तिपछि नै उपन्यास तथा खण्डकाव्य लेखनकार्य गरेको देखिन्छ ।

यिनको व्यक्तित्वको अध्ययनगर्दा यिनमा समाजसेवी, शिक्षक, प्रशासनिक, उपन्यासकार, कवि आदि आयामहरू भेटिएका छन् । यसो भए तापनि सृजनशील साहित्यिक, व्यक्तित्व नै शारदाको सर्वाधिक चर्चित र महत्त्वपूर्ण व्यक्तित्व रहेको छ । साहित्यिक व्यक्तित्वतर्फ उनी कवि, उपन्यासकार व्यक्तित्वको रूपमा परिचित छन् तापनि सबभन्दा सफल र उर्वर व्यक्तित्व भने उनको उपन्यासकार व्यक्तित्व नै हो ।

लेखनका दृष्टिले पहिलो कविता **'पिँजडामा हामी'** भए पनि प्रकाशनका दृष्टिले **'अन्तिम द्वन्द्व'** उपन्यास (२०६२) प्रकाशित गरी उनी औपचारिक रूपमा नेपाली साहित्यको फाँटमा देखापरेकी हुन् । शारदा नेपाली साहित्यमा एक चिन्तनशील, अध्ययनशील, सामाजिक यथार्थवादी र नारीवादी लेखनका रूपमा देखिएकी छन् । यिनका पुस्तकाकार कृति वि.सं. २०६२ देखि प्रकाशित हुन थालेको पाइन्छ । सर्वप्रथम **'अन्तिम द्वन्द्व'** उपन्यास (२०६२) लिएर औपचारिक रूपमा देखापरेकी शारदाका यसबाहेक **'अचानो परेको जीवन'** उपन्यास (२०६३), **'प्रश्न-चिह्न'** उपन्यास (२०६५) र **'वसुन्धरा स्मृतिकाव्य'** खण्डकाव्य (२०६६) प्रकाशित भैसकेका छन् ।

आधुनिक नेपाली उपन्यासको उत्तरार्द्धमा साठीको दशकमा आफ्ना तीन-तीन ओटा लघु उपन्यास लिएर देखापरेकी शारदा मूलत: सामाजिक यथार्थवादी धारामा रहेर विसङ्गतिवादी अस्तित्ववादी, नारीवादी सोंच, पुरुषअहम् प्रवृत्तिको उजागार गर्ने उपन्यासकार हुन् । यिनका तीनओटै उपन्यासहरू विशेषत: एउटै पक्षमा बढी केन्द्रीकृत रहेको देखिन्छ । त्यो हो ग्रामीण समाजमा हुने गरेका बालविवाह, बहुविवाह, अनमेलविवाह, दाइजोप्रथा र यसले समाजमा निम्त्याएको परिणामको भयावहता । शारदाका सम्पूर्ण उपन्यासमा ग्रामीण समाजको चित्र छर्लङ्ग उतारिएको छ भने उपन्यासमा पात्रको स्तरअनुरूपको भाषाको प्रयोग भएको पाइन्छ । संवाद पक्ष सबल रहनुका साथै तत्सम्, तद्भव, आगन्तुक, झर्रा सबै स्रोतका शब्दहरूको भरपुर प्रयोग भएका छन् ।

शारदाका उपन्यासहरूले एकातिर नारीहरूको सामाजिक, आर्थिक एवम् सांस्कृतिक स्वतन्त्रता तथा समानताका लागि वर्तमान युगलाई चुनौति प्रदान गरेका छन् भने अर्कातर्फ शारदाले समाजमा चिरकालदेखि प्रवल रहेको लिङ्गकेन्द्री पुरुष विचारधाराका साथ पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिह्न खडा गरेकी छिन् । शारदाका उपन्यासमा नारीकेन्द्री हक, हित र समानताको पक्षधरतालाई औंल्याइएको छ । उनको कृतिमार्फत पितृसत्तात्मक समाजबाट भोग्दै गरेको आर्थिक, शैक्षिक तथा सांस्कृतिक प्रतिकूलतालाई छर्लङ्ग पारिएको छ ।

नेपाली नारीवादी उपन्यासको विकास यात्रामा शारदा ढुङ्गानाका उपन्यासहरूको मूल्याङ्कन गर्नु अपरिहार्य हुन आउँछ । यसै सिलसिलामा नेपाली उपन्यास परम्परामा नारीलाई आत्मनिर्णय गर्न पाउने अवस्थाको चित्रणको सुरुवात रुपनारायण सिंहको **भ्रमर** (१९९३) उपन्यासबाट गरिएको पाइन्छ । यसपश्चात् हृदयचन्द्र सिंहको **स्वास्नीमान्छे** (२०११) ले नारीवादी प्रवृत्तिको राम्रो उदाहरण प्रस्तुत गरेको छ । यही **स्वास्नीमान्छे** नै नेपालीको पहिलो नारीवादी उपन्यास ठहरिएको छ । त्यसपछि हृदयचन्द्र सिंहकै **एकचिहान** (२०१७), विजय मल्लको **अनुराधा** (२०१८), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (२०२५), मदमणि दीक्षितको **माधवी** (२०३९) आदि नारीवादी परिप्रेक्ष्यमा चर्चा गरिएका उपन्यासहरू हुन् । यद्यपि पुरुषद्वारा लेखिएका भए पनि यी उपन्यासहरूमा नारीको पक्षमा वर्णन गरिएको छ ।

नेपाली उपन्यास लेखनको परम्परामा नारी उपन्यासकारहरू निकै कम रहेका छन् । पारिजात, वानीरा गिरी, सीता पाण्डे, पद्ममावती सिंह आदि नेपाली औपन्यासिक क्षेत्रका सशक्त हस्ताक्षर मध्ये शारदा ढुङ्गाना पनि एक हुन् । यिनै नारीवादी उपन्यासकारहरूका तुलनामा रहेर मूल्याङ्कन गर्दा शारदा ढुङ्गानाका औपन्यासिक नारी पात्र केही कमजोर सावित हुन्छन् । **भ्रमर** उपन्यासका वीणा र मायालाई आफै प्रेमी र पति रोज्ने स्वतन्त्रता दिइएको छ भने **स्वास्नीमान्छे** उपन्यासका नारी पात्र परिवर्तनका बाहक बनेका छन् । **अनुराधा** उपन्यासकी अनुराधाले आफ्नो इच्छाअनुसार विवाह गर्न इच्छा राखेकी छ, जबर्जस्ती विवाह गरिदिएपछि पतिसँग बदला लिने साहस

नै गरेकी छ । **तीन घुम्ती**की इन्द्रमायाले नारी अस्तित्व र नारी स्वतन्त्रताको वकालत गरेकी छ भने **माधवी** उपन्यासमा नारीलाई पुरुषको खेलौना बनाउने प्रवृत्तिको विरोधका रूपमा माधवी वरमाला च्यातेर जङ्गल पसेकी छ । त्यस्तै **अन्तिम द्वन्द्व** उपन्यासकी प्रमुख नारी पात्र रमा आफूलाई उपेक्षा गरेको लोग्नेलाई क्रमशः आफ्नो पक्षमा ल्याएर मातृत्ववरण गरेर छाड्ने दृढ पात्रका रूपमा प्रस्तुत गरिएको छ भने **अचानो परेको जीवन**की पवित्राले अंशको सम्बन्धमा देवरले गर्न लगाएको अनैतिक कार्यको पञ्चभलाद्मी सामु विरोध गरेकी छ । त्यस्तै **प्रश्न-चिह्न** उपन्यासकी सरिता दाइजोका कारण लोग्ने र सासूबाट अपहेलित हुँदा प्रतिकार स्वरूप आफै खाना झिकेर खाने, घरमा ताल्चा ठोक्ने एवम् कानूनको समेत सहायता लिन पुगेकी छ ।

यसरी नारीवादी उपन्यास परम्परालाई हेर्दा साहित्यकार शारदा ढुङ्गानाका नारी पात्रहरूले यद्यपि नारी स्वतन्त्रता, नारी अस्मिता, नारी अस्तित्व, मातृत्वशक्ति एवम् नारी हक, हितका सन्दर्भमा सशक्त भूमिका खेलेका छन् । तैपनि अघिल्ला नारीवादी साहित्यकारहरूका तुलनामा शारदा ढुङ्गानाका उपन्यासहरूले ओजस्वीता प्राप्त गर्न नसके पनि तिनीहरूले निर्माण गरेको औपन्यासिक गोरेटोमा रही थप सहयोग प्रदान गरेको पाइन्छ । अरु नारीवादी उपन्यासकारहरूजस्तै यिनी पनि नारीको मुक्ति केवल पुरुषसँग बदला लिएर मात्र पूरा हुँदैन बरु त्यसका लागि नारीलाई भोग्या, कमजोर बनाउने सामन्तीसंस्कृति र सामाजिक रचनालाई परिवर्तन गर्दै नारी स्वतन्त्रता प्रदान गर्नुपर्छ । भन्ने रहेको छ । यिनै मतका आधारमा शारदाको साहित्यिक स्थानलाई निरुपण गर्न सकिन्छ ।

शारदाले नारीलाई समाजमा निम्न अधिनस्थ र दोस्रो दर्जाका नागरिक तुल्याई नारीमाथि दमन गर्ने पित्तृसत्तात्मक समाजको यथार्थ स्थितिलाई साहित्यमार्फत प्रस्तुत गरेकी छिन् । प्रचलित सामाजिक शक्ति संरचनाका कारण पुरुषले नारीको दोहन गरी उसमाथि आधिपत्य जमाएको प्रचलनलाई शारदाले विरोध गरेकी छन् । नारी उत्थानका लागि सांस्कृतिक क्षेत्रमा मात्रै होइन, आर्थिक उत्पादनका क्षेत्रमा पनि परिवर्तन आवश्यक देखेकी छिन् ।

समाजमा नारीको हीन, दयनीय, निम्न, गौण स्थिति केलाउँदै त्यसको निराकरणबारे चिन्तनमनन गरेकी छन् । यसरी शारदाका उपन्यासले समाजमा युगौंदेखि दबिएका शोषित प्रताडित नारीलाई पुरुष समान स्थान दिनुपर्ने मान्यता व्यक्त गरेकी छिन् ।

**'वसुन्धरा स्मृतिकाव्य'** खण्डकाव्य (२०६६) लिएर नेपाली खण्डकाव्य जगत्मा कविका रूपमा देखापरेकी शारदाले यस कृतिमा ममतामयी आफ्नी सासूआमाको मृत्युमा आफूमाथि पर्न गएको मानसिक चोटलाई लिपिबद्ध गर्दा जन्मिन पुगेको कृतिको रूपमा स्वीकारेकी छिन् । धार्मिक, पौराणिक, नैतिक र औपदेशिक धरातलको पालना गर्नु पर्ने एवम् घरको वातावरण सौहार्दमय बनाउन आमा र सासूआमा एवम् छोरी र बुहारी बीच समान व्यवहार गर्नु पर्नेजस्ता प्रवृत्तिगत

विशेषता पाइन्छन् । प्रस्तुत खण्डकाव्यमा उपमा, रूपक, तुल्ययोगिताजस्ता अलङ्कारको प्रयोग एवम् सरल, सहज, स्वभाविक भाषाशैलीको प्रयोगले खण्डकाव्य कलात्मक सुन्दर र मार्मिक बन्न पुगेको छ ।

समग्रमा भन्नुपर्दा बहुमुखी प्रतिभाकी धनी शारदा समकालीन साहित्यकारहरूमध्ये एक हुन् । तर बत्तीमुनिको अँध्यारो भनेझैँ प्रचारप्रसारको अभावका कारण राष्ट्रिय स्तरका प्रखर साहित्यकारहरूको हाराहारीमा उपस्थिति देखाउन नसके पनि साहित्यिक परिवेशमा उनी निरन्तर लागिपरेकी छिन् । विभिन्न समालोचक, साहित्यिक चिन्तक तथा साहित्यानुरागीहरूद्वारा उनको साहित्यिक व्यक्तित्व र कृतित्वको बारेमा व्यक्त गरेका विचारहरूबाट पनि उनी सशक्त साहित्यकार हुन् भन्न सजिलै सकिन्छ ।

थोपा थोपाबाट गाग्रो भरिन्छ भनेझैँ शारदाका रचनाहरूले नेपाली साहित्य भण्डारलाई हराभरा बनाउन थप सहयोग प्रदान गरेका छन् । कहिले काठमाडौं त कहिले चितवनबाट नेपाली साहित्यको विकासमा उल्लेख्य योगदान प्रदान गर्ने शारदा ढुङ्गाना नेपाली साहित्यकी स्थापित व्यक्तित्व हुन् ।

# सन्दर्भसामग्रीसूची

## पुस्तकसूची


अधिकारी, अच्युतरमण, *शारदाको प्रश्नचिन्हमाथि,* **प्रश्न-चिह्न** (उपन्यास) शारदा ढुङ्गाना, (काठमाडौं : नारी साहित्य प्रतिष्ठान,२०६५) ।

अधिकारी, हेमाङ्गराज तथा अन्य (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश,** (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. २०६१) ।

आचार्य, कृष्णप्रसाद, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,** (सैद्धान्तिक तथा ऐतिहासिक विश्लेषण), (काठमाडौं : क्षितिज प्रकाशन, २०६४) ।

उपाध्याय, केशवप्रसाद, **साहित्य-प्रकाश,** छैंटौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०५९) ।

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश,** पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०५९) ।

कार्की, गीता, *जवाफविहीन प्रश्नचिन्ह,* **प्रश्न-चिह्न,** (उपन्यास), शारदा ढुङ्गाना, (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६५) ।

केशरी, गीता, *अचानो परेको जीवनलाई नियाल्दा,* **अचानो परेको जीवन,** (उपन्यास), शारदा ढुङ्गाना, (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६२) ।

______________, *अन्तिम द्वन्द्वको प्राप्तिहीन अन्त्य,* **अन्तिम द्वन्द्व,** (उपन्यास), शारदा ढुङ्गाना, (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६२ ।

______________, *प्रश्नचिन्ह किन ?,* **प्रश्न-चिह्न,** (उपन्यास), शारदा ढुङ्गाना, (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६३)

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** (ललितपुर : साझा प्रकाशन, २०६०) ।

ढुङ्गाना, रामचन्द्र (सम्पा.), **सङ्क्षिप्त नेपाली कोश,** पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०५७) ।

ढुङ्गाना, शारदा, **अचानो परेको जीवन,** (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६३) ।

______________, **अन्तिम द्वन्द्व,** (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६२) ।

______________, **प्रश्न-चिह्न,** (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६५) ।

______________, **वसुन्धरा स्मृतिकाव्य,** (चितवन : ब्रहम-वसुन्धरा स्मृति प्रतिष्ठान, २०६६) ।

त्रिपाठी, वासुदेव र अन्य, (सम्पा.), **नेपाली कविता भाग-२,** (ललितपुर : साझा प्रकाशन, २०४८) ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय,** दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४२) ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार,** तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५६) ।

पोखरेल, बालकृष्ण (नि.), **नेपाली बृहत शब्दकोश,** (काठमाडौ : ने.रा.प्र.प्र., २०४०, पुनर्मुद्रण : २०५५) ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र,** (काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५७) ।

बराल, कृष्णहरि र नेत्र एटम (सम्पा.), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** (ललितपुर : साझा प्रकाशन, २०५६) ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र,** (ललितपुर : साझा प्रकाशन, २०५६) ।

भट्टराई, प्रभा, *अन्तिम द्वन्द्वका बारेमा केही कुरा,* **अन्तिम द्वन्द्व,** (उपन्यास), शारदा ढुङ्गाना, ( काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६२) ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू,** दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५०) ।

विनोदी, गोविन्दराज, *आदर्शसासूप्रति आदर्श बुहारीको श्रद्धा र सम्मान,* **वसुन्धरा स्मृतिकाव्य,** (खण्डकाव्य), शारदा ढुङ्गाना, (चितवन : ब्रहम-वसुन्धरा स्मृति प्रतिष्ठान, २०६६) ।

शर्मा, बालचन्द्र, **नेपाली शब्दकोश,** (काठमाडौं : रोयल नेपाल एकेडेमी, २०१४) ।

शर्मा, बालचन्द्र (सम्पा.), **नेपाली शब्द-कोश,** दोस्रो संस्क., (काठमाडौं : सृष्टि प्रकाशन, २०५७) ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** (काठमाडौ : ने.रा.प्र.प्र., २०५५) ।

शर्मा, रामहरि, *वसुन्धरा स्मृतिकाव्यलाई शब्दपुष्प,* **वसुन्धरा स्मृतिकाव्य,** (खण्डकाव्य), शारदा ढुङ्गाना, (चितवन : ब्रहम-वसुन्धरा स्मृति प्रतिष्ठान, २०६६) ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** (वाराणसी : भुमिका प्रकाशन, २०५३) ।

सिग्देल, सोमनाथ शर्मा, **साहित्य-प्रदीप,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५८) ।

# शोधग्रन्थसूची


आचार्य, दिनामणि, **अनिदो पहाडसँगै उपन्यासको कृतिपरक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०५८) ।

न्यौपाने, टंकप्रसाद, **साहित्यको रुपरेखा,** उद्धृत, प्रेमराज लामिछाने, **स्वप्नभङ्ग उपन्यासको कृतिपरक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०५९) ।

भट्टराई (सुवेदी), गङ्गाकुमारी, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.,नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०५९) ।

सापकोटा, कमलप्रसाद, **माइतघर उपन्यासको कृतिपरक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.,नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०५९) ।

# परिशिष्ट

## परिशिष्ट : एक

### क. विशिष्ट व्यक्तिहरूसँगको अन्तर्वार्ताप्रश्नावली

शोधकार्यको क्रममा शोधार्थीबाट शोधनायिकाका परिवारजन, सहकर्मी मित्रहरू, समवर्ती साहित्यकारहरूसँग साहित्यिकार **शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको लागि लिइएको लिखित अन्तर्वार्ताको प्रश्नावली नमुना यसप्रकार रहेको छ–

१. साहित्यकार शारदा ढुङ्गानाका बारेमा तपाईं के भन्नुहुन्छ ?

२. शारदा ढुङ्गानाको साहित्यिक व्यक्तित्वका बारेमा केही बताइदिनुहोस् न ।

३. शारदा ढुङ्गानाको साहित्येतर व्यक्तित्वका बारेमा केही बताइदिनुहोस् न ।

४. साहित्यकार शारदा ढुङ्गानाको मूल्याङ्कन कसरी गर्नुभएको छ ?

५. साहित्यकार शारदा ढुङ्गानाको साहित्यिक एवम् सामाजिक मूल्याङ्कन कसरी गर्नुभएको छ ?

६. साहित्यकार शारदा ढुङ्गानाको भावी साहित्यिक यात्रालाई कसरी पूर्व अनुमान गर्नुहुन्छ ?

७. व्यक्तिगत रूपमा साहित्यकार शारदा ढुङ्गानासँगको सम्बन्धबारे बताइदिनुहोस् न ?

## **ख. विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोतविवरण**

शोधकार्यको सिलसिलामा शोधार्थीबाट **साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको लागि विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोत विवरण यसप्रकार रहेको छ –

१. अच्युतरमण अधिकारी (सहकर्मी साहित्यकार)

२. गीता कार्की (सहकर्मी साहित्यकार)

३. गीता केशरी (सहकर्मी साहित्यकार)

४. गोविन्दराज विनोदी (साहित्यकार)

५. तीर्था कोइराला (शोधनायिकाको नन्द)

६. दुर्गा सुवेदी (शोधनायिकाको सानीआमा)

७. प्रभा भट्टराई (सहकर्मी साहित्यकार)

८. बाबुराम ढुङ्गाना (शोधनायिकाको जेठाजु)

९. मुरलीधर सुवेदी ((शोधनायिकाको बुबा)

१०. रामहरि अधिकारी (सहकर्मी साहित्यकार)

११. रुक्मिणी सुवेदी (शोधनायिकाको आमा)

१२. लीला अधिकारी (शोधनायिकाको नन्द)

१३. विष्णुप्रसाद ढुङ्गाना (शोधनायिकाको श्रीमान्)

१४. शोभा भट्टराई (शोधनायिकाको नन्द)

१५. सीता ढुङ्गाना (शोधनायिकाको जेठानी दिदी)

# परिशिष्ट : दुई

# शोधनायिकाको फोटो